वर्ष २० | अंक १८१ | काठमाडौं | बुधवार, २७ चैत २०८१ | Wednesday, 9 April 2025 | पृष्ठ ८ | मूल्य रू. १०

ISSN No. 2822-1702

@abhiyannationaldaily
@aarthik_abhiyan

ग्राहक प्रति

NEW BUSINESS AGE LTD.

# आर्थिक अभियान

हरेक दृष्टि, आर्थिक कोण

राष्ट्रिय दैनिक

www.abhiyandaily.com

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो भएमा कल गर्नु पर्दैन,

९८४७३४५६६०
९८५१०१९०३८
९८४१९५९२९८

भाइबरमा SMS मात्र गर्नुहोस् हामी यताबाट कल गर्छौं ।

लुम्बिनी प्रदेशमा चार सयभन्दा बढी सिँचाइ पूर्वाधार निर्माण २

बजाजको नयाँ वर्ष अफर 'खुशीको मिटर' ३

खैरोसूचीबाट हटाउने ओठे प्रतिबद्धता ४

चीनलाई थप ५० प्रतिशत भन्सार लगाउने ट्रम्पको चेतावनी ८



# ग्रे–लिस्टबाट छिटो बाहिरिन बल्ल तात्यो सरकार



*तस्वीर : अर्थमन्त्रीको सचिवालय*

**अर्थमन्त्री तथा उपप्रधानमन्त्री विष्णुप्रसाद पौडेलले डाकेको सम्पत्ति शुद्धीकरण निवारण निर्देशक समितिको बैठकमा सहभागी कानून, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसिया, मुख्यसचिव एकनारायण अर्याल, नेपाल राष्ट्र बैंकका कायममुकायम गभर्नर नीलम ढुंगाना तिम्सिनासहितका उच्च अधिकारी ।**

**विजय दमासे**

काठमाडौं

फाइनान्सियल एक्शन टाक्स फोर्स (एफएटीएफ) ले नेपाललाई खैरोसूची (ग्रे-लिस्ट) मा राखेपछि यसबाट बाहिर निस्कन सरकारले कार्ययोजनाको तयारी गरेको छ ।

एफएटीएफ सम्पत्ति शुद्धीकरण र आतंकवादमा वित्तीय लगानीविरुद्ध अन्तरराष्ट्रिय मापदण्ड बनाउने अन्तरराष्ट्रिय अन्तरसरकारी संस्था हो । नेपालले कानून कार्यान्वयनलगायत मामलामा कमजोरी देखाएको भन्दै उसले गत फेब्रुअरीमा १ दशकपछि फेरि नेपाललाई ग्रे-लिस्टमा राखेको छ ।

मुलुक ग्रे-लिस्टमा पर्दा सीमापार कारोबारमा कठिनाइ आउन सक्ने, यसले गर्दा विप्रेषण घट्न सक्ने र विदेशी लगानीकर्ता जोखिम देखेर नेपालमा लगानी नगर्न सक्ने विश्व बैंकले जानकारी दिएको छ ।

वित्तीय संस्थाहरूले बढी नियामकीय जाँचको सामना गर्नुपर्दा लागत बढ्ने, यसले नेपालको अन्तरराष्ट्रिय प्रतिष्ठानमा असर पार्दा पर्यटन र व्यापारमा नोक्सान पुऱ्याउन सक्ने हालै प्रकाशित विश्व बैंकको नेपाल डेभलपमेन्ट अपडेट प्रतिवेदनमा औंल्याइएको छ । ग्रे-लिस्टमा पर्दा नेपालको अन्तरराष्ट्रिय पूँजी बजार पहुँचको प्रयासमा बाधक बन्न सक्ने खतरा रहे पनि यो संकटलाई अवसरमा बदल्न नेपालले सक्ने विश्व बैंकको प्रतिवेदनले भनेको छ ।

ग्रे-लिस्टमा रहँदा देशको अर्थतन्त्रमा असर गर्न सक्ने देखिएपछि सरकारले यसबाट निस्कन कार्ययोजना बनाउन लागेको हो । एफएटीएफले औंल्याएका कमजोरी सुधार्न २ वर्ष पाए पनि सरकारी अधिकारीहरूले त्यसअघि नै सुधार गरी ग्रे-लिस्टबाट बाहिर निस्कने गरी काम अघि बढ्ने दाबी गरेका छन् ।

मंगलवार मात्रै नेपाललाई ग्रे-लिस्टबाट बाहिर निकाल्ने गृहकार्य स्वरूप सम्पत्ति शुद्धीकरण निवारण निर्देशक समितिको बैठकमा नेपाललाई ग्रे-लिस्टबाट बाहिर ल्याउन कार्ययोजनालाई अन्तिम रूप दिने र त्यसलाई कार्यान्वयन गर्ने निर्णय भएको छ ।

जिम्मेवार निकायहरू, क्रियाकलाप र क्रियाकलाप सम्पन्न गर्ने समयसीमासहित कार्ययोजना कार्यान्वयन गर्ने निर्णय भएको अर्थ मन्त्रालयले जानकारी दिएको छ ।

बैठकमा अर्थमन्त्री पौडेलले नेपाललाई ग्रे-लिस्टबाट बाहिर निकाल्न कार्ययोजनाअनुसार कार्य गर्दै गर्दा आगामी दिनमा नेपाल ग्रे-लिस्टमा नपर्ने गरी दीर्घकालीन हिसाबले काम गर्न आवश्यक रहेको बताए ।

'कार्ययोजनाअनुसार कार्य गर्दै गर्दा आगामी दिनमा नेपाल ग्रे-लिस्टमा नपर्ने गरी दीर्घकालीन हिसाबले काम गर्न लागौं,' उनले भने ।

उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले डाकेको बैठकमा कानून, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसिया, मुख्यसचिव एकनारायण अर्याल, नेपाल राष्ट्र बैंकका कायममुकायम गभर्नर नीलम ढुंगाना तिम्सिनासहितका उच्च अधिकारीहरू सहभागी भए ।

त्यस्तै, कानून, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसियाले नेपाललाई ग्रे-लिस्टबाट बाहिर निकाल्न कानूनको कमी नभएको बताए । 'इच्छाशक्ति लगाएर काम गर्ने हो भने नेपाललाई ग्रे-लिस्टबाट बाहिर निकाल्न सकिनेछ,' उनको भनाइ छ । मुख्यसचिव एकनारायण अर्यालले सबै निकायबीच समन्वय गरी प्राथमिकताका साथ काम गर्न जरुरी रहेको बताए । 'प्रविधिलाई जोड दिएर कार्ययोजनाअनुसार काम गर्दा नेपाल ग्रे-लिस्टबाट बाहिर आउन सक्छ,' उनले भने ।

नेपाल राष्ट्र बैंकका कायममुकायम गभर्नर नीलम ढुंगाना तिम्सिनाले अन्तिम समयमा काम गर्नेभन्दा कार्य योजनाअनुसार शुरूदेखि नै काम गर्न आवश्यक भएको बताइन् । 'अन्तिम समयमा काम गर्ने प्रवृत्ति हावी भयो । अब कार्य योजनाअनुसार शुरूदेखि नै काम गर्न आवश्यक छ,' उनले भनिन् ।

महान्यायाधिवक्ता रमेश बडालले सबै निकायमा संस्थागत सुशासन नदेखिएकोप्रति चिन्ता व्यक्त गरे । संस्थागत सुशासनविना मुलुकलाई ग्रे-लिस्टबाट बाहिर निकाल्न नसकिने उनको भनाइ थियो ।

बैठकमा सहभागीले जोखिम मूल्यांकन, अन्तरनिकाय समन्वय, नियमन तथा सुरपरिवेक्षण, अनुसन्धान तथा अभियोजन, कसुरजन्य सम्पत्तिलगायत क्षेत्रमा काम गर्न जरुरी रहेको बताउँदै कानूनभन्दा कार्यान्वयनमा जोड दिन आवश्यक भएको बताएका थिए ।

ग्रे-लिस्टमा राख्दै एफएटीएफले आतकंवाद तथा गैरकानूनी तबरले आर्जित धनलाई वैध बनाउने कार्य रोक्न नेपालले गरेका प्रयास सफल नभएको भन्दै सुधार्न भनेको छ ।

नेपालले पाएको डबल बी माइनस रेटिङले अन्तरराष्ट्रिय पूँजी बजारबाट ऋण उठाउन सरकारलाई सहज वातावरण बन्ने स्थिति बनेको तर एफएटीएफको ग्रे-लिस्टमा परेपछि नेपालको अन्तरराष्ट्रिय पूँजी बजारमा पहुँच पुऱ्याउने प्रयासमा आघात पुगेको विश्व बैंकले गत हप्ता सार्वजनिक गरेको नेपाल डेभलपमेन्ट अपडेट नामक प्रतिवेदनमा उल्लेख छ ।

अहिले ग्रे-लिस्टमा नेपालसहित २६ ओटा मुलुक छन् । गत फागुनको बैठकले फिलिपिन्सलाई ग्रे-लिस्टबाट बाहिर निकाल्दै नेपाल र लाओसलाई सो सूचीमा थपेको छ । कम्तीमा २ वर्ष नेपाल यो सूचीमा रहनेछ, जसबाट सृजित समस्या नेपालले सामना गर्नुपर्नेछ ।

ग्रे-लिस्टका कारण सरकारले ठूलो क्षति भोग्नुपर्ने भएपछि यसबाट बाहिर निस्कन सरकार तातेको सञ्चारमन्त्री पृथ्वीसुब्बा गुरुङको अभिव्यक्तिबाट पनि बुझिन्छ । मन्त्री गुरुङले नेपाललाई ग्रे-लिस्टबाट माथि उठाउने कुरा गभर्नरको हातमा मात्रै नरहेको र सरकारले ग्रे-लिस्टबाट माथि उठ्नका लागि काम गरिरहेको जिकीर गरे ।

'नेपाललाई ग्रे-लिस्टबाट माथि उठाउने कुरा गभर्नरको हातमा मात्रै छैन । सरकारको सुशासनको कुराको पनि त्यत्तिकै महत्त्व होला, राष्ट्र बैंकको मोनिटरिङ, फाइनान्सियल पोलिसीको पनि महत्त्वपूर्ण भूमिका हुन्छ,' उनले मंगलवार मन्त्रिपरिषद्का निर्णय सुनाउने क्रममा भने । मुलुकलाई ग्रे-लिस्टबाट बाहिर निकाल्ने विषयमा सरकार लागिरहेको उनको भनाइ थियो ।

### आयात प्रतिबन्ध लगाइएका दुग्ध पदार्थ

# बजारमा छ्यापछ्याप्ती पाइएको भन्दै सरकारको ध्यानाकर्षण

**अभियान संवाददाता**

काठमाडौं



- नेपाल डेरी एशोसिएशन, डेरी उद्योग संघ र केन्द्रीय दुग्ध सहकारी संघलगायतले प्रतिबन्धित दुग्धपदार्थ आयातमा रोक लगाउन माग गर्दै प्रहरी प्रशासनदेखि कृषिमन्त्रीसम्मलाई ध्यानाकर्षण गराएका हुन्
- आयात प्रतिबन्ध लगाइएका वस्तुमा चिल्लो हटाइएको दूध (स्किम्ड मिल्क) चिनी वा अन्य गुलियो पदार्थ नमिसिएको (डब्ल्यूएमपी), धूलो दूध, चिनी मिसाएको वा नमिसाएको नौनी (बटर), घिउ, छुर्पी, प्रशोधित भुजुरी वा धूलो नपारेको चिज र भुजुरी पारेको वा धूलो पारेको सबै प्रकारका चिज छन्

सरकारले १ वर्षअघि नै आयातमा प्रतिबन्ध लगाएका दुग्ध पदार्थ बजारमा छ्यापछ्याप्ती पाइन थालेको भन्दै स्वदेशी दुग्ध उत्पादक किसान तथा डेरी उद्योगीहरूले सरकारको ध्यानाकर्षण गराएका छन् ।

नेपाल डेरी एशोसिएशन, डेरी उद्योग संघ र केन्द्रीय दुग्ध सहकारी संघ लगायतले प्रतिबन्धित दुग्धपदार्थ आयातमा रोक लगाउन माग गर्दै प्रहरी प्रशासनदेखि कृषिमन्त्रीसम्मलाई ध्यानाकर्षण गराएका हुन् । एशोसिएशनका अध्यक्ष प्रह्लाद दाहालले १ साताअघि मन्त्रालयलाई यस विषयमा ध्यानाकर्षण गराएको बताए ।

२०८० फागुन ३ गतेदेखि सरकारले विभिन्न नौ किसिमका दुग्धजन्य पदार्थको आयातमा रोक लगाएको छ । सरकारले आयात रोके पनि ती वस्तु बजारमा जताततै पाइने गरेको व्यवसायीको गुनासो छ । खुला सीमाका कारण आयात रोकिएको दुग्ध पदार्थ अवैध बाटोबाट आइरहेको उनीहरूको विश्वास छ ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयले १ वर्षअघि खाद्यप्रविधि तथा गुण नियन्त्रण विभागलाई पत्र लेख्दै त्यस्ता वस्तुको आयातमा रोक लगाउन भनेको थियो । मन्त्रालयले विभागलाई लेखेको पत्रअनुसार चिल्लो हटाइएको दूध (स्किम मिल्क) चिनी वा अन्य गुलियो पदार्थ नमिसिएको (डब्ल्यूएमपी), धूलो दूध, चिनी मिसाएको वा नमिसाएको नौनी (बटर), घिउ, छुर्पी, प्रशोधित भुजुरी वा धूलो नपारेको चिज र भुजुरी पारेको वा धूलो पारेको सबै प्रकारका चिज छन् ।

सरकारले आयात रोकेका दुग्धजन्य पदार्थ बजारमा जताततै विक्री भइरहेको भेटिएको दाहालले बताए । नेपालकै उत्पादनको बजार घटेको अवस्थामा बाह्य मुलुकबाट आयात हुँदा समस्या भएको उनको भनाइ छ ।

नेपालका पाँचतारे होटेल तथा रिसोर्टहरूमा त्यस्ता वस्तुको आवश्यकता भएकाले आयात भइरहेको उनले बताए । तर, ती वस्तु सानो परिमाणमा सरकारले अहिले पनि आयात गर्न दिएको भन्दै उनले अवैध बाटोबाट आयात भइरहेकाले दुग्ध व्यवसायीलाई समस्या परेको बताए । साथै सरकारको राजस्वमा समेत यसले असर गर्ने भन्दै उनले होटेल सञ्चालकलाई समेत महँगो परेको बताए ।

देशभित्र दुग्ध पदार्थको मौज्दात बढेको भन्दै आयातमा प्रतिबन्ध लगाएको सरकारले समस्याको अस्थायी समाधानका लागि दूध तथा दुग्धजन्य पदार्थ आयात गर्न अर्को निर्णय नभएसम्मका लागि स्थगित गर्ने विभागीय मन्त्रीस्तरमा निर्णय भएको पत्र पठाएको थियो ।

आर्थिक वर्ष (आव) २०८०/८१ मा ५० करोड ५ लाख रुपैयाँ बराबरको दुग्ध पदार्थ आयात भएको थियो । सोमध्ये ८१ हजार रुपैयाँको चिल्लो हटाइएको (स्किम्ड मिल्क), ३ करोड ८९ लाख ९८ हजार रुपैयाँको चिनी वा अन्य गुलियो पदार्थ नहालिएको दुग्ध पदार्थ आयात भएको छ । २ करोड ५५ लाख ५ हजार रुपैयाँको ह्वे र परिवर्तित जमाएको/नजमाएको, चिनी हालेको/नहालेको, गुलियो पारेको/ नपारेको दुग्ध पदार्थ, ४ करोड ४ लाख ६० हजार रुपैयाँको नौनी बटर, १० लाख ३९ हजारको घिउ आयात भएको छ । त्यसैगरी १ करोड ७१ लाख १७ हजार रुपैयाँको भुजुरी वा धूलो पारेको र पैठारीमा पूर्ण रोक लगाएका सबै प्रकारका वस्तु, ३८ करोड ७३ लाख ७ हजार बराबरको अन्य दुग्ध पदार्थ आयात भएको थियो । विभागको तथ्यांकअनुसार चालू आवको ८ महीनामा पनि ४ करोड रुपैयाँको यी दुग्ध पदार्थ आयात भएको देखिन्छ ।

यसअघि गत कात्तिकमा भारतले नेपाली व्यवसायीलाई ब्युरो अफ इन्डियन स्टचान्डर्ड्स (बीआईएस) प्रमाणपत्रको वितरणमा रोक लगाएपछि दुग्ध पदार्थको आयात खोल्ने मनस्थितिमा सरकार पुगेको थियो । यद्यपि हालसम्म यसबारे कुनै प्रगति नभएको कृषि मन्त्रालयकी प्रवक्ता मतिना जोशी बैद्यले बताइन् । होटेल व्यवसायीले भने दुग्ध पदार्थको आयातमा प्रतिबन्ध लगाउँदा समस्या भएको बताउँदै आएका छन् ।

# निवर्तमान गभर्नर अधिकारीको सम्पत्ति ६२ लाख ६३ हजारले बढ्यो

काठमाडौं (अस) । नेपाल राष्ट्र बैंकका निवर्तमान गभर्नर महाप्रसाद अधिकारीको अमेरिकी डलर बाहेकको सम्पत्ति ६२ लाख ६३ हजार रुपैयाँभन्दा धेरैले बढेको राष्ट्र बैंकले प्रकाशित गरेको विवरणमा उल्लेख छ । पाँचवर्षे कार्यकाल पूरा गरी बिदा भएका अधिकारीको नगद मौज्दात र म्युचुअल फन्डलगायत सुरक्षणपत्रको वृद्धिका कारण केही सम्पत्ति बढेको पाइएको हो । त्यस्तै अधिकारीले २०७६ चैतमा बुझाएको विवरणअनुसार सुनचाँदीको मूल्य पनि बढेको छ ।


उक्त अवधिमा उनको घर तथा जग्गाको मूल्य यथावत् छ भने बैंक मौज्दात तथा सञ्चय कोष रकम १३ लाख ८८ हजारबाट २८ लाख ४४ हजार रुपैयाँ पुगेको छ । खातामा रहेको रकम १ करोड ८ लाख ५१ हजार छ । नगद, सुन, चाँदीको मूल्य ५ लाख ३ हजारबाट बढेर ९ लाख ८८ हजार रुपैयाँ पुगेको छ । यसैगरी म्युचुअल फन्डलगायत सुरक्षणपत्रमा लगानी वृद्धि भई १ करोड ५७ लाखबाट १ करोड ८९ लाख रुपैयाँ नाघेको छ । उनको खुद प्राप्त हुनुपर्ने रकम ६२ हजार ४०० रहेकोमा अहिले २४ लाख ९ हजार ९२३ रुपैयाँ ऋणात्मक हुन पुगेको छ । अन्य विभिन्न प्रकारका सम्पत्तिमा समेत सामान्य वृद्धि भएको छ । समग्रमा हेर्दा अधिकारीको कुल सम्पत्ति २०७६ चैतमा ३ करोड ४५ लाख ९१ हजार रहेकोमा २०८१ चैत २२ सम्म आइपुग्दा ३ करोड ६९ लाख ३६ हजार रुपैयाँ पुगेको छ । यसबाहेक उनको बैंक खातामा २८ हजार ६०८ अमेरिकी डलर मौज्दात छ ।

### कुन सम्पत्ति कति ? (रुपैयाँमा)


| शीर्षक | २०७६ चैत | २०८१ चैत |
|---|---|---|
| घर | ३,२००,००० | ३,२००,००० |
| जग्गा | १०,८५१,००० | १०,८५१,००० |
| नगद, सुन, चाँदी | ५०३,००० | ९८८,००० |
| बैंक मौज्दात, सञ्चय कोष | १,३८८,३६२ | २,८४४,२१२ |
| म्युचुअल फन्डलगायत सुरक्षणपत्रमा लगानी | १५,७००,०९० | १८,९४९,९७३ |
| खुद प्राप्त हुनुपर्ने रकम | ६२,४०० | –२,४०९,९२३ |
| सवारीसाधन | १,४७७,००० | १,००३,००० |
| अन्य सम्पत्ति | १,४१०,००० | १,५१०,००० |
| कुल सम्पत्ति | ३४,५९१,८५२ | ३६,९३६,२६२ |
| वाणिज्य बैंकमा अमेरिकी डलर मौज्दात | २,३०२ | २८,६०८ |
| सम्पत्तिमा भएको बढोत्तरी (अमेरिकी डलर बाहेक) | | २,३४४,४१० |

*स्रोत : नेपाल राष्ट्र बैंक*


नेप्से परिसूचक




सुन (तोला)




अमेरिकी डलर




# डाबर एक्लैको निर्यात तेस्रो नम्बरमा

**अभियान संवाददाता**

काठमाडौं

### डाबर नेपालको सञ्चालन आम्दानी

| वर्ष | सञ्चालन आम्दानी (रूपैयाँ) |
|---|---|
| २०७८/०७९ | १३ अर्ब १ करोड |
| २०७९/०८० | १३ अर्ब ६१ करोड |
| २०८०/०८१ | १६ अर्ब १६ करोड |

*स्रोत : केयर रेटिङ्स नेपाल लिमिटेड*

- गत आर्थिक वर्ष डाबर नेपालको जम्मा निर्यात १० अर्ब ९८ करोड
- निर्यात वृद्धि २९ प्रतिशत
- कम्पनीले केयर एनपी ए १ प्लस रेटिङ पायो
- आर्थिक वर्ष २०८०/८१ मा कम्पनीको कुल सञ्चालन आम्दानी १६ अर्ब १६ करोड रूपैयाँ
- कुल सञ्चालन आम्दानीमा १८ प्रतिशतको वृद्धि

**कम्पनी फोकस**

डाबर नेपाल एउटै कम्पनीले गत आर्थिक वर्ष (आव) २०८०/८१ मा कुल वस्तु निर्यातमा ७ दशमलव २१ प्रतिशत योगदान गरेको खुलेको छ । कम्पनीको क्रेडिट रेटिङ गर्ने कम्पनी केयर रेटिङका अनुसार उक्त आर्थिक वर्षमा डाबरले १० अर्ब ९८ करोड रुपैयाँ निर्यातबाट कमाएको थियो ।

उक्त वर्ष देशको समग्र निर्यातमा योगदानका हिसाबले डाबर नेपाल एक्लै तेस्रो नम्बरमा परेको देखिएको छ । व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका अनुसार उक्त वर्ष समग्र फलाम तथा फलामजन्य उत्पादनहरूको निर्यात पहिलोमा र धागो (यार्न) को निर्यात दोस्रो स्थानमा रहेको छ । फलाम तथा फलामजन्य उत्पादनको निर्यात अंश ११ दशमलव ४ प्रतिशत र यार्नको ७ दशमलव ९ प्रतिशतपछि डाबर नेपाल एक्लैको निर्यात तेस्रो नम्बरमा आएको हो ।

ऊनी गलैंचा निर्यातको अंश समग्र निर्यातको ६ दशमलव ९ प्रतिशत रहेको केन्द्रको तथ्यांकमा उल्लेख छ । केयर रेटिङले हालै कम्पनीको रेटिङ गरी सार्वजनिक गरेको विवरणमा डाबर नेपाल एक्लै नेपालको तेस्रो ठूलो निर्यातकर्ता भएको देखिएको हो । कम्पनीले अधिकांश निर्यात आम्दानी जुस निकासीबाट आउने गरेको छ । पर्सनल केयर, हेल्थ केयर र फुडका विभिन्न सेग्मेन्टका प्रडक्ट उत्पादन तथा विक्री र निर्यात गर्दै आएको कम्पनीले 'डाबर' र 'रियल' ब्रान्डका विभिन्न एफएमसीजी प्रडक्ट उत्पादन गर्दै आएको छ ।

» बाँकी पृष्ठ ५ मा

# निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड
## Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited

(नेपाल राष्ट्र बैंकबाट “घ” वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय: भगवतीबहाल, नक्साल, काठमाण्डौ,फोन नं. ०१-४५१३७११,४५१३८४०

**नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त “घ” वर्गको लघुवित्त संस्थाहरुलाई जारि गरिएको एकिकृत निर्देशन २०७९ को निर्देशन नं. ४ १ (घ) को व्यवस्था बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशित निर्धन उत्थान वित्तिय संस्था लिमिटेडको मिति २०८१ पौष २६ मा सम्पन्न साधारणसभाबाट पारित वित्तिय विवरण।**

### Statement of Financial Position
As on Ashad 2081

| Assets | Current Year | Previous Year |
|---|---|---|
| Cash and Cash equivalent | 2,076,026,449 | 1,822,432,593 |
| Statutory Balances and Due from Nepal Rastra Bank | 576,720,625 | 433,404,153 |
| Placement with Bank & Financial Institutions | 450,000,000 | - |
| Derivative Financial Instruments | - | - |
| Other Trading Assets | - | - |
| Loans and Advances to MFIs & Cooperatives | - | - |
| Loans and Advances to Customers | 24,126,806,408 | 24,312,643,330 |
| Investment Securities | 194,552,557 | 296,998,306 |
| Current Tax Assets | 24,680,645 | 75,125,183 |
| Investment Property | - | - |
| Property and Equipment | 231,998,067 | 259,752,436 |
| Goodwill and Intangible assets | 891,077 | 822,873 |
| Deferred Tax Assets | 303,651,708 | 416,371,749 |
| Other Assets | 324,081,735 | 308,900,138 |
| **Total Assets** | **28,309,409,271** | **27,926,450,761** |
| **Liabilities** | **Current Year** | **Previous Year** |
| Due to Bank and Financial Institutions | - | - |
| Due to Nepal Rastra Bank | - | - |
| Derivative Financial Instrument | - | - |
| Deposits from Customers | 20,185,243,809 | 19,114,293,315 |
| Borrowing | 2,870,613,904 | 3,946,721,839 |
| Current Tax Liabilities | - | - |
| Provisions | 14,590,860 | 14,590,102 |
| Deferred Tax Liabilities | - | - |
| Other Liabilities | 283,348,846 | 159,071,130 |
| Debt Securities Issued | - | - |
| Subordinated Liabilities | - | - |
| **Total Liabilities** | **23,353,797,419** | **23,234,676,386** |
| **Equity** | | |
| Share Capital | 2,612,079,750 | 2,612,079,750 |
| Share Premium | 510,111 | 510,111 |
| Retained Earnings | (136,573,150) | (357,515,437) |
| Reserves | 2,479,595,140 | 2,436,699,951 |
| **Total Equity** | **4,955,611,852** | **4,691,774,375** |
| **Total Liabilities and Equity** | **28,309,409,271** | **27,926,450,761** |
| Contingent Liabilities and Commitment | 4,998,540 | 4,998,540 |
| Net Assets Value per Share | 189.72 | 179.62 |

### Statement of Profit or Loss
For the year ended 31 Ashad 2081

| Particulars | Current Year | Previous Year |
|---|---|---|
| Interest Income | 3,843,295,104 | 3,960,779,572 |
| Interest Expense | 1,925,012,451 | 2,015,927,106 |
| Net Interest Income | 1,918,282,652 | 1,944,852,465 |
| Fee and Commission Income | 348,009,076 | 135,677,411 |
| Fee and Commission Expense | 1,809,783 | 5,769,078 |
| Net Fee and Commission Income | 346,199,294 | 129,908,333 |
| Net Interest, Fee and Commission Income | 2,264,481,946 | 2,074,760,798 |
| Net Trading Income | - | - |
| Other Operating Income | 9,359,370 | 2,413,995 |
| Total Operating Income | 2,273,841,316 | 2,077,174,793 |
| Impairment charge/(reversal) for loans and other losses | 433,460,509 | 875,980,527 |
| Net Operating Income | 1,840,380,807 | 1,201,194,266 |
| Operating Expense | | |
| Personnel Expenses | 927,595,290 | 833,887,100 |
| Other Operating Expenses | 73,830,915 | 73,918,305 |
| Depreciation & Amortization | 53,998,050 | 51,343,404 |
| Operating Profit | 784,956,552 | 242,045,458 |
| Non Operating Income | 21,354,839 | 6,612,731 |
| Non Operating Expense | - | 4,754,859 |
| Profit before Income Tax | 806,311,391 | 243,903,330 |
| Income Tax Expense | 540,062,831 | 73,945,216 |
| Current Tax | 430,987,314 | 362,153,786 |
| Deferred Tax | 109,075,517 | (288,208,570) |
| Profit for the year | 266,248,560 | 169,958,114 |
| Profit attributable to : | | |
| Equity holders of the Financial Institution | 266,248,560 | 169,958,114 |
| Profit for the year | 266,248,560 | 169,958,114 |
| **Earnings per share** | | |
| Basic earnings per share | 10.19 | 6.51 |
| Diluted earnings per share | 10.19 | 6.51 |

### Statement of Cash Flows
For the year ended 31 Ashad 2081

| Particular | Current Year | Previous Year |
|---|---|---|
| CASH FLOWS FROM OPERATING ACTIVITIES | | |
| Interest received | 3,827,424,380 | 3,943,289,568 |
| Fees and other income received | 348,009,076 | 141,507,149 |
| Divided received | - | - |
| Receipts from other operating activities | 8,980,975 | 2,253,855 |
| Interest paid | (1,925,012,451) | (2,001,935,036) |
| Commission and fees paid | (1,809,783) | (5,769,078) |
| Cash payment to employees | (927,595,290) | (847,879,170) |
| Other expense paid | (542,345,718) | (1,005,214,103) |
| Operating cash flows before changes in operating assets and liabilities | 787,651,189 | 226,253,186 |
| (Increase)/Decrease in operating assets | | |
| Due from Nepal Rastra Bank | (143,316,473) | (40,490,004) |
| Placement with bank and financial institutions | (450,000,000) | - |
| Other trading assets | - | - |
| Loan and advances to bank and financial institutions | - | - |
| Loans and advances to customers | 185,836,922 | 2,856,350,862 |
| Other assets | 147,982,982 | (207,371,830) |
| Increase/(Decrease) in operating liabilities | | |
| Due to bank and financial institutions | - | - |
| Due to Nepal Rastra Bank | - | - |
| Deposit from customers | 1,070,950,494 | 931,463,793 |
| Borrowings | (1,076,107,935) | (2,342,617,161) |
| Other liabilities | 87,618,841 | (351,807,745) |
| Net cash flow from operating activities before tax paid | 610,616,021 | 1,071,781,101 |
| Income taxes paid | (540,062,831) | (73,945,216) |
| **Net cash flow from operating activities** | **70,553,190** | **997,835,885** |
| CASH FLOWS FROM INVESTING ACTIVITIES | | |
| Purchase of investment securities | 102,445,749 | - |
| Receipts from sale of investment securities | - | - |
| Purchase of property and equipment | 27,495,973 | (117,850,733) |
| Receipt from the sale of property and equipment | 450,115 | - |
| Purchase of intangible assets | - | - |
| Receipt from the sale of intangible assets | - | - |
| Purchase of investment properties | - | - |
| Receipt from the sale of investment properties | - | - |
| Interest received | 15,870,724 | 17,490,004 |
| Dividend received | 118,472 | 168,822 |
| **Net cash used in investing activities** | **146,381,033** | **(100,191,907)** |
| CASH FLOWS FROM FINANCING ACTIVITIES | | |
| Receipt from issue of debt securities | - | - |
| Repayment of debt securities | - | - |
| Receipt from issue of subordinated liabilities | - | - |
| Repayment of subordinated liabilities | - | - |
| Receipt from issue of shares | - | - |
| Dividends paid | 36,659,633 | (105,805,808) |
| Interest paid | - | - |
| Other receipt/payment | - | - |
| **Net cash from financing activities** | **36,659,633** | **(105,805,808)** |
| **Net increase (decrease) in cash and cash equivalents** | **253,593,856** | **791,838,170** |
| Cash and cash equivalents at Shrawan 1 2080 | 1,822,432,593 | 1,030,594,424 |
| Effect of exchange rate fluctuations on cash and cash equivalents held | - | - |
| **Cash and cash equivalents at Asar end 2081** | **2,076,026,449** | **1,822,432,593** |

### Capital Adequacy as at Ashad, 2081

**A. Core Capital** (Rs. in '000)

| S.N | Description | Period: Current | Period: Previous |
|---|---|---|---|
| 1 | Paid up Capital (ordinary shares) | 2,612,079.75 | 2,612,079.75 |
| 2 | Proposed bonus share | - | - |
| 3 | Share premium | 510.11 | 510.11 |
| 4 | Irredeemable preferential share | - | - |
| 5 | General Reserve Fund | 1,224,440.02 | 1,171,190.31 |
| 6 | Accumulated profit/(loss) | (136,573.15) | (357,515.44) |
| 7 | Profit & loss a/c as per balance-sheet | - | - |
| 8 | Capital Redemption Reserve Fund | - | - |
| 9 | Capital Adjustment Fund | - | - |
| 10 | Calls in advance | - | - |
| 11 | Other Free Reserves | - | - |
| **Deductions:** | | **(326,459.28)** | **(424,776.75)** |
| a | Goodwill | 891.08 | - |
| b | Deferred tax assets | 303,651.71 | 416,371.75 |
| c | Investment on shares and securities in excess of limits | - | - |
| d | Investment to the company having financial interests | - | - |
| e | Fictitious Asset | - | - |
| f | Investment on land and building for self use not complying the Directives of NRB | 21,916.49 | 8,405.00 |
| g | Investment on land development and housing construction in excess of limits | - | - |
| h | Underwriting share not sold within the stipulated time | - | - |
| i | Credit and other facilities banned by the prevailing laws | - | - |
| | **Total Core Capital (A)** | **3,373,997.46** | **3,001,487.99** |

**B. Supplementary capital**

| S.N. | Description | Period: Current | Period: Previous |
|---|---|---|---|
| 1 | Provisions of loan loss made for pass loan | 468,944.30 | 469,012.78 |
| 2 | Additional loan loss provision | - | - |
| 3 | Hybrid capital instruments | - | - |
| 4 | Unsecured Subordinated Term Debt | - | - |
| 5 | Exchange Equalization Fund | 709.57 | 709.57 |
| 6 | Assets revaluation Fund (max. 2% of Supplementary capital is added automatically) | - | - |
| 7 | Investment adjustment Fund | 1,510.00 | 1,510.00 |
| **Total Supplementary Capital (B)** | | **471,163.87** | **471,232.35** |
| **C.** | **Total Capital Fund (A+B)** | **3,845,161.33** | **3,472,720.33** |
| **D.** | **Minimum capital Fund to be maintained based on Risk Weighted Assets:** | | |
| 1 | Minimum Capital Fund Required (8.0 % of RWA) | 2,273,669.35 | 2,274,001.38 |
| 2 | Minimum Core Capital Required (4.0 % of RWA) | 1,136,834.67 | 1,137,000.69 |
| 3 | Capital Fund maintained ( in %) | 13.53% | 12.22% |
| 4 | Core Capital maintained (in %) | 11.87% | 10.56% |
| 5 | Capital Fund surplus by 5.53 % (Previous period surplus by 4.22 %) | 1,571,491.98 | 1,198,718.95 |
| 6 | Core Capital surplus by 7.87 % (Previous period surplus by 6.56 %) | 2,237,162.78 | 1,864,487.30 |

### Risk Weighted Assets Of 2081 Ashad

**A. On-Balance-sheet Items** (Rs. in '000)

| S.N. | Description | Weight (%) | Current period: Amount | Current period: RWA | Previous period: Amount | Previous period: RWA |
|---|---|---|---|---|---|---|
| 1 | Cash Balance | 0 | 52,920.77 | - | 38,068.25 | - |
| 2 | Gold (Tradable) | 0 | - | - | - | - |
| 3 | NRB Balance | 0 | 576,720.63 | - | 433,404.15 | - |
| 4 | Investment to Govt. Bond | 0 | 191,042.56 | - | 290,000.00 | - |
| 5 | Investment to NRB Bond | 0 | - | - | - | - |
| 6 | Loan against Own FD | 0 | - | - | - | - |
| 7 | Loan against Govt. Bond | 0 | - | - | - | - |
| 8 | Accrued interests on Govt. bond | 0 | - | - | 3,488.31 | - |
| 9 | Investment to Youth and Small Entrepreneurs Self-employment Fund | 0 | - | - | - | - |
| 10 | Balance on domestic banks and financial institutions | 20 | 660,725.16 | 132,145.03 | 96,450.13 | 19,290.03 |
| 11 | Loan against other banks' and financial institutions' FD | 20 | - | - | - | - |
| 12 | Foreign bank balance | 20 | - | - | - | - |
| 13 | Money at call | 20 | 1,812,380.52 | 362,476.10 | 1,187,914.21 | 237,582.84 |
| 14 | Loan against internationally rated bank guarantee | 20 | - | - | - | - |
| 15 | Investment to internationally rated Banks | 20 | - | - | - | - |
| 16 | Inter-bank lending | 20 | - | - | - | - |
| 17 | Investment on shares/debentures/bonds | 100 | 3,510.00 | 3,510.00 | 3,510.00 | 3,510.00 |
| 18 | Other investments | 100 | - | - | - | - |
| 19 | Loans & advances, bills purchase/discount | 100 | 26,749,597.83 | 26,749,597.83 | 26,501,974.24 | 26,501,974.24 |
| 20 | Fixed assets | 100 | 231,998.07 | 231,998.07 | 260,575.31 | 260,575.31 |
| 21 | Net interest receivables (Toral IR - 8 - Interest supsense) | 100 | - | - | - | - |
| 22 | Net Non-Banking Asset | 100 | - | - | - | - |
| 23 | Other assets (Except advance tax payment) | 100 | 324,081.73 | 324,081.73 | 804,684.90 | 804,684.90 |
| 24 | Real estate/residential housing loans exceeding the limits | 150 | | - | - | - |
| | **Total On-Balance-sheet Items (A)** | | **30,602,977.26** | **27,803,808.76** | **29,620,069.50** | **27,827,617.32** |

**B. Off-Balance-sheet Items**

| S.N. | Description | Weight (%) | Current period: Amount | Current period: RWA | Previous period: Amount | Previous period: RWA |
|---|---|---|---|---|---|---|
| 1 | Bills collection | 0 | | - | | - |
| 2 | Forward foreign exchange contract | 10 | | - | | - |
| 3 | L/C with maturity less than six months (Outstanding value) | 20 | | - | | - |
| 4 | Guarantee against International rated bank's counter guarantee | 20 | | - | | - |
| 5 | L/C with maturity more than six months (Outstanding value) | 50 | | - | | - |
| 6 | Bid bond, performance bond and underwriting | 50 | | - | | - |
| 7 | Loan sale with repurchase agreement | 50 | | - | | - |
| 8 | Advance payment guarantee | 100 | | - | | - |
| 9 | Financial and other guarantee | 100 | | - | | - |
| 10 | Irrevocable loan commitment | 100 | | - | | - |
| 11 | Possible liabilities for income tax | 100 | 4,998.54 | 4,998.54 | 4,998.54 | 4,998.54 |
| 12 | All types of possible liabilities including acceptance | 100 | | - | | - |
| 13 | Rediscounted bills | 100 | | - | | - |
| 14 | Unpaid portion of partly paid share investment | 100 | | - | | - |
| 15 | Unpaid guarantee claims | 200 | | - | | - |
| 16 | Amount to be maintained for operational risk (2% of Total Assets) | 100 | 612,059.55 | 612,059.55 | 592,401.39 | 592,401.39 |
| | **Total Off-Balance-sheet Items (B)** | | **617,058.09** | **617,058.09** | **597,399.93** | **597,399.93** |
| | **Total Risk Weighted Assets (A) + (B)** | | **31,220,035.34** | **28,420,866.85** | **30,217,469.43** | **28,425,017.25** |

### Principal Indicators

| S.No. | Particulars | Indicators | 2080-81 | 2079-80 | 2078-79 | 2077-78 | 2076-77 |
|---|---|---|---|---|---|---|---|
| 1 | Net Profit/Total Income | % | 6.31 | 4.14 | 17.75 | 28.06 | 7.20 |
| 2 | Per Share Earning (after income tax) | Rs. | 10.19 | 6.51 | 34.17 | 70.14 | 15.12 |
| 3 | Market Price Per Share | Rs. | 711.90 | 765.00 | 1,099.00 | 1,600.00 | 1,015.00 |
| 4 | Price/Earning Ratio | Times | 69.84 | 117.57 | 32.16 | 22.81 | 67.12 |
| 5 | Dividend on Share- Bonus Share | % | - | - | 19.00 | 29.50 | 13.68 |
| 6 | Cash Dividend | % | - | - | 1.00 | 1.55 | 0.68 |
| 7 | Interest Income on Loans & Advances/Total Loans & advances | % | 14.35 | 14.26 | 13.96 | 14.98 | 16.43 |
| 8 | Employee expenses/Total Operating Expenses | % | 87.89 | 87.13 | 87.25 | 87.11 | 83.04 |
| 9 | Interest expenses on Deposit & Borrowing | % | 8.35 | 8.68 | 7.47 | 6.17 | 8.55 |
| 10 | Exchange Income/Total Income | % | - | - | - | - | - |
| 11 | Staff Bonus/Total employee expenses | % | 9.66 | - | 12.49 | 19.04 | 5.38 |
| 12 | Net Profit/Loans & Advances | % | 1.04 | 0.64 | 2.71 | 4.94 | 1.29 |
| 13 | Net Profit/Total Assets | % | 0.94 | 0.61 | 2.53 | 4.48 | 1.12 |
| 14 | Total Loans & Advances/Total Deposits | % | 127.85 | 134.71 | 152.29 | 152.20 | 151.04 |
| 15 | Total Operating expenses/Total Assets | % | 3.73 | 3.49 | 3.66 | 4.08 | 4.18 |
| 16 | Capital Adequacy Ratio: | | | | | | |
| | a) Core Capital | % | 11.87 | 10.56 | 12.23 | 11.36 | 10.61 |
| | b) Supplementary Capital | | 1.66 | 1.66 | 1.40 | 1.26 | 1.26 |
| | c) Total Capital Fund | % | 13.53 | 12.22 | 13.63 | 12.62 | 11.87 |
| 17 | Cash Reserve Ratio (CRR) | % | 2.86 | 2.27 | 2.16 | 2.24 | 2.40 |
| 18 | Non Performing Loans/Total Loans & Advances | % | 10.60 | 9.87 | 5.30 | 4.11 | 1.83 |
| 19 | Weighted Average Interest Rate Spread | % | 6.00 | 5.58 | 6.49 | 8.81 | 7.88 |
| 20 | Book Networth | Rs.'000 | 4,955,611.85 | 4,691,774.37 | 4,627,622.07 | 3,851,807.42 | 2,656,556.04 |
| 21 | Total Shares | Number | 26,120,797.50 | 26,120,797.50 | 21,950,250.00 | 16,950,000.00 | 16,950,000.00 |
| 22 | Total Employee | Number | 1,138.00 | 1,136.00 | 1,190.00 | 1,143.00 | 1,182.00 |

# लुम्बिनी प्रदेशमा चार सयभन्दा बढी सिँचाइ पूर्वाधार निर्माण



लुम्बिनी । लुम्बिनी प्रदेश सरकारले सिँचाइ पूर्वाधार विकासमा उल्लेख्य प्रगति हासिल गरेको जनाएको छ। प्रदेश सरकार ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका अनुसार प्रदेशमा हालसम्म ४०३ ओटा सिँचाइ बाँध तथा मुहान निर्माण सम्पन्न भइसकेका छन् । ती सिँचाइ आयोजनाअन्तर्गत हालसम्म ८३२ किलोमिटर पक्की नहर निर्माण सम्पन्न भएका छन् । लिफ्ट सिँचाइ प्रणालीअन्तर्गत १०७ ओटा आयोजना सञ्चालनमा छन्, जसमा चालू आर्थिक वर्षमा दुईओटा नयाँ योजना थपिएका छन् ।

सिँचाइ पहुँच विस्तारका लागि स्यालो र डिप ट्युबवेल जडानमा समेत जोड दिइएको छ। अहिलेसम्म ७५९ ओटा स्यालो ट्युबवेल र २३२ ओटा डिप ट्युबवेल जडान भइसकेका छन् । पम्प हाउसको संख्या ३८६ पुगेको छ भने सिँचाइ प्रयोजनका लागि ८२ ओटा आयोजना विद्युतीकरण गरिएका छन् । पाइपलाइन विस्तार कार्यअन्तर्गत ७४७ किलोमिटर पाइपलाइन बिछ्याइएको मन्त्रालयले जनाएको छ ।

प्रदेशभर थप २१ हजार ५५ हेक्टर क्षेत्रमा सिँचाइ सुविधा पुर्‍याइएको छ भने ७३ हजार ७६८ हेक्टर क्षेत्रमा सिँचाइ संरचनाको सुदृढीकरण गरिएको छ । नदी नियन्त्रणतर्फ २११ किलोमिटर तटबन्ध निर्माण भइसकेको छ, जसबाट दुई हजार ६३२ हेक्टर जमीन उकासिएको तथा १४ हजार ११९ हेक्टर जमीन र १७ हजार ४९८ घरधुरी सुरक्षित गरिएको छ ।

**५५ प्रतिशत भू-भागमा सिँचाइ सुविधा विस्तार**

लुम्बिनी प्रदेशमा ५५ प्रतिशत भू-भागमा सिँचाइ सुविधा विस्तार भएको प्रदेश सरकारले जनाएको छ। कुल सिँचाइयोग्य जमीनमध्ये ३३ प्रतिशत भू-भागमा मात्र बाह्रै महीना सिँचाइ सेवा उपलब्ध रहेको छ । प्रदेश सरकारको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले कृषिमा उत्पादन वृद्धि गर्दै आर्थिक, सामाजिक र वातावरणीय सन्तुलन कायम गर्ने दीर्घकालीन सोचअनुरूप सिँचाइ पूर्वाधार विस्तारलाई प्राथमिकता दिएको जनाएको छ। मन्त्रालयअन्तर्गत सिँचाइ पूर्वाधार निर्माण, जलस्रोतको संरक्षण तथा प्रकोप व्यवस्थापनसम्बन्धी विविध कार्यक्रमहरू सञ्चालनमा रहेका छन् ।

प्रमुख योजनाहरूअन्तर्गत दाङ जिल्लाका लागि प्रगन्ना सिँचाइ योजना र कपिलवस्तुको वाणगंगा सिँचाइ योजना सञ्चालनमा छन् । यिनको व्यवस्थापन र मर्मतका लागि छुट्टाछुट्टै सिँचाइ व्यवस्थापन कार्यालय स्थापना गरिएको छ । प्रदेश सरकारले सिँचाइ पूर्वाधार सुदृढीकरणमार्फत कृषि उत्पादकत्व वृद्धि, खाद्य सुरक्षाको स्थायित्व र वातावरणीय दिगोपनाको लक्ष्य लिएको स्पष्ट पारेको छ ।

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले सिँचाइमा उत्पन्न भएको पानीको संकट समाधानका लागि वैकल्पिक उपायहरू अभ्यासमा ल्याउन सकिने बताएका छन् । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय लुम्बिनी प्रदेशले सिँचाइ दिवस २०८१ को अवसरमा सोमवार आयोजना गरेको कार्यक्रममा मुख्यमन्त्री आचार्यले पोखरी निर्माण गरी वर्षाको पानी संकलन गरेर सिँचाइ तथा खानेपानी दुवैमा उपयोग गर्न सकिने योजना अघि बढाउँदा पानीको समस्या समाधान गर्न सकिने उल्लेख गरे ।

मुख्यमन्त्री आचार्यले पानीका स्रोतको संरक्षण र मितव्ययी प्रयोगमा ध्यान दिनुपर्ने भन्दै जमीनमुनि र सतह दुवै तहको पानीको स्रोत क्रमशः घट्दै गएकाले सिँचाइ आयोजनासमेत रुग्ण अवस्थामा पुगेकोप्रति चिन्ता व्यक्त गरे । कार्यक्रममा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री सीता शर्मा चौधरीले प्रदेश सरकारले सिँचाइ आयोजनातर्फ पर्याप्त बजेट विनियोजन गरी आयोजना निर्माणका कामलाई अगाडि बढाएको बताए । *रासस*

### अन्नपूर्ण आरोहण शुरू
# एकै दिन ३२ आरोही चुचुरोमा



म्याग्दी । म्याग्दीमा रहेको अन्नपूर्ण हिमालमा वसन्त यामको आरोहण शुरू भएको छ । आठ हजार ९१ मिटर अग्लो अन्नपूर्ण हिमाल अन्नपूर्ण गाउँपालिका-४ को भूगोलमा पर्छ । आरोहण शुरू भएको पहिलो दिन सोमवार बिहान ८ देखि ११ बजेको बीचमा नेपाली शेर्पा र विदेशी पर्वतारोहीसहित ३२ जनाले सफल आरोहण गरेको नेपाल पर्वतारोहण संघले जनाएको छ ।

संघका महासचिव मोहन लम्सालले सेभेन समिट ट्र्याकबाट ९, पायनियर एड्भेन्चरबाट आठ, आठके एक्सपिडेसनबाट ९, इमाइजिन नेपालबाट तीन र मकालु एड्भेन्चरबाट दुईजनाले अन्नपूर्णको सफल आरोहण गरेको जानकारी दिए । अन्य दिनको तुलनामा सोमवार मौसम अनुकूल भएकाले धेरै आरोही अन्नपूर्णको शिखरमा पुग्न सफल भएको उनले बताए ।

आरोहण टोलीका दुई जना शेर्पा हिउँपहिरोमा बेपत्ता भएका छन् भने अरू सकुशल आधार शिविर फर्किएका छन् । क्याम्प दुई र तीनको बीचमा हिउँ पहिरो आउँदा बेपत्ता भएका सोलुखुम्बुका रिमा शेर्पा र निमा टासी शेर्पाको खोजीमा हेलिकोप्टर र शेर्पाको टोली परिचालन गरिएको छ ।

आरोही मिग्मा शेर्पाले धेरै जोखिमको सामना गरी अन्नपूर्णको आरोहण गर्न सफल भएको सामाजिक सञ्जाल ‘फेसबुक’मा लेखेका छन् । ‘सुक्खा अवस्था, धेरै दरार, क्याम्प दुई र क्याम्प तीनबीचको घातक हिमपहिरोले ज्यान बचाउन कठिन भयो,’ उनले सामाजिक सञ्जालमा लेखेका छन् । वसन्त याममा अन्नपूर्ण आरोहणका लागि ६६ जनाले अनुमति लिएका छन् । गतवर्ष २५ जनाले मात्र अनुमति लिएका थिए । चार हजार १९० मिटर उचाइमा रहेको अन्नपूर्ण आधार शिविर आरोही, शेर्पा, पथप्रदर्शक, मजदूर र पर्यटकले भरिएको छ ।

अहिलेसम्म ५२० जनाले अन्नपूर्णको सफल आरोहण गरेको पर्यटन विभागले जनाएको छ । सन् १९५० मा फ्रान्सका मौरिस हर्जोगले अन्नपूर्ण पहिलोपटक आरोहण गरेका थिए । प्रथम आरोही मौरिस हर्जोग आरोहणका क्रममा प्रयोग गरेको बाटोलाई पहिचान गरेर नारच्याङ-आधार शिविर जोड्ने मौरिस हर्जोग पदमार्ग निर्माण गरिएको छ ।

गाउँपालिकाको केन्द्र पोखरेबगरबाट २२ किलोमिटरसम्म सवारी साधनको यात्रा गरी होमखोलासम्म पुगेपछि त्यहाँबाट २१ किलोमिटरको पदैलयात्राबाट आधार शिविर पुग्न सकिन्छ । पदमार्गमा रहेको फुतफते झरना, आधार शिविरमा रहेको आकर्षक पञ्चकुण्ड ताल र हिमालको प्राकृतिक सुन्दरताले गर्दा यो क्षेत्र पछिल्लो समय नयाँ पर्यटकीय गन्तव्यका रूपमा विकास भएको छ । *रासस*

# हुम्लाको नाम्खामा ३९ हिउँ चितुवा भेटिए

काँक्रेविहार (सुर्खेत) । डिभिजन वन कार्यालय हुम्लाको समन्वयमा उकाली तथा तेस्रो ध्रुव संरक्षणले हिउँ चितुवाको अध्ययन गर्दा नाम्खा गाउँपालिकामा ३९ हिउँ चितुवा रहेको पत्ता लागेको छ । ‘क्यामरा ट्र्यापिङ’ प्रविधिको प्रयोग गरेर सन् २०२२ देखि २०२३ सम्म दुर्लभ हिउँ चितुवाको संख्या गणना गरिएको थियो । अध्ययनअनुसार उत्तरी नाम्खा गाउँपालिकामा कम्तीमा ३९ हिउँ चितुवा रहेको पत्ता लागेको सहायक वन अधिकृत बाबुलाल बम्जनले राससलाई बताए ।

हिउँ चितुवा अनुसन्धानकर्ता रिन्जिन फुन्जोक लामाले नाम्खा क्षेत्रमा ६१ ओटा क्यामेरा जडान गरेर हिउँ चितुवाको अध्ययन गर्दा ३९ हिउँ चितुवा कैद गरिएको बताए । हुम्ला सदरमुकाम सिमीकोटदेखि पाँच दिन पैदल हिँडेर लिमी पुगिसकेपछि घोडा खच्चरमा खानेकुरा बोकेर हिउँ चितुवा पाइने स्थानमा पुग्ने उनले जानकारी दिए ।

गाउँपालिका अध्यक्ष प्रेमबहादुर लामाले हिउँ चितुवाको तथ्यांक ल्याउने कार्य सकिएको बताए । यस्तै, माथिल्लो डोल्पामा हिउँ चितुवा पाइएसँगै हुम्लामा पनि पाइने अनुमानका आधारमा हिउँ चितुवाको गणनाको काम गरिएको थियो । गाउँपालिकाले पनि अब हिउँ चितुवा संरक्षणका लागि कार्यक्रम बनाउने अध्यक्ष लामाले जानकारी दिए। नाम्खाभित्रको मात्र अध्ययन गरिएको सहायक वन अधिकृत बम्जनले जानकारी दिए । उनले भने, ‘सरकारले २०२४ देखि २०३० सम्म हिउँ चितुवाको गणना तथा संरक्षणलाई प्राथमिकतामा राखेको छ ।’ चीनको स्वशासित क्षेत्र तिब्बतसँग जोडिएको नाम्खामा ६ वडा रहेका छन् । कुल क्षेत्रफल करीब दुई हजार ४१९ दशमलव ६४ वर्ग किमी रहेको छ । *रासस*



तस्वीर : सुनिल शर्मा/आर्थिक अभियान

**काठमाडौंको असनमा पिठ्युँमा बाँसका नाङ्लो राखेर बजारमा बेच्न हिंडेका व्यापारी । आकार–प्रकारअनुसार ३५० देखि ५०० रुपैयाँसम्ममा नाङ्लो विक्री हुने गरेको छ ।**

## आईएमई लाइफको ई–लोन सेवा शुरू



काठमाडौं (अस) । आईएमई लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले ई-लोन सेवा शुरू गरेको छ। मंगलवार कम्पनी सञ्चालक समिति तथा उच्च व्यवस्थापनको उपस्थितिमा अध्यक्ष डा. रामहरि अर्यालले सेवाको उद्घाटन गरेका हुन् । यो सेवाले घरबाटै बीमितले ऋणको लागि आवेदन दिन र ऋण प्राप्त गर्न सक्ने सुविधा उपलब्ध गराएको बताइएको छ । बीमितले घरबाटै आईएमई लाइफ मोबाइल एप र कम्पनीको वेबसाइटका माध्यमबाट ५ हजारदेखि १ लाख रुपैयाँसम्म ई-लोनका लागि आवेदन दिन सक्नेछन् ।

बीमितले कम्पनीको वेबसाइटमार्फत आफू बसेकै स्थानबाट चौबिसै घण्टा कर्जाका लागि आवेदन दिनसक्ने र कार्यालय खुलेको समयमा तुरुन्तै कर्जा प्राप्त गर्न सक्ने बताइएको छ। यसरी कर्जा लिँदा कुनै पनि अतिरिक्त सेवा शुल्क नलाग्ने बताइएको छ। कर्जा पाउन केवाईसी प्रमाणीकरण पूरा भएको साथै बीमा शुल्क भुक्तानी गरेको कम्तिमा ३ वर्ष पूरा भइसकेको हुनुपर्ने बताइएको छ । कम्पनीका प्रमुख कार्यकारी अधिकृत पवनकुमार खड्काले ई-लोन सेवाले कम्पनीका बीमितलाई सरल र सहज कर्जासेवा प्रदान गर्ने विश्वास लिएको बताए । डिजिटाइजेसन, अटोमेसन र द्रुतसेवा दिने कम्पनीको उद्देश्यमा निरन्तरता दिँदै ग्राहकसेवा र अनुभवलाई थप परिष्कृत र उत्कृष्ट बनाउन यो सेवा ल्याइएको उनको भनाइ छ ।

## कोशी पर्यटन वर्षको उद्घाटन आज



विराटनगर (अस) । कोशी प्रदेश सरकारले २०८२ साललाई लक्षित गरी शुरू गरेको कोशी पर्यटन वर्षको उद्घाटन आज (बुधवार) हुने भएको छ । कोशी प्रदेशको विकास समृद्धि र पर्यटन प्रवर्द्धनको मुख्य उद्देश्यसहित पर्यटन वर्ष शुरुआत गर्न लागिएको बताइएको छ । कोशी प्रदेशको तीनजुरे मिल्के क्षेत्रबाट पर्यटन वर्षको शुरुआत गरिँदै छ । पर्यटन वर्षको उद्घाटन प्रधानमन्त्री केपी शर्मा ओलीले गर्ने कार्यक्रम छ। मूल आयोजक समितिका अध्यक्ष एवं कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले कोशी प्रदेशको पर्यटन प्रवर्द्धन गर्ने र पर्यटनबाट नै राष्ट्रिय पूँजी विकास गरेर समृद्धि हासिल गर्न सकिने महत्त्वपूर्ण लक्ष्यसहित पर्यटन वर्ष मनाउन लागिएको बताए ।

उनले कोशी प्रदेशमा धार्मिक पर्यटनको पनि उत्तिकै सम्भावना भएको र यसका माध्यमबाट प्रदेशलाई समृद्धिमा लैजान सकिने आशा व्यक्त गरे । 'प्राकृतिक सुन्दरताले भरिपूर्ण कोशी प्रदेशका मनोरम क्षेत्रहरूमा पूर्वाधार विकास गर्दै अघि बढ्ने र कोशी प्रदेशमा सधैंभरि पर्यटक आइरहने अवस्था सृजना गर्न पर्यटन वर्ष आधारशिला हुनेछ,' उनले भने । प्रदेश सरकारले भारतबाट आउने पर्यटकलाई असजिलो हुन नदिनका लागि नाकामा पर्यटकीय बस तथा सवारीसाधनलाई स्टिकर लगाइदिने तयारी पनि गरेको छ । यस्तो स्टिकर लगाएको सवारीसाधनमा आउने र जाने मिति तोकेपछि बीच बाटोमा अनावश्यक रूपमा झन्झट नदिने र चेक जाँच नगर्ने कोशी प्रदेश सरकारले तयारी गरेको छ। पर्यटन वर्ष भव्यताका साथ मनाउनको लागि कोशी प्रदेशका पर्यटन वन तथा वातावरण मन्त्री सदानन्द मण्डलको संयोजकत्वमा निर्देशन समिति निर्माण गरी कामलाई अगाडि बढाइएको छ ।

## बजाजको नयाँ वर्ष अफर 'खुशीको मिटर'

काठमाडौं (अस) । नेपालका लागि बजाज मोटरसाइकलको आधिकारिक वितरक हंसराज हुलासचन्द एण्ड कम्पनी प्रालिले नयाँ वर्ष २०८२ को अवसरमा नयाँ र रोमाञ्चक अभियान 'खुशीको मिटर' सार्वजनिक गरेको छ। यो अभियानले गेमिङको रमाइलो र मोटरसाइकल किन्दाको खुशीलाई एकसाथ जोडेको कम्पनीको भनाइ छ, जसअन्तर्गत ग्राहकले डिजिटल अनुभवमार्फत रू. १ लाखसम्म नगद पुरस्कार र आकर्षक गिफ्ट जित्ने बताइएको छ ।

बजाजले सामाजिक सञ्जालमार्फत खेल्न सकिने विशेष डिजिटल गेम ल्याएको र जसअन्तर्गत जो कोही पनि सहभागी भई घरमै बसीबसी विभिन्न आकर्षक उपहार जित्न सक्नेछन् । उक्त उपहार प्राप्त गर्न भने विजेताले कुनै पनि बजाज मोटरसाइकलको टेस्ट राइड गर्नुपर्ने बताइएको छ । अभियानको अवधिमा बजाज मोटरसाइकल खरीद गर्ने ग्राहकले अर्को चरणको गेम शोरूममा नै खेल्न पाउनेछन् । यो इन-स्टोर डिजिटल अनुभवमा ग्राहकले स्क्रिनमा देखिएको 'खुशीको मिटर' रोकेर रू. १ लाखसम्मको नगद पुरस्कार जित्न सक्नेछन् । 'खुशीको मिटर' केवल एक प्रचारको लागि अफर मात्र नभई प्रविधिको माध्यमबाट मोटरसाइकल किन्ने यात्रालाई थप रमाइलो, अन्तरक्रियात्मक र लाभदायक बनाउने हाम्रो प्रयास हो,' गोल्छा ग्रुपका निर्देशक अभिमन्यु गोल्छाले भने, 'नयाँ वर्षको शुरुआतमा ग्राहकलाई नयाँ सवारी मात्र नभई किन्ने अघि र पछि पनि जित्ने अवसर दिन हामी उत्साहित छौं ।'

## लुम्बिनी विकास बैंक एनपीएस–एनसीएस तथा नेपालपेमा आवद्ध

काठमाडौं (अस) । लुम्बिनी विकास बैंक र नेपाल क्लियरिङ हाउस लिमिटेड (एनसीएचएल)बीच एनपीएस-नेशनल कार्ड स्वीच (एनपीएस-एनसीएस) तथा नेपाल पे कार्डको प्रिन्सिपल मेम्बरसिपका लागि सम्झौता भएको छ । उक्त सम्झौतापत्रमा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत उमेश रेग्मी तथा एनसीएचएलका प्रमुख कार्यकारी अधिकृत निलेशमान सिंह प्रधानले हस्ताक्षर गरेका छन् । एनसीएचएलले हालै एनपीएस-एनसीएसको पूर्वाधारको तयारी पूरा भएको घोषणा गर्दै बैंक वित्तीय संस्थालाई नेपालको आफ्नै डोमेस्टिक कार्ड स्किम 'नेपालपे कार्ड' इस्यूइङ र अक्वायरिङका लागि आफ्नो स्वीच इन्टिग्रेट गर्न आग्रह गरेसँगै बैंक वित्तीय संस्था एनपीएस-एनसीएस र नेपालपे कार्डमा आवद्ध



भइरहेको बताइएको छ । नेपालपे पूर्वाधारको कमर्सियल रोलआउटपश्चात् लुम्बिनी विकास बैंकले ग्राहकका लागि उक्त कार्ड इस्यू तथा अक्वायर गर्न सक्ने बताइएको छ । बैंकले ८९ शाखा र २० एटीएम टर्मिनलमार्फत ६ लाखभन्दा बढी ग्राहकलाई आधुनिक बैंकिङ तथा वित्तीय सेवा प्रदान गर्दै आएको बताइएको छ ।

## वाइवाइको 'हट एण्ड स्पाइसी नुडल्स'

काठमाडौं (अस) । नेपालको चाउचाउ ब्रान्ड वाइवाइले नयाँ स्वादमा 'वाइ वाइ क्विक हट एण्ड स्पाइसी नुडल्स' बजारमा ल्याएको छ । ५० रुपैयाँमा उपलब्ध यो चाउचाउ प्रिमियम वर्गका साथै पिरो स्वाद मन पराउने उपभोक्तालाई लक्षित गरी ल्याइएको कम्पनीले जानकारी दिएको छ। वाइवाइले चार दशकदेखि विश्व बजारमा आफ्नो उपस्थिति विस्तार गर्दै आएको छ । उपभोक्ताको बदलिँदो स्वाद र रोजाइलाई ध्यानमा राख्दै विभिन्न स्वादका नयाँ विकल्प बजारमा ल्याउँदै आएको सीजी फुड्सले जानकारी दिएको छ। यो उत्पादनले उपभोक्ताको अपेक्षा अनुसारको स्वाद अनुभव गराउने र वाइवाइलाई झनै लोकप्रिय बनाउन सहयोग पुग्ने कम्पनीको अपेक्षा छ। वाइवाइले हालै 'स्पाइसवर्स टिकटक चुनौती' नामक प्रतिस्पर्धा पनि शुरू गरेको छ । उक्त प्रतियोगितामा भाग लिने सहभागीमध्ये हरेक साता सबैभन्दा धेरै लाइक प्राप्त गर्ने प्रस्तुतिलाई १० हजार रुपैयाँ पुरस्कार प्रदान गरिने बताइएको छ ।

---

**कृषि विकास बैंक लि.**
**जनशक्ति व्यवस्थापन विभाग**
**मुख्य कार्यालय, काठमाण्डौ**

### खुला तथा समावेशी लिखित परीक्षाको नतिजा प्रकाशन सम्बन्धि सूचना

**(सूचना प्रकाशन मितिः २०८१/१२/२६)**

यस बैंकको आ.व. २०८०/८१ को वार्षिक रणनीति तथा बजेटमा स्वीकृत कर्मचारी दरबन्दी अनुसार रिक्त हुन आएका पदहरुमा **खुला तथा समावेशी लिखित परीक्षा**द्वारा पदपूर्ति गर्नका लागि मिति २०८०/११/११ मा प्रकाशित सूचना अनुसार वि.नं. १५/२०८०-८१ को लागि लोक सेवा आयोगबाट संचालित लिखित परीक्षामा सम्मिलित उम्मेदवारहरुमध्ये उत्तिर्ण भई अन्तर्वार्ताको लागि छनौट भएको व्यहोरा लोक सेवा आयोगवाट पत्र मार्फत लेखि आएकोले अन्तर्वार्ता कार्यक्रम सहितको सूचना बैंकको Website (www.adbl.gov.np) मा मिति २०८१/१२/२६ गते मंगलवार प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सदस्य सचिव**
**पदपूर्ति समिति**
**कृषि विकास बैंक लि.**

---

**कृषि विकास बैंक लि.**
**जनशक्ति व्यवस्थापन विभाग**
**मुख्य कार्यालय, काठमाण्डौ**

### वैकल्पिक उम्मेदवारहरूलाई नियुक्तिको लागि सिफारिस गरिएको सूचना

**(सूचना प्रकाशन मितिः २०८१/१२/२६)**

यस बैंकको पदपूर्तिका लागि लोक सेवा आयोगबाट संचालित खुला तथा समावेशी प्रतियोगितात्मक लिखित परीक्षामा सफल भई अन्तर्वार्तामा सम्मिलित उम्मेदवारहरुको लिखित परीक्षा र अन्तर्वार्ताको कुल प्राप्ताङ्कका आधारमा पदपूर्ति समितिको निर्णयानुसार नियुक्तिका लागि सिफारिस भएका मध्ये रिक्त भएको पदमा पदपूर्ति समितिको मिति २०८१/१२/२६ गतेको निर्णयानुसार **वैकल्पिक उम्मेदवारहरुलाई नियुक्तिको लागि सिफारिस गरिएको सूचना** बैंकको Website (www.adbl.gov.np) मा मिति २०८१/१२/२६ गते प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र. सं. | विज्ञापन नं. | तह | पद | सेवा | सिफारिस समूह | बैकल्पिक योग्यताक्रमबाट सिफारिस पद संख्या |
|---|---|---|---|---|---|---|
| १. | २५/२०७९-८० | ५ | ऋण सहायक | प्राविधिक | मधेशी | १ |

**सदस्य सचिव**
**पदपूर्ति समिति**
**कृषि विकास बैंक लि.**

---

## सहकार्य बहुउद्देश्यीय सहकारी संस्था लि

लाजिम्पाट-२, काठमाडौं,फोन नं. ०१-४५३२६९७

### अचल सम्पत्ति लिलाम बिक्रिको ३५ दिने सूचना

**(प्रकाशित मिति : २०८१/१२/२७ गते)**

यस संस्थाका ऋणी सदस्यले तपशिलमा उल्लेखित अचल सम्पत्ति धितो राखी यस संस्थाबाट लिनु भएको कर्जा रकमको हाल सम्मको व्याज रकम संस्थामा नतिरी नबुझाई यस संस्थाको कर्जा सम्बन्धी शर्त उल्लंघन गर्नु भएको हुँदा सो कर्जाको साँवा र ब्याज तिर्न मौखिक, लिखित पत्राचार गर्दा समेत कर्जा नतिरेको हुँदा कर्जा तिर्न ऋणी चण्डी प्रसाद पौडेललाई मिति २०८०/१२/२५ गते कारोबार राष्ट्रिय दैनिक पत्रिकामा कर्जा तिर्ने ३५ दिने सूचना प्रकाशित गरेको थियो । सो सूचना प्रकाशित गर्दा पनि ऋणीले संस्थामा कर्जा नतिरेको हुँदा पुनः मिति २०८१/०३/०४ गते कर्जा चुक्ता गर्न आउन कारोबार राष्ट्रिय दैनिक पत्रिकामा कर्जा तिर्ने ३५ दिने सूचना प्रकाशित गरी समय दिंदा समेत ऋण तिर्न चासो नदेखाएकोले ऋणीले यस संस्थामा सुरक्षण राखेको धितो वापत दृष्टिबन्धक राखेको अचल सम्पत्ति लिलाम बिक्री गरी ऋणीले यस संस्थामा तिर्नु बुझाउनु पर्ने साँवा, व्याज, बिलम्ब शुल्क, हर्जना तथा अन्य खर्चहरु समेत असुल उपर गर्न ३५ दिने धितो लिलामीको आव्हान गरेको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन दिनको १:०० बजे यस संस्थाको कार्यालयमा धितो लिलाम हुने हुँदा इच्छुक बोलपत्र दाताले ३५ औं दिन भित्र यस संस्थाबाट बोलपत्र फाराम खरिद गरि प्रकृया पुऱ्याई कार्यालय समय भित्र पेश गर्नु होला । लिलाम गरिने ३६ औं दिन सार्वजनिक बिदा पर्न भएमा त्यसको भोलिपल्ट लिलाम गरिने छ । लिलामका दिन बोलपत्र दाता वा निजको आधिकारिक प्रतिनिधि सो समयमा उपस्थित हुनु होला । तर बोलपत्र दाताको अनुपस्थितिको कारणले बोलपत्र खोल्न बाधा पर्ने छैन यसै सूचनालाई आधार मानी ऋणी तथा व्यक्तिगत धनजमानी दिनु हुने व्यक्तिले बोलपत्र खोल्ने दिन अगावै यस सहकारीमा तिर्नु बुझाउनु पर्ने सम्पूर्ण रकम तिरे बुझाएमा यो लिलाम प्रकृया स्थगीत गरिने छ । सहकारी ऐन, नियम र संस्थाको विनियम अनुसार लिलाम गरिने हुँदा पछि हामीलाई जानकारी नगराई कम मुल्याङ्कन गरी हाम्रो धितो लिलाम बिक्री गरी ऋण-कर्जा असुल उपर गर्यो भनि कही कतै उजुर वाजुर गर्न पाउनु हुने छैन ।

**तपसिल**

| क्र.सं | ऋणीहरुको विवरण | धितोको विवरण |
|---|---|---|
| १ | नाम : चण्डी प्रसाद पौडेल<br>बृहस्पती पौडेलको नाती उमाकान्त पौडेलको छोरा<br>ना.प्र.प.न : ४६/०१/७३/०४१३७<br>जारी मिति : २०७३/०४/२३<br>ठेगाना : कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. १७ | चण्डी प्रसाद पौडेलको नाममा दर्ता श्रेस्ता कायम रहेको काठमाडौं जिल्ला, बलम्बु गा.वि.स वडा नं.२ स्थित कि.न २३१ को क्षे.फ १२७.१६ ब.मि. |

**व्यक्तिगत धन-जमानीको विवरण :**

नाम : विष्णुमाया पौडेल (उमाकान्त पौडेलको बुहारी चण्डी प्रसाद पौडेलको श्रीमति) ना.प्र.प.नं. ५८६६९, जिप्रका कास्की जारी मिति : २०५४/०९/२३ ठेगाना : कास्की पोखरा महानगरपालिका वडा नं. १७

**लिलामीको शर्तहरु :**
**लिलाम हुने स्थान :** संस्थाको कार्यालय का.म.न.पा.वडा नं. २
**मिति :** २०८२/०१/३०
**समय :** दिउँसो १:०० बजे ।

१) बोलपत्र खरिद गर्न चाहनु हुने खरिदकर्ताले फिर्ता नहुने गरि प्रति प्रस्तावित बोलपत्र-पत्र फारम रु. १०००/- नगद रकम बुझाई खरिद गर्न सक्ने छ ।
२) लिलाम बिक्री हुने अचल सम्पत्तिको सम्बन्धीत कागजातहरु हेर्न चाहनु हुने महानुभावहरुले यस संस्थाको कार्यालयमा सम्पर्क राखी हेर्न सक्नु हुने छ ।
३) शिलबन्दी बोलपत्र फारममा उल्लेख गरी आफुले सकार गरी लिन चाहेको रकमको १०(प्रतिशत) ले हुने धरौटी वापतको रकम यस सहकारीको गरीमा विकास बैंक लि., लाजिम्पाट को खाता नं. ०४०००१०१०९७३९३००००० १ मा जम्मा गरी सो को बैंक भौचर वा गुड फर पेमेन्ट चेक यसै शिलबन्दी बोलपत्र फारमको साथमा राखी पेश गर्नु पर्ने छ ।
४) लिलाममा सहभागी हुने व्यक्ति हो भने निजको नागरिकता प्रमाणपत्रको फोटोकपी र कम्पनी तथा सस्था हो भने सो को दर्ता प्रमाणपत्र PAN/VAT को प्रमाणपत्र, आर्थिक वर्षमा कर चुक्ता गरेको पत्रहरुको फोटोकपीलाई Notary Public बाट प्रमाणित गरी शिलबन्दी बोलपत्र फारमको साथमा राखी पेश गर्न पर्ने छ ।
५) धितो लिलाम बिक्री गर्दा सबैभन्दा बढी रकममा लिन कबुल गरेको व्यक्तिलाई दिइने छ । तर उक्त लिलामको दर भाउ तथा अन्य कारण खुलाई वा नखुलाई स्विकृत गर्ने नगर्ने निर्णय/अधिकार यस सहकारीमा सुरक्षित रहने छ ।
६) धितो लिला, विक्री गर्ने क्रममा धितो लिलाम प्रकृयामा कसैले भाग नलिएमा सो धितो संस्था आफैले सकार गरि लिन सक्ने छ ।
७) बोलपत्र सम्बन्धी अन्य सहकारीले तोकेको शर्तहरु पनि लागु हुनेछ, सोको लागि सहकारीमा आई जानकारी लिन सक्ने छ ।

---

## धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको १५ दिने सूचना

प्रकाशित मिति : २०८१/१२/२७ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय खोर्सानेे, मोरङबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ । धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ । बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन् । बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ । उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं । अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ ।

**बोलपत्र दर्ता गर्ने अन्तिम मिति** — **२०८२/०१/१० गते/स्थान : शाखा कार्यालय खोर्साने, मोरङ**

**बोलपत्र खोलिने मिति/समय** — **२०८२/०१/१२ गते, शुक्रबार दिनको १ बजे**

| क्र.सं. | ऋणीको नाम, ठेगाना |
|---|---|
| १. | **नाम : कुलुङ्ग वहुउदेश्य कृषि फर्म**<br>बेलबारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय<br>दर्ता नं. ०२, दर्ता मिति : २०८०/०४/१८, पान नं. १३२८५७२०४, दर्ता मिति : २०८०/०४/१८<br>ठेगाना : मोरङ जिल्ला, बेलबारी वडा नं. ४, **सञ्चालक : विजय राई** |
| | **जमानतकर्ताको विवरण** |
| | **१. नाम : विजय राई**<br>ना.प्र.नं. ०५१०३८/३०४, जि.प्र.का. मोरङ<br>जारी मिति : २०६६/११/१३<br>बाबुको नाम : महेन्द्र कुमार राई<br>बाजेको नाम : चतुर बहादुर राई<br>ठेगाना : मोरङ जिल्ला, बेलबारी वडा नं. ९<br>हाल : मोरङ जिल्ला, बेलबारी वडा नं. ४ |
| | **२. नाम : शशिकला राई**<br>ना.प्र.नं. ०९-१७-७५-००४३१, जि.प्र.का. भोजपुर<br>जारी मिति : २०७५/०८/२४<br>पतिको नाम : विजय राई<br>ससुराको नाम : महेन्द्र कुमार राई<br>ठेगाना : भोजपुर जिल्ला, साल्पासिलिछो गा.पा. वडा नं. ३<br>हाल : मोरङ जिल्ला, बेलबारी वडा नं. ४ |
| | **३. नाम : मीना कुमारी राई**<br>ना.प्र.नं. १०७८, जि.प्र.का. मोरङ, जारी मिति : २०४८/९/५<br>पतिको नाम : महेन्द्र कुमार राई, ससुराको नाम : चतुर बहादुर राई<br>ठेगाना : मोरङ जिल्ला, बेलबारी वडा नं. ९, हाल : मोरङ जिल्ला, बेलबारी वडा नं. ४ |
| | **धितोको विवरण** |
| | मीना कुमारी राईको नाममा मालपोत कार्यालय बेलबारी, मोरङ्गमा दर्ता कायम रहेको मोरङ जिल्ला, डाँगीहाट वडा नं. ४, नक्सा सिट नं. ४ ड स्थित कित्ता नं. ४७१ को क्षेत्रफल ०-५-०-० (वि.क.धु) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । |
| | **ऋणीको नाम, ठेगाना** |
| २. | **नाम : याक्थुङ बहुउद्देश्यीय कृषि फर्म**<br>केराबारी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय<br>दर्ता नं. ०१०, दर्ता मिति : २०८०/०४/०८, पान नं. ६२०१६६८७८, दर्ता मिति : २०८०/०४/०९<br>ठेगाना : मोरङ जिल्ला, केराबारी गा.पा. वडा नं. ३, **सञ्चालक : हिमाल धोज लिम्बु** |
| | **जमानतकर्ताको विवरण** |
| | **१. नाम : हिमाल धोज लिम्बु**<br>ना.प्र.नं. ०८३०२१-१४७, जि.प्र.का. तेह्रथुम<br>जारी मिति : २०६३/१०/०६<br>बाबुको नाम : लक्ष्मी प्रसाद लिम्बु<br>बाजेको नाम : वृष वहादुर लिम्बु<br>ठेगाना : तेह्रथुम जिल्ला, सम्दु गा.पा. वडा नं. ८ |
| | **२. नाम : लक्ष्मी प्रसाद लिम्बु**<br>ना.प्र.नं. ०८-०२-७९-००५७७, जि.प्र.का. तेह्रथुम<br>जारी मिति : २०७९/१०/१३<br>बाबुको नाम : वृष वहादुर लिम्बु<br>बाजेको नाम : डिल्लीहाङ लिम्बु<br>ठेगाना : तेह्रथुम जिल्ला, फेदाप गा.पा. वडा नं. ४ |
| | **३. नाम : सविना लिम्बु**<br>ना.प्र.नं. ०१-०१-७४-०१३७९, जि.प्र.का. ताप्लेजुङ, जारी मिति : २०७४/०४/१६<br>पतिको नाम : हिमाल धोज लिम्बु, ससुराको नाम : लक्ष्मी प्रसाद लिम्बु<br>ठेगाना : ताप्लेजुङ जिल्ला, फक्ताङलुङ गा.पा. वडा नं. ३ |
| | **धितोको विवरण** |
| | लक्ष्मी प्रसाद लिम्बुको नाममा मालपोत कार्यालय बेलबारी, मोरङ्गमा दर्ता श्रेष्ता कायम रहेको मोरङ जिल्ला, केराबारी वडा नं. ४ क स्थित कित्ता नं. ९६० को क्षेत्रफल ०-६-१२-० (वि.क.धु.क.) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । |

**ज्योति विकास बैंक लि.**
**JYOTI BIKASH BANK LTD.**
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालयः का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : खोर्सानेे, मोरङ, फोन नं. ०२१-५४७३८८
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

सडकमा लगानी गर्दा विकासको भविष्य बनाइन्छ ।

**- बडेन पाउ**

## सम्पादकीय

# कूटनीति र आर्थिक कूटनीति नछुट्याऊ

सरकारले आर्थिक कूटनीतिलाई प्राथमिकतामा राखेको भने पनि त्यसअनुसार स्रोत उपलब्ध नगराउँदा सफल आर्थिक कूटनीतिको लागि चुनौती सामना गर्नुपरेको परराष्ट्र मन्त्रालयका एक उच्च अधिकारीले बताएका छन् । देशको आर्थिक स्वार्थ प्राप्त गर्न अपनाइने कूटनीतिक अभ्यास आर्थिक कूटनीतिमा पर्छ । यस प्रयोजनका लागि सरकारी बजेट सीमित रहेको परराष्ट्रका ती अधिकारीको भनाइ छ । तर, नेपालजस्तो मुलुकको कूटनीति भनेकै आर्थिक क्षेत्रका लागि हुनुपर्छ र परराष्ट्र मन्त्रालयका कर्मचारी र राजदूतहरूको मूल्यांकनको आधार पनि यही हुनुपर्छ ।

आर्थिक कूटनीति प्रयोजनका लागि छुट्ट्याएको बजेट १८ करोड रुपैयाँ मात्र भएको भनी परराष्ट्रका अधिकारीले गुनासो गरेका छन् । सरकारले आर्थिक कूटनीति सञ्चालन गर्न नेपालका दूतावासहरूलाई छुट्ट्याएको बजेटबाट ठूला विज्ञापनसहितको अभियान सञ्चालन गर्न नसकिने उनको भनाइ छ । परराष्ट्रका यो अधिकारीको भनाइले नेपालको कूटनीतिको प्राथमिकता आर्थिक दोस्रो र अन्यचाहिँ पहिलो हो भन्ने पुष्टि गर्छ । परराष्ट्रको मुख्य काम बाह्य खतराबाट मुलुकलाई सुरक्षित पार्नु हो भन्नेमा विवाद छैन । नेपालका लागि यस्तो खतरा खासै छैन तर यसमा चनाखो भने भइरहनुपर्छ । खासमा भन्ने हो भने नेपालका लागि खतरा कतैबाट छ भने आर्थिक क्षेत्रबाट नै छ । अर्थात् अर्थतन्त्र कमजोर हुनु नै नेपालको खतरा हो । त्यसैले नेपालजस्तो मुलुकले आर्थिक कूटनीतिलाई मुख्य मान्नुपर्छ । आर्थिक कूटनीतिमा पहिलो काम भनेको लगानी भित्र्याउनु हो भने दोस्रोमा नेपाली वस्तु तथा सेवाको बजार विस्तार गर्न सहयोग गर्नु हो । त्यसका लागि राजदूतहरू सक्रिय हुनुपर्छ र उनीहरूले लगानी ल्याउन सके सफल र नसके असफल मान्ने परिपाटी बसालिनुपर्छ ।

अहिले स्रोतको कमी भन्ने धेरै गुनासो पाइन्छ, परराष्ट्रबाट पनि र राजदूतहरूबाट पनि । यसलाई सम्बोधन गर्न परराष्ट्र मन्त्रालयको मुख्य काम नै आर्थिक कूटनीति मानिनुपर्छ र उसका सबै खर्च र प्रयास आर्थिक कूटनीतिका लागि हुनुपर्छ । त्यसैले आर्थिक कूटनीति भन्ने बेग्लै महाशाखा बनाउन आवश्यक छैन । परराष्ट्रको मुख्य काम

- **अर्थतन्त्र कमजोर हुनु नै नेपालको खतरा हो । त्यसैले नेपालजस्तो मुलुकले आर्थिक कूटनीतिलाई मुख्य मान्नुपर्छ ।**
- **लगानी बोर्डलाई लगानी तथा व्यापार सम्झौता बोर्ड बनाएर यसलाई आर्थिक कूटनीतिको एउटा अभिन्न अंगका रूपमा विकास गर्न सकिन्छ ।**

नै यही भएको अवस्थामा जुनसुकै शीर्षकको बजेट पनि यसका लागि खर्च गर्न सक्ने अवस्था आउँछ । अर्को, कार्यक्षमता हुने हो भने ठूलो स्रोत चाहिन्छ भन्ने छैन । यद्यपि स्रोतले आर्थिक कूटनीति सहज भने अवश्य बनाउँछ । लगानी ल्याउन, निर्यात बढाउन, पर्यटक ल्याउन राजदूतहरूले काम गर्नु राजदूतहरूको प्राथमिकता हुनुपर्छ । रकमान्तर गरेर भए पनि यस्तो काममा खर्च गर्न पाउने अधिकार दिइनुपर्छ ।

आर्थिक कूटनीतिमा सफल राजदूतहरूलाई सम्मान गर्ने परिपाटी बसाल्नु आवश्यक छ । तर, विडम्बना के छ भने नेपालमा राजदूत बन्नु भनेको बुढेस कालको विदेश बसाइको अवसरका रूपमा हेर्ने गरिएको छ र दलहरूको भागबन्डाअनुसार राजदूत नियुक्त हुने गरेका छन् । तीसँग कार्यक्षमता नभएकै कारण आर्थिक कूटनीतिका लागि स्रोतको अभाव भन्ने गरेका हुन् भन्न सकिन्छ । संसदीय सुनुवाइमा प्रस्तावित हुँदा तिनले दिएका हास्यास्पद र ठोस कार्यक्रमविनाका हचुवा जवाफले तिनको वास्तविकता थाहा भएकै हो । अहिले विश्वभरि नै राजदूतहरूको पहिलो काम आर्थिक विषय पर्ने गरेको छ । केही वर्षअघि कान्साइ नेरोल्याक रंगको विवादमा जापानका राजदूतले चासो व्यक्त गरेको कुरा पनि यहाँनेर स्मरणीय छ । यस्तोमा आर्थिक कूटनीतिलाई उच्च प्राथमिकता दिन किन नेपालको कूटनीतिक क्षेत्रले सिकेन भन्ने प्रश्न उठ्नु स्वाभाविक हो ।

आर्थिक कूटनीतिलाई सफल बनाउने हो भने प्रशासनिक संरचनामै केही परिवर्तन गर्न पनि सकिन्छ । उदाहरणका लागि लगानी बोर्डलाई लगानी तथा व्यापार सम्झौता बोर्ड बनाएर यसलाई आर्थिक कूटनीतिको एउटा अभिन्न अंगका रूपमा विकास गर्न सकिन्छ । यसले नै विदेशसँग गर्ने व्यापार, लगानी जस्ता सम्झौता गर्ने व्यवस्था गर्न सकिन्छ । यस्तो अभ्यास अमेरिकामा रहेको छ । अमेरिकामा युनाइटेड स्टेट ट्रेड रिप्रिजेन्टेटिभ भन्ने संस्था छ जसमा २ सयभन्दा बढी विज्ञहरू छन् । यसले विदशका सरकारहरूसँग व्यापार सम्झौता, विवाद समाधान र विश्व व्यापार संगठनहरूसँग सहभागी भएर विभिन्न काम गर्छ । यसले त्यहाँको राष्ट्रपतिको व्यापार नीतिका बारेमा विदेशलाई बुझाउने कामसमेत गर्छ । नेपालमा पनि त्यस्तै काम गर्ने गरी लगानी बोर्डको पुनःसंरचना गर्ने हो भने आर्थिक कूटनीति सबल बन्न सक्छ ।

आर्थिक अभियान

## १० वर्षअघिको आर्थिक अभियानबाट

# निर्यात वार्षिक २० प्रतिशतले बढ्नुपर्छ

७ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्नका लागि निर्यातलाई प्रत्येक वर्ष २० प्रतिशतको दरमा डलर मूल्यमा वृद्धि गर्नुपर्छ । यसका लागि दीर्घकालीन योजनाको आवश्यकता छ । निर्यातमा विभिन्न मुलुकमा बाधाअड्चन छन् । यसको अन्त्यका लागि द्विपक्षीय, क्षेत्रीय र बहुपक्षीय फोरम वार्ताको माध्यमबाट उपयोग गरी हल गर्नुपर्छ । निर्यात बढ्नुको सोभ्mो सम्बन्ध उत्पादन वृद्धिसँग हुन्छ । यसो भयो भने नयाँ रोजगारीको अवसर पनि सृजना हुन्छ । नयाँ रोजगारीले गरीबी निवारण पनि गर्न सकिन्छ । त्यसैगरी अर्को समस्या भनेको आपूर्ति पक्ष पनि हो । खासगरी बिजुली, बाटोघाटोको राम्रो सुविधा छैन । दक्ष जनशक्तिलाई मुलुकमै रोक्न सकिएको छैन ।

**(व्यापारविज्ञ डा. रत्नाकर अधिकारीसँगको कुराकानीबाट)**

**वर्ष ८, अंक १५३, मंगलवार, ८ फागुन, २०६९**

# खैरोसूचीबाट हटाउने ओठे प्रतिबद्धता

## गभर्नर नियुक्तिमा ढिलाइले देखाएको सरकारी उदासीनता

अन्ततः केन्द्रीय बैंकका गभर्नरको कार्यकाल समाप्त भए पनि सरकारले यो आलेख तयार पार्दासम्म नयाँ गभर्नर नियुक्त गरेको छैन र नेपाल राष्ट्र बैंकका वरिष्ठ डेपुटी गभर्नरलाई कायम मुकायम गभर्नरको जिम्मेवारी दिइएको छ । गभर्नरको पदावधि कुन मितिमा सकिन्छ भन्ने कुरा पूर्वनिर्धारित नै भए पनि शक्तिशाली मानिएको सरकारले समेत समयमै गभर्नर नियुक्त गर्न 'उपयुक्त' चासो र अग्रसरता नदेखाएर देशको सुशासनको पक्षमा आफ्नो गम्भीर 'उदासीनता' प्रदर्शन गरेको छ । प्रचलित कानूनअनुसार गभर्नरको पद रिक्त हुनुभन्दा १ महीनाअगावै नयाँ नियुक्ति भइसक्नुपर्नेमा उक्त अवधिभित्र गभर्नर सिफारिश गर्न चाहिने समितिसमेत गठन हुन सकेन । अझ उदेकलाग्दो कुरा त के हो भने गभर्नर सिफारिश गर्न बनेको समितिले समिति गठन भएको १५ दिन बितिसक्दा पनि अहिलेसम्म कुनै नाम सिफारिश गरेको छैन । यसले पहिले गभर्नरको नाम तय भइसकेपछि कर्मकाण्ड पूरा गर्ने गरी मात्र समितिले सम्भावित गभर्नरहरूको नाम सरकारलाई सिफारिश गर्ने संकेत देखिएको छ ।

यस्तै घटना केही दिनअघि भएको भनिएको नेपाल स्टक एक्सचेन्जको प्रमुख कार्यकारी अधिकृतको नियुक्तिमा पनि देखियो । एक हप्ता अघि एक जनालाई नियुक्त गरिएको भनी समाचारहरू सार्वजनिक भए पनि त्यसको १ सातापछि मन्त्रिपरिषद्ले अर्कै व्यक्तिलाई नियुक्त गरेको समाचार सार्वजनिक भयो । धितोपत्र बोर्डको अध्यक्षको नियुक्ति प्रकरणले त सरकार नै परिवर्तन भएको भन्नेसम्मका आरोप प्रत्यारोप पनि निकै लामो समयसम्म चलेकै थियो । अध्यादेशमार्फत शक्तिशाली सहकारी प्राधिकरण गठन गर्ने कुरालाई समग्र मुलुकले नै उत्साहका साथ हेरेको मात्र होइन, त्यसले आगामी दिनमा सहकारी क्षेत्रमा अहिले देखिएजस्तो समस्याको पुनरावृत्ति नहुने आशासमेत गरेको थियो । तर, अध्यादेशलाई संसद्ले ऐनमा परिणत गरिसक्दा समेत त्यसको अध्यक्ष नियुक्त गर्न सरकार अझैसम्म पनि उदासीन नै देखिएको छ ।

यी केही प्रतिनिधि परिघटनाले एक किसिमले भन्ने हो भने वित्तीय क्षेत्रका प्रायः सबै नियामक निकायहरूको प्रमुखको नियुक्तिमा सरकारले यथोचित गम्भीरता देखाएको छैन भन्ने स्पष्ट देखिन्छ । र, सरकारको यो उदासीनताले तत्तत् निकाय तथा क्षेत्रप्रति नकारात्मक प्रभाव पर्ने त स्वाभाविक नै भइहाल्यो, अझ त्योभन्दा गम्भीर कुरा त यसले राष्ट्रिय स्वार्थलाई ध्यान नदिएर त्यसविपरीत केही व्यक्ति तथा समूहको हितार्थ राज्य संयन्त्रको दुरुपयोग हुनसक्ने गम्भीर 'नियत'तर्फ पनि संकेत गरेको आशंका गर्न सकिन्छ ।

अहिले वित्तीय कारबाही कार्यदलले देशलाई करीब डेढ महीनाअघि खैरोसूचीमा राखेपछि राजनीतिक रूपमा जिम्मेवार तहमा बसेकाहरूबाट खैरोसूचीबाट देशलाई छिट्टै मुक्त गर्ने ओठे प्रतिबद्धता व्यक्त गर्न थालिएको छ । तर, त्यस प्रकारको 'प्रतिबद्धता' माथि विश्वास गर्ने वस्तुगत आधार नदेखिएपछि नेपालमा सुधार गर्नुपर्ने विषयहरूको सूचीमा कार्यदलले 'राजनीतिक प्रतिबद्धता' लाई पनि प्रमुख प्राथमिकताका साथ उल्लेख गरेको छ । यस्तै प्रतिबद्धताको अभावस्वरूप सम्पत्ति शुद्धीकरणसम्बन्धी ऐनको संशोधनले पहिले अध्यादेश, त्यसपछि राष्ट्रपति कार्यालय, पुनः संसद्, संसद्मै मुल्तबी, संसद्को



**अहिले सतहमा देखिएका कतिपय सरकारी निर्णय प्रक्रिया तथा क्रियाकलाप हेर्दा देशको अर्थतन्त्रमाथि गम्भीर रूपले आघात पार्न कार्यदलको खैरोसूचीको भन्दा कयौं गुना बढी यिनै सरकारका विभिन्न कुराको भूमिका नै अहं हुने जोखिम देखिन्छ ।**

**प्रकाश भण्डारी**

विघटन, संसद्को पुनः निर्वाचन अनि बल्ल नयाँ संसद्बाट पारित भई फेरि दोस्रोपटक राष्ट्रपतिको लालमोहरसम्मको 'लामो र पट्यारलाग्दो' मार्ग तय गर्नु परेको थियो । त्यति बेलाको यो स्तरको 'राज्य-उदासीनता' र अकर्मण्यताप्रति सम्बद्ध जिम्मेवार निकाय एवं व्यक्तिहरूमा अहिलेसम्म पनि आवश्यक परिमाणमा 'चेत भाव' विकास नहुनु थप चिन्ताको विषय भएको छ ।

यस्तो परिदृश्यमा देश वित्तीय कारबाही कार्यदलको खैरोसूचीमा परेपछि त्यसले राष्ट्रिय अर्थतन्त्रमा पार्नसक्ने प्रभावहरूका बारेमा धेरै कोणहरूबाट विश्लेषण पनि हुन थालेका छन् । र,

- **वित्तीय क्षेत्रका प्रायः सबै नियामक निकायहरूको प्रमुखको नियुक्तिमा सरकारले यथोचित गम्भीरता देखाएको छैन ।**
- **खैरोसूचीले देशको अर्थतन्त्रमा गम्भीर रूपले नकारात्मक प्रभाव पार्छ ।**
- **खैरोसूचीमा परेका देशहरूको मुद्राको अवमूल्यन भएको, सीमापार वित्तीय स्थानान्तरणमा संकुचन आएको, अन्तरराष्ट्रिय बैंकिङ सम्बन्धमा ह्रास देखिएको तथा पूँजी बजारमा समेत नकारात्मक प्रभाव परेको थियो ।**
- **खैरोसूचीका सम्भाव्य प्रभावलाई न्यून गर्न सरकारी एवं निजीक्षेत्रका आआफ्नै प्रकारका भूमिका हुन्छन् ।**
- **राज्यको प्रभावकारिता राजनीतिक प्रतिबद्धतासँग जोडिएको हुन्छ ।**

ती सबै विश्लेषणका निष्कर्ष भने प्रायः एकै प्रकारका रहेका छन् : खैरोसूचीले देशको अर्थतन्त्रमा गम्भीर रूपले नकारात्मक प्रभाव पार्छ ।

हुन पनि अन्तरराष्ट्रिय मुद्रा कोषदेखि अन्य कतिपय अनुसन्धाताले गरेको अध्ययनमा कार्यदलको खैरोसूचीले सम्बद्ध देशहरूलाई नकारात्मक रूपले प्रभावित गरेका निष्कर्ष नै निकालिएको छ ।

श्रीलंकाका अनुसन्धाता जयसेकाराले सन् २०२१ मा गराएको एक अध्ययनले कार्यदलको खैरोसूचीमा परेका मुलुकहरूको पूँजी बजारमा नकारात्मक प्रभाव परेको देखाएको छ । उनले आफ्नो अध्ययनमा सन् २०१९ मा कार्यदलको खैरोसूचीमा परेका इथियोपिया, श्रीलंका, ट्युनिशिया, सर्बिया, अफगनिस्तान, लाओस र गुयानामा परेको प्रभावका बारेमा अध्ययन गरेका थिए । खैरोसूचीमा परेपछि ती देशको मुद्राको अवमूल्यन भएको, सीमापार हुने वित्तीय स्थानान्तरणमा संकुचन आएको, अन्तरराष्ट्रिय बैंकिङ सम्बन्धमा ह्रास देखिएको तथा पूँजी बजारमा समेत नकारात्मक प्रभाव परेर समग्र राष्ट्रिय अर्थतन्त्रमाथि नै नकारात्मक प्रभाव परेको उनको अध्ययनको निष्कर्ष थियो ।

यसै गरी किडा तथा पाएजोलली पनि सोही वर्ष अन्तरराष्ट्रिय मुद्राकोषका लागि गरेको अध्ययनले पनि कार्यदलको खैरोसूचीमा परेका देशलाई नकारात्मक रूपले नै प्रभावित गर्ने निष्कर्ष निकालेको देखिन्छ । उक्त अध्ययनमा समावेश भएका कुनै एक कालखण्डमा खैरोसूचीमा परेका ७८ ओटा देशहरूको अध्ययनबाट ती देशहरूमा पूँजी आप्रवाहमा ७ दशमलव ६ प्रतिशतले ह्रास आएको, वैदेशिक लगानी ३ प्रतिशत घटेको तथा अन्य लगानी पोर्टफोलियो पनि औसतमा कुल गार्हस्थ्य उत्पादनको ३ दशमलव ६ प्रतिशतले घटेको निष्कर्ष निकालिएको थियो । समग्रमा भन्नुपर्दा कार्यदलको खैरोसूचीले अर्थतन्त्रमा प्रभाव परेकै हुन्छ । तर, बिर्सन नहुने कुरा के हो भने खैरोसूचीले प्रभाव पर्ने भनेर धेरै अध्ययनले निष्कर्ष निकालेका वैदेशिक लगानी, अन्तरराष्ट्रिय व्यापार तथा सीमापार कारोबारमा हुने अनौपचारिक क्षेत्रको प्रयोगजस्ता विषयहरू नेपालको सन्दर्भमा खैरोसूचीमा पर्नु अगाडिदेखिकै समस्या हुन् । यी समस्यालाई खैरोसूचीले थप प्रभावित त पार्न सक्छ नै तर सुशासनको हतियार प्रभावकारी रूपमा उपयोग भएको हुन्थ्यो भने खैरोसूचीजन्य त्यस्तो प्रभाव नगण्य हुने सम्भावना रहन्थ्यो । अहिले नै कुशासनजन्य अनेकौं प्रकारका जटिलता भोगिरहेको अर्थतन्त्रले खैरोसूचीका कारण मात्र यति थप जटिलता थपियो भनेर निरूपण गर्न सक्ने अवस्था नहुनु झन् दुःखदायी छ ।

तथापि खैरोसूचीका यस्ता सम्भाव्य प्रभावहरूलाई न्यून गर्न सरकारी एवं निजीक्षेत्रका आआफ्नै प्रकारका भूमिका हुन्छन् । वास्तवमा कुनै पनि देशमा सम्पत्ति शुद्धीकरण, आतंकवादी क्रियाकलाप तथा आम विनाशकारी हातहतियार माथि हुनसक्ने वित्तपोषण विरुद्धको लडाइँमा सूचक संस्थाको रूपमा रहने निजीक्षेत्रलाई पहिलो रक्षाकवच मान्न सकिन्छ । यस अर्थमा समग्र देशमा नै यस्ता कार्यक्रमहरूको प्रभावकारिता यिनै निजीक्षेत्रले अवलम्बन गर्ने विधि, प्रक्रिया एवं प्रविधिको प्रभावकारिता माथि धेरै हदसम्म निर्भर रहन्छ । सूचक संस्था नै प्रभावकारी नहुने हो भने कानून कार्यान्वयन गर्ने निकायहरूले पनि प्रभावकारी ढंगले वित्तीय अपराधको अनुसन्धान एवं अभियोजन गर्न सक्दैनन् । यस अर्थमा निजीक्षेत्रमा यसप्रतिको संवेदनशीलताबारे पर्याप्त ज्ञान हुनुका साथै त्यसलाई निगरानी गर्न आवश्यक संयन्त्र, प्रविधि, मानव शक्ति एवं तदारुकता अति आवश्यक हुन्छ ।

वित्तीय अपराधविरुद्धको युद्धमा जसरी पहिलो सुरक्षा पंक्तिको रूपमा निजीक्षेत्रको अहं भूमिका रहन्छ ठीक त्यसै गरी कमान्डरको रूपमा सरकारी क्षेत्रको भूमिका झन् बढी सशक्त हुनुपर्छ । निजीक्षेत्रलाई यो युद्ध लड्न आवश्यक पर्ने प्रविधि, सम्बद्ध पक्षहरूको सूची, कानून कार्यान्वयन गर्ने निकायहरूको सहयोगजस्ता 'हतियार'हरू राज्यले उपलब्ध गराउनुपर्ने हुन्छ । यसरी राज्यले जुन तदारुकताका साथ यस्ता हतियार उपलब्ध गराउँदछ, सोहीअनुरूप निजीक्षेत्रले तिनको प्रभावकारी 'उपयोग' गर्ने हुनाले निजीक्षेत्रको वित्तीय अपराध विरुद्धको युद्धको प्रभावकारिता राज्यको प्रभावकारितासँग प्रत्यक्ष रूपमा जोडिएको हुन्छ ।

अर्कोतर्फ राज्यको प्रभावकारिता चाहिँ राजनीतिक प्रतिबद्धतासँग जोडिएको हुन्छ । राजनीतिक प्रतिबद्धताका धेरै आयाम हुन सक्छन् र यस्तै एक आयामको रूपमा अहिले खैरोसूचीबाट देशलाई छिट्टै निकाल्ने प्रकारका 'राजनीतिक' भाषणबाजीहरूलाई लिन सकिन्छ । भन्नलाई यस्तो भाषणबाजीलाई राजनीतिक क्षेत्रले गरेको 'प्रतिबद्धता' का रूपमा अर्थ्याउने प्रयत्न पनि भएको छ तर हालैका केही प्रतिनिधिमूलक सन्दर्भलाई हेर्ने हो भने त्यस्तो 'प्रतिबद्धता' केवल शब्दमा मात्र व्यक्त गरिएको 'ओठे प्रतिबद्धता' को रूपमा देखिएको छ । यो ओठे प्रतिबद्धतामात्र हो भन्ने कुरा बुझ्न यो आलेखको प्रारम्भमै उल्लेख भएका हालैका दिनमा भएका केही परिघटनालाई पुनः स्मरण गरे मात्र पनि पर्याप्त हुन्छ ।

नियामकीय निकायहरूलाई गम्भीरताका साथ नलिने प्रवृत्तिसँगै अन्य कानून कार्यान्वयन गर्ने निकायहरूलाई पनि स्वतन्त्र र पारदर्शी ढंगले सञ्चालित हुने अवसर उपलब्ध गराउने दायित्वमा पनि सरकार गम्भीर नदेखिनु मुलुकका लागि दुर्भाग्य नै हो । यस्तो परिस्थिति वित्तीय कारबाही कार्यदलको खैरोसूचीभन्दा पनि घातक हुने भएकाले पहिला यसको अन्त्य हुनु जरुरी छ । कदाचित् त्यसो भयो भने खैरोसूचीबाट मुलुकले मुक्ति पाउन लामो र कष्टसाध्य मार्ग तय गर्नुपर्ने थिएन ।

अन्त्यमा, अर्थशास्त्रमा कुनै पनि चरहरूको प्रभावकारिता 'अन्य कुरा यथावत रहेमा' भन्ने मान्यताका आधारमा अध्ययन हुने गर्छ । कार्यदलको खैरोसूचीको प्रभावहरूका बारेमा उल्लेख गर्दा पनि सबै अध्ययनले 'अन्य कुरा यथावत् रहेमा' भन्ने मान्यताकै आधारमा गरेको देखिन्छ । तर, बिडम्बना, नेपालको सन्दर्भमा चाँहि अहिले सतहमा देखिएका कतिपय सरकारी निर्णय प्रक्रिया तथा क्रियाकलापहरू हेर्दा देशको अर्थतन्त्रमाथि गम्भीर रूपले आघात पार्न कार्यदलको खैरोसूचीको भन्दा कयौं गुना बढी यिनै 'अन्य कुरा' को भूमिका नै अहं हुने जोखिम देखिन्छ ।

*लेखक सम्पत्ति शुद्धीकरण विषयमा विद्यावारिधिप्राप्त बैंकर हुन् ।*


# नेपालमा उत्पादन पद्धतिको विकासक्रम

नेपाल प्राकृतिक स्रोतसाधनले भरिपूर्ण भए तापनि विभिन्न स्वार्थको चक्रव्यूहमा परी गरीब राष्ट्रको सूचीमा सूचीकृत भएको छ । नेपाल प्रायः निर्वाहमुखी किसान, श्रमजीवी वर्गको बाहुल्य भएको मुलुक हो । यहाँ करीब १० प्रतिशतभन्दा कम मात्रै सम्पन्न वर्गका मानिस रहेको अनुमान छ । तर पनि नेपालको समग्र अर्थराजनीति तिनै सीमित पूँजीपतिहरूको कब्जामा रहेको छ ।

जब नेपालमा बाइसे/चौबीसेहरूको राज्यको एकीकरण भयो, त्यससँगै सामन्ती राज्यसत्ता कायम भई सामन्तवादी उत्पादन पद्धति र प्रणालीलाई स्वीकार मात्र होइन, विकसित गर्दै त्यसलाई संस्थागतसमेत गरियो । यसैको आधारमा पूँजीवादी विकासको संक्रमण हुँदै गयो भन्दा अत्युक्ति नहोला । तर पनि एकीकरण सकिँदा नसकिँदै सन् १८१६ मा सुगौली सन्धिको माध्यमबाट विश्व पूँजीवादी बजारसँग जोडिनाले नेपालको राष्ट्रिय अर्थतन्त्रको विकासमा बाधाव्यवधान सृजना भए । परिणाम स्वरूप राणा शासनको आधार तयार गर्‍यो । तत्पश्चात् २००७ सालसम्म नेपालको स्रोतसाधनका साथै सम्पूर्ण श्रमशक्तिसमेत राणाहरूको विलासितामा प्रयोग भए । त्यसकारण यही समयदेखि नै नेपालमा सामन्ती उत्पादन पद्धति र परनिर्भरताको अध्याय शुरू भएको पाइन्छ ।

२००७ सालको जनक्रान्तिले जहानियाँ राणाहरूलाई बढारे पनि सामन्तवादी सोच र प्रवृत्तिलाई बढार्न सकेन । साथै, विभिन्न समयमा शाही शासनको अँधेरो छायामा नेपाली अर्थतन्त्रले आशातीत प्रगति गर्न सक्ने कुरै भएन । यस अवस्थामा सामान्य पूर्वाधारको विकास शुरुआत भएको भए पनि विदेशी सहायतामा सरकारी संस्थानहरू स्थापना गरिए पनि लोकतान्त्रिक पद्धतिको अभावमा वा आंशिक निरंकुशताका कारण राष्ट्रिय अर्थतन्त्रको विकास हुन सकेन । यस अवस्थामा राष्ट्रिय पूँजीको बचत र लगानी हुन नसकी उत्पादकत्व प्रायः ठप्पै भएर त्यसको ठाउँमा बाह्य उत्पादन (विदेशी वस्तु) आयातले ओगटेको कारण नेपाली जीवनशैली बाह्य उत्पादनमा निर्भर हुन पुग्यो ।

जब २०४६ सालमा प्रजातन्त्रको पुनःस्थापना भयो तत्पश्चात्का प्रजातान्त्रिक सरकारहरूले पनि



**मुलुक अहिले आर्थिक जटिलतामा रहेको छ । अब आउने गभर्नरले केकसरी काम गर्छन् त्यसले बैंकिङ र अर्थतन्त्र आदिमा प्रभाव र परिवर्तन देखिनेछ । यी चुनौतीसँग जुध्न सक्ने व्यक्ति नै यसका लागि योग्य हुने कुरा निर्विवाद छ ।**

**- भरत देवकोटा**

मौलिक अर्थतन्त्रको जग बसाउनुपर्नेमा विश्व बैंक, अन्तरराष्ट्रिय मुद्राकोष, एशियाली विकास बैंक र द्विपक्षीय तथा बहुपक्षीय विदेशी दातृ संस्थाहरूलाई खुशी पार्न वस्तुगत अध्ययनविना अन्धाधुन्ध लागू गरिएको खुला बजार अर्थतन्त्र र सन् १९९० को दशकबाट संस्थान निजीकरण उदारीकरण र विश्वव्यापीकरण जस्ता नीतिहरूले नेपालको परनिर्भरता सृजना गर्दै गयो । अलिअलि बाँकी रहेका सरकारी संस्थानहरू निजीकरण गर्दै सार्वजनिक पूँजीको अंश गुमाउँदै जाँदा किसान र सीमान्तकृत समुदायलाई उत्पादनमा लगाउने आधार नै संकुचन हुन पुग्यो । कृषिमा आधारित मौलिक अर्थतन्त्रको विकास गर्न कृषि उत्पादनका लागि मल, बिउ, सिँचाइ, यन्त्र औजार आदिमा सहायता अनुदान दिएर प्रोत्साहन गर्न नसक्दा कृषि उत्पादकत्व घट्न गई कृषि प्रधान देशमा दैनिक उपभोग्य खाद्यान्न आयात गर्नु पर्ने र श्रमशक्ति निर्यात गरी विप्रेषणलाई अर्थतन्त्रको आधार बनाउनुपर्ने अवस्था सृजना भयो ।

हाल नेपालमा भौतिक विकास निर्माणले गति लिँदै गरेको भए तापनि शिक्षा, स्वास्थ्य, स्वच्छ पिउने पानी, आवास, रोजगारी अनि सामाजिक सुरक्षा र सुशासन लगायतका सामाजिक लगानीको क्षेत्रमा पर्याप्त सरकारी लगानी गर्न सकेको छैन ।

- **नेपालमा प्रजातन्त्र, लोकतन्त्र, लोकतान्त्रिक गणतन्त्र वा गणतन्त्र जुनसुकै तन्त्र आए पनि अर्थतन्त्रको उत्पादन प्रवृत्ति, पद्धति र प्रणालीसाथै उत्पादनका साधनमाथिको स्वामित्वमा कुनै रूपान्तरण नभएको हुँदा उत्पादन र व्यापारमा परनिर्भरता बढ्दो नै देखिन्छ, घट्दो होइन ।**
- **राज्यले पूर्वाधार निर्माणमा र सामाजिक क्षेत्रमा समेत व्यापक लगानी गरी समग्र अर्थतन्त्रलाई नियमनकारी नेतृत्वदायी भूमिका निर्वाह गरेमा राष्ट्रिय अर्थतन्त्रले नियमित गति प्राप्त गर्न सक्छ ।**

यसले एकातर्फ भ्रष्टाचार, कुशासन र अराजकताको कुसंस्कृति विकास हुँदै गएर नेपाली जनजीविकामा समेत परनिर्भरता बढिरहेको छ भने अर्कोतर्फ विभिन्न माफिया, बिचौलिया, कालाबजारी, कथाकथित अभियन्ता र लोकप्रियताहरूले समग्र व्यवस्थामाथि नै प्रश्न उठाइरहेका छन् । यसरी उल्लिखित पश्चगामी नीति र अर्कोतर्फ दशवर्षे जनयुद्धले अर्थतन्त्रको हरेक क्षेत्रमा जडता सृजना मात्रै गरेन, आन्तरिक द्वन्द्व व्यवस्थापनका लागि समेत विदेशी सहायता खोज्नुपर्ने बाध्यताले गर्दा परनिर्भरता अझ चरम भयो । नेपालमा प्रजातन्त्र, लोकतन्त्र, लोकतान्त्रिक गणतन्त्र वा गणतन्त्र जुनसुकै तन्त्र आए पनि अर्थतन्त्रको उत्पादन प्रवृत्ति, पद्धति र प्रणालीसाथै उत्पादनका साधनमाथिको स्वामित्वमा कुनै रूपान्तरण नभएको हुँदा उत्पादन र व्यापारमा परनिर्भरता बढ्दो नै देखिन्छ, घट्दो होइन ।

माथि उल्लिखित प्रवृत्तिको परिणामस्वरूप करीब २५ खर्ब २३ अर्बभन्दा बढी विदेशी दायित्व पुग्नुका साथै प्रतिव्यक्ति ऋण भार करीब ८५ हजार पुग्नु र वार्षिक पूँजीगत बजेटको अधिकांश अंश वैदेशिक अनुदान र ऋणमा आधारित हुनु परनिर्भरताको भयावह स्थिति हो । यस परिप्रेक्ष्यमा राष्ट्रिय पूँजीपति वर्गले समेत ढुक्कले सास फेर्न पाएको पनि छैन । यस्तो स्थितिले दलाल, नोकरशाही र भ्रष्ट, अनियमित पूँजी विस्तारलाई प्रश्रय दिन्छ, जसका कारण राजनीतिमा समेत बाह्य प्रभाव हावी हुन्छ । राष्ट्रिय आत्मसम्मान र आत्मनिर्णयको अधिकार र राष्ट्रिय स्वाधीनतामा समेत आँच आउँछ जसको कारण आमजीवन स्तरमा नकारात्मक असर देखापर्छ । युवाशक्ति विदेशिनु, विप्रेषणबाट प्राप्त आयको अधिकांश अंश उपभोगमा खर्च हुनु, समाजमा बेरोजगारी बढ्नु, शान्तिसुरक्षा र सुशासनमा चुनौती थपिनुजस्ता समस्या देखिएका छन् । त्यसैगरी निजीकरण र उदारीकरणका साथै भूमण्डलीकरणको अन्धभक्तिवादी नीतिले पनि राष्ट्रिय अर्थतन्त्रलाई प्रभाव पारेको छ ।

माथिका उल्लिखित चुनौतीलाई सामना गर्न राष्ट्रिय अर्थतन्त्रको विकासको निम्ति राष्ट्रिय पूँजी निर्माण गर्न युवा जनशक्तिलाई स्वदेशमै उद्यमशील बन्न प्रोत्साहन गर्ने सरकारी नीतिको खाँचो पर्छ । राष्ट्रिय बजार पनि विस्तार गर्नुपर्छ । राज्यले पूर्वाधार निर्माणमा र सामाजिक क्षेत्रमा समेत व्यापक लगानी गरी समग्र अर्थतन्त्रलाई नियमनकारी नेतृत्वदायी भूमिका निर्वाह गरेमा राष्ट्रिय अर्थतन्त्रले नियमित गति प्राप्त गर्न सक्छ । सामाजिक न्यायसहितको आर्थिक विकाससँग समाजवादमा संक्रमणको आधार तयार गर्ने खालको नीति लिनुपर्छ । साथै अतिआवश्यक सार्वजनिक उपभोगका क्षेत्रको प्रत्याभूति सरकारद्वारा गरिनुपर्छ ।

*लेखक दुग्ध विकास संस्थानमा कार्यरत छन् ।*

# चैते धानखेतीमा किसान आकर्षित गर्न अनुदान



डुम्रे (तनहुँ) । चैते धानखेतीमा किसानलाई आकर्षित गर्ने उद्देश्यले तनहुँमा 'चैते धानखेती प्रवर्द्धन कार्यक्रम' सञ्चालन गरिएको छ । सिँचाइ सुविधा पुगेका अधिकांश क्षेत्रका खेतमा चैते धान रोपाइँ जारी रहेको कृषि ज्ञान केन्द्रले जनाएको छ ।

केन्द्रले चैते धानखेती प्रवर्द्धन कार्यक्रममार्फत किसानलाई ७५ देखि ८५ प्रतिशतसम्म अनुदानको व्यवस्था गरी सहज बनाइएको कृषि ज्ञान केन्द्रका बाली संरक्षण अधिकृत एवं सूचना अधिकारी किरण परियारले जानकारी दिए । उनले धान आयात कम गराउने लक्ष्यका साथ अनुदानको व्यवस्था गरिएको बताए ।

'चैते धानखेती गर्ने किसानले छाड्ने क्रम बढ्दै गएकाले प्रोत्साहन गर्न यो कार्यक्रम सञ्चालन गरिएको हो, उर्वरभूमिमा नै खेती गर्न छाड्दै गएको पाइन्छ,' उनले भने, 'विशेष गरी खेतीयोग्य जमिन बाँझो राख्ने अवस्थामा पुगेपछि यस कार्यक्रमले किसानलाई सहयोग पुग्नेछ ।' कृषि पेशामा आकर्षित गर्न पनि यसले टेवा पुग्ने सूचना अधिकारी परियारको भनाइ छ ।

परियारका अनुसार कार्यक्रमअन्तर्गत ढुवानी, बीउ, सिँचाइ, उपकरण खरीदमा अनुदानको व्यवस्था गरिएको छ । धानको बीउमा ७५ प्रतिशत र सिँचाइअन्तर्गत कुलो निर्माण र मर्मतमा ८५ प्रतिशत अनुदान छ । २ हजार ९४० रोपनी खेतमा चैते धानखेती गर्न १३ ओटा कृषक समूह तथा सहकारी यस कार्यक्रममा समावेश भएका छन् ।

कार्यक्रमका लागि ५० लाख रुपैयाँ बजेट विनियोजन भएको छ । कृषक समूह तथा सहकारीसँग सम्झौतासमेत भइसकेको केन्द्रले जनाएको छ । कार्यक्रमअन्तर्गत धान चुट्ने थ्रेसर, खेत जोत्ने मिनी टिलर तथा ट्र्याक्टरमा अनुदानको व्यवस्था गरिएको छ । सिँचाइ (कुलो) निर्माणका लागि २० लाख रुपैयाँ बजेट विनियोजन भएको छ ।

चैते धान विशेष गरी चिउराका लागि प्रयोग गरिने तर खेत बाँझो हुँदा भारतबाट आयात हुने गरेको सूचना अधिकारी परियारको भनाइ छ । किसानबाट माग धेरै आए पनि बजेट कम हुँदा सबैलाई समेट्न समस्या भएको उनले बताए ।

जिल्लाका ठूला फाँट सत्रसय, सेपाबगैंचा, कलेस्ती, पुर्कोट, म्याग्दे, तनहुँसुर, गजरकोटको अत्रौली, आँबुखैरेनी, साँगे फाँटलगायत स्थानमा रोपाइँ भइरहेको छ । उनी भन्छन्, 'हालसम्म सिँचाइ सुविधा पुगेको क्षेत्रमा ८५ प्रतिशत चैते धान रोपाइँ सकिएको छ ।'

केही वर्षयता चैते धानखेती कम हुँदै गएकाले यस कार्यक्रम सञ्चालन गरिएको उनले बताए । परियारका अनुसार वर्षेनि चैते धानखेती घट्दै गएको छ । अघिल्लो वर्ष ६ हजार हेक्टर क्षेत्रफलमा चैते धानखेती गरिन्थ्यो । गत वर्ष १ हजार ८०२ हेक्टरमा चैते धानखेती गरिएकामा ८ हजार ७०४ मेट्रिक टन धान उत्पादन भएको थियो । यसैगरी आर्थिक वर्ष २०७९/८० मा २ हजार ४७० हेक्टर जमिनमा खेती गरिएकामा ११ हजार १८३ मेट्रिक टन धान उत्पादन भएको थियो । चैते धानखेती प्रवर्द्धन कार्यक्रमले धान उत्पादनमा वृद्धि हुने अपेक्षा गरिएको केन्द्रले जनाएको छ ।

जिल्लामा करीब ५१ हजार ५५० हेक्टर क्षेत्रफलमा खेतीयोग्य जमिन छ । त्यसमध्ये ६ हजार ३४७ हेक्टरमा १२ महिना सिँचाइ सुविधा उपलब्ध छ । १३ हजार ५८३ हेक्टर सिँचित क्षेत्र र ७ हजार २३६ हेक्टर क्षेत्रफलमा बेमौसमी सिँचाइ सुविधा रहेको हुँदा आकाशे पानीको भरमा पनि किसानले धानखेती गर्छन् । समयमा पानी नपर्दा यस वर्ष चैते धानखेती कम हुने आकलन केन्द्रले गरेको छ । *रासस*

पृष्ठ १ बाट क्रमशः

## डाबर एक्लैको निर्यात...

रियल ब्रान्डमा भने कम्पनीले विभिन्न प्रकारका जुस बजारमा ल्याउने गरेको छ । यसका अधिकांश जुस भारत निर्यात हुने गरेको छ । च्यवनप्रास, गुल्कोज, डब, भाटिका स्याप्पु, टुथपेस्ट, हजमोलाजस्ता प्रडक्ट डाबर नेपालका चर्चित ब्रान्ड हुन् । त्यसैगरी कम्पनीले जडीबुटी संकलन गरेर भारत निर्यात पनि गर्छ । डाबर इन्डिया लिमिटेडको ९७ दशमलव ५० प्रतिशत स्वामित्व रहेको यस कम्पनीले ६ अर्ब ६० करोड रुपैयाँ बैंकबाट कर्जा लिन क्रेडिट रेटिङ गराएको हो । राष्ट्र बैंकको निर्देशनअनुसार ५० करोड रुपैयाँभन्दा बढी कर्जा लिन क्रेडिट रेटिङ अनिवार्य गर्नुपर्छ । कम्पनीले केयर एनपी ए १ प्लस रेटिङ पाएको छ जुन अति उच्चमध्येको रेटिङमा पर्छ । केयर रेटिङले सार्वजनिक गरेको विवरणअनुसार निर्यात वृद्धि हुँदा डाबर नेपाल लिमिटेडको कुल सञ्चालन आम्दानीमा वृद्धि देखिएको छ ।

गत आव २०८०/८१ मा कम्पनीले कुल सञ्चालन आम्दानी १६ अर्ब १६ करोड रुपैयाँ पुर्‍याएको छ जुन अघिल्लो आवको भन्दा १८ प्रतिशतले बढी हो । विगत वर्षको तुलनामा २९ प्रतिशतको वार्षिक निर्यात वृद्धिको कारणले यस्तो आम्दानी बढेको उल्लेख गरिएको छ । निर्यात बढ्दा सञ्चालन आम्दानी त्यसको अघिल्लो आव २०७९/८० को भन्दा १८ प्रतिशतले बढेको हो । डाबर नेपालले घरेलु बजारमा गर्ने विक्रीको वृद्धिदर भने स्थिर जस्तै देखिएको छ । यस्तै गत आवमा उक्त कम्पनीको आन्तरिक बजारको विक्री वृद्धिदर ५ दशमलव ५ प्रतिशतमा सीमित देखिएको छ । कम्पनीका केही उत्पादनमा मूल्य वृद्धि हुँदा र कच्चा पदार्थको लागत अस्थिर हुँदा घरेलु बजारको विक्री दरमा केही कमी आएको केयर रेटिङले सार्वजनिक गरेको विवरणमा उल्लेख गरिएको छ ।

उक्त विवरणअनुसार कम्पनीको कुल नगद सञ्चय पनि ३९ प्रतिशतले बढेर २ अर्ब ५४ करोड रुपैयाँ पुगेको छ । बैंकबाट धेरै ऋण पनि नलिएको र छोटो अवधिको चालू पूँजी कर्जा मात्र कम्पनीले तिर्नुपर्ने स्थिति हाल रहेको रेटिङ प्रतिवेदनमा उल्लेख छ । सन् १९८९ मा नेपालमा स्थापना भएको डाबर नेपालले उत्पादन भने सन् १९९२ देखि थालेको थियो । एफएमसीजी प्रडक्टका लागि अग्रणी मानिने डाबर नेपालका मुलुकभर ३०० वितरण केन्द्र छन् भने १ लाख संख्यामा रिटेल पोइन्ट पुगेका छन् ।

## पर्वतीय पथप्रदर्शकलाई 'हाई माउन्टेन रेस्क्यु' तालिम

काठमाडौं । हिमाल आरोहणलाई सुरक्षित बनाउन र आरोहणका क्रममा हुन सक्ने जोखिम व्यवस्थापन गर्न पर्वतीय पथप्रदर्शक (माउन्टेन गाइड)लाई पर्वतीय उद्धार तालिम दिइएको छ । नेपाल पर्वतारोहण संघको सहयोगमा नेपाल पर्वतारोहण प्रशिक्षक संघले २१ पथप्रदर्शकलाई 'हाई माउन्टेन रेस्क्यु ट्रेनिङ' दिएको हो । तालिममा सहभागीलाई मंगलवार आयोजित कार्यक्रममा संघका अध्यक्ष निमानुरु शेर्पाले प्रमाणपत्र वितरण गरे । दक्ष प्रशिक्षकले प्रशिक्षार्थीलाई लाङ्टाङ र काठमाडौंमा तालिम दिइएको हो । २० दिनको तालिममा 'इन्ट्रोडक्टरी रक क्लाइम्बिङ कोर्स', 'बेसिक माउन्टेन रेस्क्यु', 'आइस क्लाइम्बिङ', 'हाइ अल्टिच्युट' लगायत विषयमा तालिम दिइएको थियो । *रासस*


## नेपाल हस्पिटालिटी एण्ड होटल लिमिटेडको थप शेयर जारी तथा रकम दाखिला गर्ने सम्बन्धमा

(प्रथम पटक प्रकाशित मितिः २०८१/१२/२७ गते)

यस कम्पनीको मिति २०८१/०९/२३ गतेको बिशेष साधारण सभाको निर्णयबाट संस्थापकहरुबाट चुक्ता गर्न कबुल गरेको पुँजी पुर्‍याउन कम्पनीमा चुक्ता हुन बाँकि प्रति शेयर रू. १००/- दरका ९,९०,००० कित्ता शेयर जारी गर्ने भएकोले संस्थापक शेयरधनीहरुलाई उपरोक्त शेयर खरिद तथा सो वापतको रकम दाखिला गर्नका लागि हार्दिक आह्वान गरिन्छ ।

आज्ञाले
कम्पनी सचिव

## नबिल बैंक लिमिटेड, हेटौंडा (चिसापानी) शाखा, मकवानपुर धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

(प्रकाशित मितिः २०८१/१२/२७)

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी फर्मले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्वन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८१/०५/२१ को अभियान दैनिक पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं संस्थाले यो सूचना प्रकाशित भएको पन्ध्र (१५) दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुले को दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं** वा **हेटौंडा (चिसापानी) शाखा, मकवानपुर** मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने ब्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा अवगत गराईन्छ ।

**तपसिल**

१

**ऋणीको नाम र ठेगानाको विवरण**

१. पिताम्बर दुलालकी छोरी अमर दास खतिवडाकी बुहारी चन्दू प्रसाद खतिवडाकी श्रीमती, चितवन जिल्ला रत्ननगर न.पा. वडा नं. १० स्थायी घर भई हाल मकवानपुर जिल्ला हेटौंडा न.पा. वडा नं. १५ बस्ने, ना.प्र.नं. ३५-०१-७२-०८१४६ (जारी मितिः २०७२/०८/१८, स्थान चितवन) भएकी **जमुना देवी खतिवडा ।**
२. अमर दास खतिवडाको नाति चन्द प्रसाद खतिवडाको छोरा मकवानपुर जिल्ला चुरिमाई गा.वि.स. वडा नं. ९ स्थायी घर भई हाल मकवानपुर जिल्ला हेटौंडा न.पा. वडा नं. १५ बस्ने, ना.प्र.नं. ३११०१५/४१९६९ (जारी मितिः २०६३/११/१८, स्थान मकवानपुर) भएका **शुसिल खतिवडा ।**

**ब्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण**

१. तारानाथ खतिवडाको नाति अमर दास खतिवडाको छोरा चितवन जिल्ला पञ्चकन्या गा.वि.स. वडा नं. ०१ स्थायी घर भई हाल मकवानपुर जिल्ला हेटौंडा न.पा. वडा नं. १५ बस्ने, ना.प्र.नं. ९७८१ (जारी मितिः २०३३/१/२०, स्थान चितवन) भएका **चन्द्र प्रसाद खतिवडा ।**
२. अमर दास खतिवडाको नाति चन्द प्रसाद खतिवडाको छोरा मकवानपुर जिल्ला चुरियामाई गा.वि.स. वडा नं. ९ स्थायी घर भई हाल मकवानपुर जिल्ला हेटौंडा न.पा. वडा नं. १५ बस्ने, ना.प्र.नं. ५५०५ (जारी मितिः २०६०/३/९, स्थान मकवानपुर) भएका **प्रकाश खतिवडा ।**
३. राम गोपाल पुडासैनी छोरी चन्दू प्रसाद खतिवडाकी बुहारी प्रकाश खतिवडाकी श्रीमती, मकवानपुर जिल्ला चुरियामाई गा.वि.स. वडा नं. ९ स्थायी घर भई हाल मकवानपुर जिल्ला हेटौंडा न.पा. वडा नं. १५ बस्ने, ना.प्र.नं. ३११०१५/४९२६९ (जारी मितिः २०६४/१२/२१, स्थान मकवानुर) भएकी **पार्वती खतिवडा ।**
४. विष्णु प्रसाद लम्सालकी छोरी चन्दू प्रसाद खतिवडाकी बुहारी शुसिल खतिवडाकी श्रीमती, मकवानपुर जिल्ला चुरियामाई गा.वि.स. वडा नं. ९ स्थायी घर भई हाल मकवानपुर जिल्ला हेटौंडा न.पा. वडा नं. १५ बस्ने, ना.प्र.नं. ३१-०१-६९-०१८८९ (जारी मितिः २०६९/०२/२५, स्थान मकवानुर) भएकी **सुष्मा लम्साल खतिवडा ।**

**धितोको विवरण**

**धितोमा रहेको घर/जग्गाको विवरणः**
चितवन जिल्ला रत्ननगर न.पा. वडा नं. १० स्थायी घर भई हाल मकवानपुर जिल्ला हेटौंडा न.पा. वडा नं. १५ बस्ने, **जमुना देवी खतिवडा**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको मकवानपुर जिल्ला रातोमाटे गा.वि.स. वडा नं. ९ सिट नं. ९ मा अवस्थित कि.नं. १२७ क्षेत्रफल ०-२-१४-० विघा घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

२

**ऋणीको नाम र ठेगानाको विवरण**

तारानाथ खतिवडाको नाति अमर दास खतिवडाको छोरा चितवन जिल्ला पञ्चकन्या गा.वि.स. वडा नं. ०१ स्थायी घर भई हाल मकवानपुर जिल्ला हेटौंडा न.पा. वडा नं. १५ बस्ने, ना.प्र.नं. ९७८१ (जारी मितिः २०३३/१/२०, स्थान चितवन) भएका **चन्द्र प्रसाद खतिवडा ।**

**ब्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण**

१. पिताम्बर दुलालकी छोरी अमर दास खतिवडाकी बुहारी चन्दू प्रसाद खतिवडाकी श्रीमती, चितवन जिल्ला रत्ननगर न.पा. वडा नं. १० स्थायी घर भई हाल मकवानपुर जिल्ला हेटौंडा न.पा. वडा नं. १५ बस्ने, ना.प्र.नं. ३५-०१-७२-०८१४६ (जारी मितिः २०७२/०८/१८, स्थान चितवन) भएकी **जमुना देवी खतिवडा ।**
२. अमर दास खतिवडाको नाति चन्द प्रसाद खतिवडाको छोरा मकवानपुर जिल्ला चुरिमाई गा.वि.स. वडा नं. ९ स्थायी घर भई हाल मकवानपुर जिल्ला हेटौंडा न.पा. वडा नं. १५ बस्ने, ना.प्र.नं. ३११०१५/४१९६९ (जारी मितिः २०६३/११/१८, स्थान मकवानपुर) भएका **शुसिल खतिवडा ।**
३. अमर दास खतिवडाको नाति चन्द प्रसाद खतिवडाको छोरा मकवानपुर जिल्ला चुरियामाई गा.वि.स. वडा नं. ९ स्थायी घर भई हाल मकवानपुर जिल्ला हेटौंडा न.पा. वडा नं. १५ बस्ने, ना.प्र.नं. ५५०५ (जारी मितिः २०६०/३/९, स्थान मकवानपुर) भएका **प्रकाश खतिवडा ।**
४. राम गोपाल पुडासैनीकी छोरी चन्दू प्रसाद खतिवडाकी बुहारी प्रकाश खतिवडाकी श्रीमती, मकवानपुर जिल्ला चुरियामाई गा.वि.स. वडा नं. ९ स्थायी घर भई हाल मकवानपुर जिल्ला हेटौंडा न.पा. वडा नं. १५ बस्ने, ना.प्र.नं. ३११०१५/४९२६९ (जारी मितिः २०६४/१२/२१, स्थान मकवानुर) भएकी **पार्वती खतिवडा ।**
५. विष्णु प्रसाद लम्सालकी छोरी चन्दू प्रसाद खतिवडाकी बुहारी शुसिल खतिवडाकी श्रीमती, मकवानपुर जिल्ला चुरियामाई गा.वि.स. वडा नं. ९ स्थायी घर भई हाल मकवानपुर जिल्ला हेटौंडा न.पा. वडा नं. १५ बस्ने, ना.प्र.नं. ३१-०१-६९-०१८८९ (जारी मितिः २०६९/०२/२५, स्थान मकवानुर) भएकी **सुष्मा लम्साल खतिवडा ।**

**धितोमा रहेको घर/जग्गाको विवरण**

चितवन जिल्ला पञ्चकन्या गा.वि.स. वडा नं. ०१ स्थायी घर भई हाल मकवानपुर जिल्ला हेटौंडा न.पा. वडा नं. १५ बस्ने, **चन्द्र प्रसाद खतिवडा**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको मकवानपुर जिल्ला रातोमाटे गा.वि.स. वडा नं. ५ सिट नं. ५ मा अवस्थित कि.नं. ४८७ क्षेत्रफल ०-८-०-० विघा घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

**लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्रफाराम बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा वा **हेटौंडा (चिसापानी) शाखा, मकवानपुर** बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८२/०१/१० गते ३:०० बजे भित्र यस बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा वा **हेटौंडा (चिसापानी) शाखा, मकवानपुर** बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८२/०१/११ गते ३:०० बजे बैंकको **हेटौंडा (चिसापानी) शाखा, मकवानपुर**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलामगर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुलगर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिनचाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसाग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर/बैंकर्स चेक वा बैंक जमानत समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ । स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबोल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गर्ने लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुग्याई दर्ता हुनआएको बोलपत्रउपर कुनै कारवाही हुने छैन ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **हेटौंडा (चिसापानी) शाखा, मकवानपुर** मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७९७९७

## काठ जिल्ला बाहिर बिक्री सुचना

(सूचना प्रकाशन मिति २०८१/१२/२७)

श्री भिमसेन सा.व.उ.स. चौदण्डीगढी न.पा.-१०, उदयपुरबाट उत्पादित रहेको १,२,३ लटको साल गोलिया १५८ थानको १४५८.५४ क्यू.फिट, सालको दायरा १.७५ चट्टा, काठ जिल्ला बाहिर बिक्री गर्नु पर्ने भएकोले २१ दिने सुचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीको लागि समुहमा सर्म्पक राख्नु होला । श्री भिमसेन सा.व.उ.स.चौदण्डीगढी न.पा.-१०, उदयपुर

## सप्तगण्डकी बचत तथा ऋण सहकारी संस्था लि.
भीमसेनगोला, काठमाण्डौं

### गैह्र बैंकिङ सम्पति लिलाम बिक्रि गर्ने बारे पुःन बोलपत्र आव्हानको सार्वजनिक सूचना

(प्रकाशित मिति २०८१/१२/२७)

यस संस्थाको स्वामित्वमा रहेको तपसिल बमोजिमको घरजग्गा गोप्य सिलबन्दी बोलपत्रद्वारा बिक्री गर्नुपर्ने भएको हुँदा उक्त घरजग्गा खरिद गरी लिन चाहने इच्छुक व्यक्ति, फर्म, कम्पनी वा संस्थाले निम्न बमोजिमको शर्तहरुको अधीनमा रही मिति २०८१/११/१९ गते ३५ दिने म्याद दिई आव्हान गरिएकोमा उक्त म्याद भित्र प्रर्याप्त बोलपत्रहरु प्राप्त हुन नआएकाले पुन यो सूचना प्रकाशित गरिएको हुँदा १५ दिन भित्र यस संस्थाको कार्यालयमा सिलबन्दी बोलपत्र पेश गर्नहुन आव्हान गरिन्छ ।

| जग्गाधनीको नाम | जिल्ला | गा.वि.स /न.पा | वडा नं. | कि.न. | क्षे. फ. |
|---|---|---|---|---|---|
| सप्तगण्डकी बचत तथा ऋण सहकारी संस्था लि. | ललितपुर | कार्यविनायक न.पा | ५ | ११६३ | १२७१८ ब.मी. |

**सम्पति बिक्री सम्बन्धी शर्त बन्देजहरु :**

१) सिलबन्दी बोलपत्र फाराम तोकिएको दस्तुर तिरी यस सहकारी संस्थाको कार्यालयबाट प्राप्त गर्न सकिने छ ।
२) सिलबन्दी बोलपत्र २०८१ बैशाख १० गते दिनको ३:०० बजेभित्र यस संस्थाको कार्यालयमा दर्ता गर्नुपर्ने छ ।
३) सिलबन्दी बोलपत्र २०८१ बैशाख ११ गते दिनको २:०० बजे यस संस्थाको कार्यालय काठमाण्डौंमा बोलपत्रदाता वा निजले नियुक्त गरेको प्रतिनिधिको रोहवरमा खोलिने छ । सो दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको भोलिपल्ट सोही समयमा खोलिने छ । बोलपत्रदाताहरु वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
४) आफूले कबोल गरेको रकम अङ्क र अक्षरमा स्पष्ट उल्लेख गरी कबोल गरेको अंङ्कको कम्तीमा १० प्रतिशत रकम यस संस्थाको हिमालयन बैंक लि.बत्तीसपुतलीमा रहेको बचत खाता नं.**03903160340011** नाममा जम्मा गरेको सक्कलै भौचर बोलपत्र साथ पेश गर्नुपर्ने छ ।
५) बोलपत्र पेश गर्ने ब्यक्तिको हकमा निजको नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि तथा फर्म, अन्य संगठित संस्था वा कम्पनीको हकमा संचालक समितिको निर्णयको प्रतिलिपि, इजाजत प्राप्त निकायको प्रमाणप्रत्रको प्रतिलिपि, अन्तिम करचुक्ता प्रमाण पत्रको प्रतिलिपि बोलपत्र साथ पेश गर्नुपर्ने छ ।
६) कुनै शर्त राखी पेश गरेको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वःत रद्द हुने छ ।
७) लिलाम बिक्री हुने सम्पत्तिको निरीक्षण गर्नुपरेमा वा सो सम्बन्धी जानकारी लिनुपरेमा संस्थाको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ ।
८) कुनै कारण खुलाई वा नखुलाई बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहने छ ।
९) सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालय लगाएत अन्य निकायमा लाग्ने सम्पूर्ण शुल्क /दैदस्तुर खरिद गरी लिने व्यक्ति वा संस्थाले तिर्नु बुझाउनु पर्नेछ ।
१०) बोलपत्र स्वीकृत भएको मितिले ७ दिनभित्र बोलकवोल गरेको सम्पूर्ण रकम बुझाई सकेपछि मात्र घरजग्गाको स्वामित्व हस्तान्तरण गर्न सकिनेछ ।
११) उक्त अवधिभित्र आफूले कबोल गरेको रकम दाखिला गर्न नल्याएमा धरौटी बापत राखिएको रकम जफत गरिने छ ।
१२) अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुने छ ।

## कार्यालय स्थानान्तरण सम्बन्धी सूचना

(सूचना प्रकाशन मिति २०८१/१२/२७)

यस प्रभु स्टील्स एण्ड हाईड्रो इन्भेष्टमेण्ट कम्पनी लिमिटेडको दैनिक काम काज भई रहेको काठमाडौं म.न.पा. ३२ मा अवस्थित मुख्य कार्यालय यही मितिः २०८२/०१/०३ गते बुधबारबाट NMB बैंक रहेको भवनबाट पश्चिम पट्टि मूल सडकमा रहेको भवनको दोस्रो तलामा सर्ने व्यहोरा सम्पूर्ण सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**प्रभु स्टील्स एण्ड हाईड्रो इन्भेष्टमेण्ट कम्पनी लिमिटेड**
का.म.न.पा.वडा नं.-३२, तिनकुने, काठमाडौं ।
सम्पर्क नं. ०१-५९१३७२८/५९१३७२९
Website: www.prabhusteel.com

## लकर उपर हकदावी सम्वन्धि ३५ दिने सूचना

यस बैंकका खातावाला श्री ईन्द्र लाल घिमिरेको नातिनी, श्री लोक नाथ घिमिरेको छोरी, सालु नगर, रामेछाप जिल्ला वडा नं. ०५ बस्ने श्री रमा अधिकारीको यही मिति २०८१/०७/१५ गतेका दिन मृत्यु भएकोले निज मृतकको नाममा यस बैंकको, बोडे कार्यालयको लकरमा रहेको सामान पाउँ भनि मृतकका श्रीमान् बसन्त कुमार अधिकारीले मिति २०२५/०४/०३ (२०८१/१२/२१) मा यस बैंक समक्ष निवेदन दिनु भएको हुँदा उक्त लकरका सामानहरुमा निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सबुत प्रमाण सहित हकदावी गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । म्याद भित्र प्राप्त नभएको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

सानिमा बैंक | www.sanimabank.com
महालक्ष्मी कार्यालय, ललितपुर, फोन : ०१-५७०९३६७

## राहदानी हराएको सूचना

यहि**मिति२०८१/१२/२०**गते नेपालगंज मा बाटोमा हिड्ने क्रममा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनुहुने महानुभावले मेरो निम्न ठेगानामा वा नजिकको प्रहरी कार्यालयमा बुझाइदिनु हुन अनुरोध गर्दछु ।

**नाम** : **यज्ञ मुर्ति न्यौपाने**
**राहदानी नं.** : **११५२७६८९**
**ठेगाना:** : **पाल्पा**
**सम्पर्क** : **९८५१०५४८०६**

## मोटरसाइकल हराएको सूचना

**मिति : २०८१।१२।२५** गते बेलुका ७:०० बजेको समयमा ललितपुर जिल्ला ल.पु.म.न.पा.वडा नं.१३ एकान्तकुना स्थित नेप्पा रेष्टुरेन्ट अगाडी पार्किङ गरी राखेको **बा.प्र ०२-०४० प ५५८६** नं. को कालो रातो रङ्गको **Pulsar 220 CC** मोटरसाइकल हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा तल दिएको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

**नाम** : **सुवास दुलाल**
**च्यासिस नं: MD2A13EX9MCJ9944**
**इन्जिन नं.: DKXCMJ33729**
**ठेगाना** : **वडा नं.८, जलस्रोत ललितपुर**
**सम्पर्क नं.: ९८५१०८५५५१**

*नेपाल सरकार*
## *ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय*
## *वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र*
*ताहाचल, काठमाडौं, नेपाल*
*फोनः +९७७-१-४४९८०१३/१४, इमेलःinfo@aepc.gov.np*

### संक्षिप्त सूची प्रकशित गरिएको सूचना

*सूचना प्रकशित मितिः २०८१।१२।२७*

प्रस्तुत बिषयमा यस केन्द्रबाट मितिः 21 January 2025 मा EoI Number: AEPC/CCS/EoI/2081/82-01 अन्तर्गत "Development of Municipal Energy Plan for Local Levels" कार्यको लागि आशायपत्र माग गर्ने सूचना प्रकाशित भए बमोजिम प्राप्त आशयपत्रदाताहरुको योग्यता, अनुभव र क्षमताको मूल्यांकन गरि तपशिल बमोजिमका आशयपत्रदाताहरुलाई संक्षिप्त सूचीमा समावेश गरिएको जानकारी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७० को उप-नियम १० बमोजिम तथा सोहि नियमवालीको सोहि नियमको उप-नियम १४ को प्रयोजनको लागि सम्बन्धित सबैको जानकारीकोलागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| क्र. सं. | संक्षिप्त सूचीमा समावेश आशयपत्रदाताहरुको नाम | क्र. सं. | संक्षिप्त सूचीमा समावेश आशयपत्रदाताहरुको नाम |
|---|---|---|---|
| १ | Maharudra Group Pvt. Ltd | ३ | ADAPT-Nepal and NEEDS JV |
| २ | Multiscope Solution Pvt. Ltd. | | |

संक्षिप्त सूचीमा समावेश आशायपत्रदाताहरुले प्राविधिक तथा आर्थिक प्रस्ताव तयार गरि पेश गर्ने प्रयोजनको लागि प्रस्ताव सम्बन्धी कागजात eGP मार्फत उपलब्ध गराईएको जानकारी समेत गराइन्छ ।

### जीवन बीमा कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ चैत २६)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड | २५६४.६८ | २७७८ | ३०१ |
| २ | लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड | ९९०.८४ | २४७५ | ९७५ |
| ३ | नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | ७७५.४ | १०६० | ५६६ |
| ४ | एशियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | ७४५.५९ | ८३१ | ५२३ |
| ५ | सन नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड | ६३३.६७ | ७४४.५ | ४४७.२ |
| ६ | नेशनल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | ६२५.०४ | ७७६.१ | ५२१.३ |
| ७ | प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेड | ५५०.१ | ७३२.२ | ४७३ |
| ८ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड | ५२८.५३ | ६००.१ | ४१२ |
| ९ | सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | ५००.२१ | ७७४.९ | ४३० |
| १० | आईएमई लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | ४६३.०३ | ६०६ | ४१२.५ |
| ११ | सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | ४४२.२४ | ६४४ | ३९५.१ |
| १२ | हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड | ४३१.६९ | ६०७ | ३६४.१ |
| १३ | सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स लिमिटेड | ४१३.२७ | ६५४ | ४०३.१ |

### निर्जीवन बीमा कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ चैत २६)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | राष्ट्रिय बीमा कम्पनी लिमिटेड | १४७२१.६६ | २२४९३.९ | १२८०० |
| २ | प्रभु इन्स्योरेन्स लिमिटेड | ९०८.७ | १११३ | ७४० |
| ३ | एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड | ९०७.९४ | १३८२ | ७३२ |
| ४ | सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लिमिटेड | ८२६.२८ | १०७६ | ७११.५ |
| ५ | नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड | ८०५.८३ | ११६२ | ७९५.३ |
| ६ | शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड | ७७४.२५ | ११२० | ६६९.४ |
| ७ | नेको इन्सुरेन्स लिमिटेड | ७४०.६५ | १०५० | ७३५ |
| ८ | सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लि. | ७१७.१२ | ९२६ | ६०२ |
| ९ | यूनाइटेड अजोड इन्स्योरेन्स लिमिटेड | ६३०.९३ | ८३७.३ | ५१५.५ |
| १० | हिमालयन एभरेष्ट इन्स्योरेन्स लिमिटेड | ५९७.८७ | ८१० | ५५८ |
| ११ | सानिमा जिआईसी इन्स्योरेन्स लिमिटेड | ५८२.९३ | ८१७.१ | ५०८.१ |
| १२ | आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स लिमिटेड | ५६३.१ | ७६० | ५०८ |

### होटल तथा पर्यटन कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ चैत २६)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | कालिञ्चोक दर्शन लिमिटेड | १०८६ | १३८१ | ७५२.१ |
| २ | तारागाउँ रिजेन्सी होटल्स लिमिटेड | १०२१.४२ | १५३८ | ६९५.१ |
| ३ | ओरियण्टल होटल्स लिमिटेड | ८७५.२३ | १२०५ | ७०४ |
| ४ | चन्द्रागिरि हिल्स लिमिटेड | ८५६.६१ | १३६० | ७६० |
| ५ | सिटि होटल लिमिटेड | ८३६.५५ | ११६८.५ | ५६२ |
| ६ | सोल्टी होटल लिमिटेड | ४७६.१३ | ६३६.५ | ४१६.५ |

## सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय :
बालुवाटार, काठमाण्डौ
फोनः ०१-४५२१८६१/६२/६३

## कर्जा चुक्ता नगर्ने ऋणीको धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री गर्न गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सम्बन्धी १५ दिने सूचना

**सूचना प्रकाशित मिति : २०८१/१२/२७ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक**

**बोलपत्र पेश गर्ने अन्तिम मिति २०८२/०१/१० गते कार्यालय समय भित्र**

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीले यस डेभलपमेन्ट बैंकको निम्न शाखा कार्यालयबाट विविध कर्जा शीर्षक अन्तर्गत लिई उपभोग गर्ने तपाई ऋणीले यस बैंक सँग गर्नु भएको कर्जाको शर्त सम्झौता बमोजिम समय-समयमा यस बैंकलाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना र अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्न पटक-पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बुझाउनु पर्ने रकम नबुझाई बैंकसँग गरेको ऋण तथा कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले र पत्र-पत्रिका द्वारा सार्वजनिक सूचना प्रकाशन गर्दा समेत कर्जा चुक्ता नगरेकोले कर्जाको सम्पूर्ण साँवा, व्याज, हर्जाना लगायतका अन्य दै-दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानत कर्ता समेतलाई यसै सूचनाद्वारा पुनः सूचित गर्नुका साथै गोप्य शिलबन्दी बोलपत्रद्वारा चल/अचल सम्पत्ति लिलाम बिक्री गर्नको लागि १५ (पन्ध्र) **दिने** सूचना प्रकाशित गरि आह्वान गरिएको छ। तोकिएको समय भित्र कर्जा चुक्ता नभएमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट धितो लिलाम बिक्री (दाखिल खारेज नामसारी प्रयोजनको लागि मात्र) गरि नामसारी गरिने भएकोले सो अवधिमा कार्यालय समय भित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ। प्राप्त बोलपत्रहरु बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलीपल्ट वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा बिहानको ११:०० बजे खोलिने हुँदा बोलपत्रदाता वा आधिकारीक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराइन्छ। तर बोलपत्रदाताको अनुपस्थितीले बोलपत्र खोल्न बाधा पुग्ने छैन। उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणीको नाम नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा अन्य कुनै सूचना बिनानै समावेश गरिने समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणीको अन्य चलअचल सम्पत्तिबाट समेत असूल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपसिल**

| ऋणी/अ.प्रा.व्यक्ति/जमानीकर्ताको विवरण | जमानीकर्ताको विवरण |
|---|---|
| **१) ऋणीः नेपाल मदर कन्सट्रक्सन कम्पनी प्रा.लि.**<br>दर्ता नं. : १९५८०६/०७५/०७६<br>दर्ता गर्ने कार्यालय : कम्पनी रजिष्ट्रारको कार्यालय, काठमाण्डौं<br>दर्ता मिति : २०७५/०४/२७<br>ठेगाना : रुन्टीगढी-०६, रोल्पा<br>पान नं. ६०६६३१००६<br><br>**अध्यक्ष/अख्तियार प्राप्त व्यक्तिको नाम : इश्वर के.सी.**<br>बाबुको नाम : बीरबहादुर खत्री<br>बाजेको नाम : जगत बहादुर खत्री<br>ठेगाना : जंकोट-०५, रोल्पा<br>हाल : घोराही-१२, दाङ्ग<br>ना.प्र.नं. : ५४/४४३८२, जारी मिति :२०६०/०२/०५<br>जारी गर्ने कार्यालय : जि.प्र.का, रोल्पा<br>**कर्जा लिएको शाखा : भालुबाङ्ग, दाङ** | **क) नाम : टिका कुमारी बोहरा**<br>बाबुको नाम : मेघ ब. बोहरा<br>पतिको नामः इश्वर के.सी<br>ससुराको नाम : बीरबहादुर खत्री<br>ठेगाना : रामपुर-०४, दाङ्ग<br>हाल : घोराही-१२, दाङ्ग<br>ना.प्र.नं. : ५२३०१७/८२<br>जारी गर्ने कार्यालय : : जि.प्र.का, दाङ्ग<br>जारी मिति : २०६३/१०/१८<br><br>**ख) नामः संकल्प के.सी. (शेयरधनी)**<br>बाबुको नाम : बीरबहादुर खत्री<br>बाजेको नाम : जगत बहादुर खत्री<br>ठेगाना : रोल्पा-०२, रोल्पा<br>हाल : घोराही-१२, दाङ्ग<br>ना.प्र.नं. : ५४-०१-७५-०१३६७<br>जारी गर्ने कार्यालय : जि.प्र.का, रोल्पा<br>जारी मिति : २०७५/०३/२६ |
| **सुरक्षणमा रहेको धितोको विवरणः** श्री मालपोत कार्यालय घोराही, दाङमा इश्वर के.सी को नाममा दर्ता कायम रहेको दाङ्ग जिल्ला, घोराही न.पा. वडा नं. ०८ ग स्थित कि.नं. ४९१२, ४८५५, ४८५८ र ४८५९ को क्षेत्रफल क्रमशः २४७, १८४, १५० र ९३.७७ वर्ग मिटरको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। | |

**शर्तहरु :**

१. बोलपत्र फाराम डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयबाट यस बैंकको सम्बन्धित शाखा कार्यालयको खाता नं. ९३०७४०१०५०१०१ " को SDBL– Other Non-Operating Income" मा रु ५००.००(अक्षेरुपी रु. पाँचसय रुपैंया मात्र) जम्मा गरी खरिद गर्न सकिनेछ।
२. बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। बोलपत्र फाराममा आफूले लिन चाहेको चल/अचल सम्पत्तिको विवरण यस डेभलपमेन्ट बैंकबाट प्रकाशित सूचनाको अधारमा भर्नु पर्नेछ।
३. बोलपत्रदाताले आफूले लिन कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुने रकम धरौटी वापत यस डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयमा यस बैंकको सम्बन्धित शाखा कार्यालयको खाता नं. ९२०६५०१०७०५०१ को "SADBL– Auction Deposit (Lilami)" मा Manager's Cheque, Good For Payment Cheque वा नगदै जम्मा गरी सक्कल रसिद यस बोलपत्र फारम साथ संलग्न गरी यस डेभलपमेन्ट बैंकको सम्बन्धित शाखा कार्यालय वा केन्द्रीय कार्यालयमा रहेको कर्जा असुली इकाईमा पेश गर्नुपर्नेछ।
४. लिलाम बिक्री हुने धितो निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ। साथैं सोहि अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ।
५. बोलपत्र स्वीकृत भएको वा नभएको जानकारी बोलपत्रदातालाई गराईनेछ र बोलपत्र स्वीकृत हुने बोलपत्रदाताले उक्त जानकारी पाए पछि बैंकले तोकेको समय मिति भित्र कबोल गरेको रकममा धरौटी रकम घटाई बाँकी सम्पूर्ण रकम बुझाई उपरोक्तानुसारको चल/अचल सम्पत्तिहरु आफ्नो नाँउमा नामसारी गरि लिनुपर्नेछ। सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ।
६. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म सामान्यतया धरौटी रकम फिर्ता दिईने छैन। उक्त धरौटी रकममा कुनै ब्याज दिइने छैन।
७. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ।
८. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस डेभलपमेन्ट बैंकमा नै नीहित रहनेछ र अस्वीकृत गर्दा डेभलपमेन्ट बैंकले कुनै पनि कारण खुलाउनुपर्ने छैन।
९. बोलपत्र सदर वा सुरक्षरणमा रहेको धितो नामसारी हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी रकम फिर्ता दिन सकिनेछ र उक्त धरौटी रकममा कुनै ब्याज समेत प्रदान गरिने छैन।
१०. अदालत वा अन्य अख्तियार प्राप्त निकायबाट लिलाम रोक्का गर्न आदेश प्राप्त भएमा लिलाम रोक्का गर्न सकिनेछ।
११. दा.खा. नामसारी गर्दा सम्बन्धित निकायमा लाग्ने सम्पूर्ण खर्चहरु स्वयम् बोलकबोल दाताले व्यहोर्नु पर्नेछ।

### लघुवित्त कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ चैत २६)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लिमिटेड | ५०९१.३१ | ६७३५ | १९१० |
| २ | उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड | ३१८०.५२ | ६६०० | १२९५ |
| ३ | विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड | २९९८.९ | ४२७१ | १२१२.३ |
| ४ | गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेड | २९१९.७५ | ३४८६ | १५६० |
| ५ | समाज लघुवित्त वित्तीय संस्था लिमिटेड | २४९९.५२ | ४१८१ | १७८० |
| ६ | सपोर्ट लघुवित्त वित्तीय संस्था लिमिटेड | २४७२.४५ | ४०२६.२ | १३०० |
| ७ | युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड | २२२१.६६ | ३२२३ | १५६५ |
| ८ | महिला लघुवित्त वित्तीय संस्था लिमिटेड | २२१७.५७ | २६४८.७ | १६४७ |
| ९ | श्रृजनशील लघुवित्त वित्तीय संस्था लिमिटेड | २१९४.९३ | २९०७ | ११०६ |
| १० | स्वाभिमान लघुवित्त वित्तीय संस्था लिमिटेड | १८३२.०५ | २४२६.४ | ११११ |
| ११ | सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड | १८१२.४२ | ३०४७ | ८०४ |
| १२ | नेप्डो समृद्ध लघुवित्त वित्तीय संस्था लिमिटेड | १७८०.७ | २६४१ | १६४१ |
| १३ | मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेड | १७३० | २५३० | ११३० |
| १४ | उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था लिमिटेड | १६५९.९२ | २३६३.३ | १३२० |
| १५ | गणपति लघुवित्त वित्तीय संस्था लिमिटेड | १६२८.८५ | २३२७ | १०७५ |
| १६ | सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड | १६०४.९ | १९५८ | १४०० |
| १७ | धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेड | १५७५.३८ | २२५० | १०९१ |
| १८ | मिथिला लघुवित्त वित्तीय संस्था लिमिटेड | १४९२.६९ | २०१९ | ९८५ |
| १९ | जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड | १४४९.३३ | १८६०.४ | १०८० |
| २० | जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड | १३१६.९८ | १९२० | १२६९.१ |
| २१ | महुली लघुवित्त वित्तीय संस्था लिमिटेड | १२४८.६५ | १८५१ | १०६२.१ |
| २२ | ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लिमिटेड | १२३३.९९ | १८१५ | ९४६.१ |
| २३ | मातृभूमि लघुवित्त वित्तीय संस्था लिमिटेड | ११९९.२१ | १७१६ | ८२० |
| २४ | नेशनल लघुवित्त वित्तीय संस्था लिमिटेड | ११९१.२९ | १७२७ | १११५ |
| २५ | फरवार्ड माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड | ११६४.२४ | १७३९ | १०८८ |
| २६ | लक्ष्मी लघुवित्त वित्तीय संस्था लिमिटेड | १०८० | १४२८ | ८४० |
| २७ | कालिका लघुवित्त वित्तीय संस्था लिमिटेड | १०६६.८४ | १२८५ | ७३२.५ |
| २८ | अभियान लघुवित्त वित्तीय संस्था लिमिटेड | १०६०.७३ | १३०६.८ | ६५०.३ |
| २९ | आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था लिमिटेड | १०५०.७६ | १४९१ | ७३०.४ |
| ३० | हिमालयन लघुवित्त वित्तीय संस्था लिमिटेड | ९६२ | १४४७ | ६८१.१ |
| ३१ | स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेड | ९५८.८७ | १२५० | ६४० |
| ३२ | सम्पदा लघुवित्त वित्तीय संस्था लिमिटेड | ९३३.१८ | १४७०.८ | ६८७ |
| ३३ | इन्फिनिटी लघुवित्त वित्तीय संस्था लिमिटेड | ९०७.७ | १४९२ | ८८३ |
| ३४ | नाडेप लघुवित्त वित्तीय संस्था लिमिटेड | ८६८.५४ | ११९० | ६६५ |
| ३५ | विजय लघुवित्त वित्तीय संस्था लिमिटेड | ८६७.८३ | ११७४ | ६७० |
| ३६ | छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड | ८३७.२ | ११५५ | ८०० |
| ३७ | स्वावलम्बन लघुवित्त वित्तीय संस्था लिमिटेड | ८२८.१९ | १२३२ | ७११.५ |
| ३८ | ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेड | ८२४.९६ | ९८७ | ६०० |
| ३९ | समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड | ८२१.३२ | १२७१ | ६९४.२ |
| ४० | आशा लघुवित्त वित्तीय संस्था लिमिटेड | ८१४.२७ | ११७७ | ६९६.२ |
| ४१ | साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड | ७८८.८९ | ११०५ | ७८१ |
| ४२ | डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड | ७७९.३५ | १०९९ | ६७० |
| ४३ | फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड | ७६३.०६ | १००४ | ५९४.३ |
| ४४ | सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड | ७२७.७ | १२१४.८ | ७०७ |
| ४५ | एनएमबि लघुवित्त वित्तीय संस्था लिमिटेड | ७२४.२५ | ९१८ | ५८१ |
| ४६ | मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड | ७१५.७ | ९८० | ६०२ |
| ४७ | आरएसडिसी लघुवित्त वित्तीय संस्था लिमिटेड | ७१४.७४ | ८९० | ५९० |
| ४८ | निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | ६७२.५८ | ९३०.२ | ६१३ |
| ४९ | नेरूडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड | ६६५.८२ | ९८८ | ५९५ |
| ५० | एनआईसी एशिया लघुवित्त वित्तीय संस्था लिमिटेड | ६४४.९३ | ९०७ | ६०३.१ |

दर्तानं. १५४१८३/०७३/०७४

## स्वाभिमान लघुवित्त वित्तीय संस्था लि.
Swabhimaan Laghubitta Bittiya Sanstha Ltd.
"नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था (प्रादेशिकस्तर कार्य क्षेत्र भएको)"
**केन्द्रीय कार्यालय** : तिलोत्तमा-५, रुपन्देही

## आठौं बार्षिक साधारण सभा सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८१/१२/२७ गते)**

**आदरणीय शेयरधनी महानुभावहरु,**
यस वित्तीय संस्थाको मिति २०८१/१२/२५ गते बसेको संचालक समितिको निर्णयानूसार संस्थाको आठौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा देहायका प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुंदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सभा हुने मिति, स्थान र समय :**
**मिति** : २०८२/०१/१९ गते शुक्रवार (तदनुसार २ मे, २०२५)।
**समय** : अपरान्ह ११:०० बजे।
**स्थान** : स्वाभिमान लघुवित्त वित्तीय संस्था लि.को केन्द्रीय कार्यालय, तिलोत्तमा ५, रुपन्देही।

**छलफलका विषय सूचि :**

**क.सामान्य प्रस्ताव :**
१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूबाट प्रस्तुत हुने आर्थिक बर्ष २०८०/०८१ को बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।
२) लेखापरीक्षण प्रतिवेदन सहितको २०८१, आषाढ मसान्तको वासलात, आ.व. २०८०/०८१ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण सहितको वित्तीय विवरणहरु (अनुसूचीहरु समेत) छलफल गरी पारित गर्ने।
३) आर्थिक वर्ष २०८१/०८२ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षक नियुक्ति एंव निजको पारिश्रमिक निर्धारण गर्ने।
४) आ.व. २०८०/०८१ सम्मको कुल संचित वितरण योग्य मुनाफाबाट संस्थाको चुक्ता पुँजीको ०.२६३२ प्रतिशतले हुन आउने रकम रु.३,८४,५७५.२१ (अक्षरेपी रु. तीन लाख चौरासी हजार पांच सय पचहत्तर र पैसा २१/१००) बराबरको नगद लाभांश (कर प्रयोजनको लागि) बितरण गर्न स्वीकृत गर्ने।
५) रिक्त संचालक पदमा मनोनयन बारे।

**ख. बिशेष प्रस्ताव :**
१) आ.व. २०८०/०८१ सम्मको कुल संचित वितरण योग्य मुनाफाबाट संस्थाको चुक्ता पुँजीको ५ प्रतिशतले हुन आउने रकम ७३,०६,९२९। (अक्षरेपी रु. त्रिहत्तर लाख छ हजार नौ सय उन्नतीस) बराबरको बोनश शेयर जारी गर्न स्वीकृत गर्ने।
२) वित्तीय संस्थाको अधिकृत, जारी तथा चुक्ता पुँजी बृद्धि गर्ने र सोही बमोजिम प्रबन्ध पत्रमा संशोधन गर्ने।
३) वित्तीय संस्थाको प्रबन्धपत्र आवश्यक संशोधन सम्बन्धमा।
४) संस्थाको प्रबन्धपत्र संशोधन गर्ने प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन संशोधन तथा सच्याउनको लागि संचालक समितिलाई अख्तियारी दिने।

**ग. विविध।**

**साधारण सभाको सन्दर्भमा शेयरधनी दर्ता किताब बन्द रहने सूचना :**
मिति २०८२/०१/११ गते वित्तीय संस्थाको दर्ता बन्द (Book Close) रहनेछ। नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०८२/०१/१० गते सम्म कारोवार भई प्रचलित कानून बमोजिम शेयर नामसारी भई कायम शेयरधनीहरुले मात्र साधारण सभामा भाग लिन र मतदान गर्न सक्ने निर्णय गरियो।

**संचालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

**साधारण सभा सम्बन्धी सामान्य जानकारी :**
१. साधारण सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुले आफ्नो हितग्राही खाता नं. (BOID) तथा परिचय खुल्ने फोटो सहितको कुनै प्रमाणपत्र अनिवार्य रुपमा साथमा लिई सभामा भाग लिन आउनु हुन अनुरोध छ। संगठित संस्थाबाट प्रतिनिधित्व गर्ने भएमा संगठित संस्थाको आधिकारिक पत्र पेश गर्नुपर्नेछ।
२. सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुलाई सभा हुने दिन शेयर प्रमाणपत्रमा उल्लेखित परिचयपत्र नम्वर/हितग्राही (DMAT) खाता खोलिएको प्रमाण सहित साथमा लिई आउनु हुन अनुरोध छ।
३. साधारण सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रोक्सी फाराम कम्पनीको केन्द्रीय कार्यालय, तिलोत्तमा ५, रुपन्देहीमा साधारण सभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै दर्ता गरिसक्नु पर्नेछ। सभामा भाग लिनका लागि प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्कै मुकर्रर गर्ने भएमा सोको लिखित सूचना सोही अवधिभित्र संस्थाको केन्द्रीय कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ। यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको ब्यक्ति समेत संस्थाको शेयरधनी हुनु पर्नेछ।
४. प्रतिनिधि नियुक्ति गरिसक्नु भएको शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गनुभएमा प्रोक्सी दिई सकेको भएपनि त्यस्तो प्रोक्सी बदर हुनेछ।
५. नावालक वा फरक किसिमले सक्षम शेयरधनीहरुज्युका तर्फबाट संस्थाको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको ब्यक्तिले सभामा भागलिन वा प्रतिनिधि तोक्न पाउनेछन्।
६. शेयरधनी महानुभावहरुबाट ब्यक्त गरिएका प्रश्न, जिज्ञासा वा मन्तब्यहरुको सम्बन्धमा संचालक समितिको तर्फबाट अध्यक्ष वा निजबाट अनुमति प्राप्त ब्यक्तिले जवाफ दिन सक्नेछन्।
७. शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभा हुने दिन बिहान १०:०० बजे देखि खुल्ला रहनेछ।
८. अन्य थप जानकारीका लागि संस्थाको केन्द्रीय कार्यालय, तिलोत्तमा ५, रुपन्देहीमा सम्पर्क गर्नुहुन अनुरोध छ।

### एशियाली शेयर बजारका सूचक (अपडेट : २०२५ अप्रिल ८)

| स्टक एक्सचेन्ज | सूचकको नाम | इन्डेक्स | फरक प्रतिशत |
|---|---|---|---|
| बम्बई स्टक एक्सचेन्ज | बीएसई सेन्सेक्स | ७४,२२७.०८ | १.४९% |
| नेशनल स्टक एक्सचेन्ज | निफ्टी ५० | २२,५३५.८५ | १.६९% |
| जापान एक्सचेन्ज ग्रुप | निक्केइ २२५ | ३३,०१२.५८ | ६.०३% |
| हङकङ स्टक एक्सचेन्ज | हाङ्सङ् | २०,१२७.६८ | १.५१% |
| साङ्हाई स्टक एक्सचेन्ज | साङ्हाई एसई कम्पोजिट इन्डेक्स | ३,१४५.५५ | १.५८% |

### वाणिज्य बैंकहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ चैत २६)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | स्ट्याण्डर्ड चार्टर्ड बैंक लिमिटेड | ६३५.४ | ७९० | ५११ |
| २ | एभरेष्ट बैंक लिमिटेड | ६०६.१ | ७९० | ४९२.१ |
| ३ | नबिल बैंक लिमिटेड | ४८४.६५ | ७०० | ४१९ |
| ४ | नेपाल एसबिआई बैंक लिमिटेड | ४१६.८१ | ५४९ | २६८.६ |
| ५ | एनआईसी एशिया बैंक लिमिटेड | ३७२.४९ | ५७३ | ३४१.६ |
| ६ | सानिमा बैंक लिमिटेड | २९९.७४ | ३८२ | २२८ |
| ७ | कृषि विकास बैंक लिमिटेड | २९१.०९ | ४२८.४ | २२०.५ |
| ८ | सिद्धार्थ बैंक लिमिटेड | २८४.४२ | ३८० | २१४ |
| ९ | एनएमबि बैंक लिमिटेड | २५२.१३ | ३०० | १६२ |
| १० | प्राइम कमर्सियल बैंक लिमिटेड | २५०.४३ | ३२९ | १८६.९ |
| ११ | नेपाल बैंक लिमिटेड | २४६.८ | ३३७.५ | १९५.१ |
| १२ | हिमालयन बैंक लिमिटेड | २३८.९२ | ३१२.१ | १६७.१ |
| १३ | माछापुच्छ्रे बैंक लिमिटेड | २२८.४८ | २९५ | १५७.८ |
| १४ | लक्ष्मी सन्राइज बैंक लिमिटेड | २१९.६५ | ३०० | १४३.६ |
| १५ | ग्लोबल आइएमई बैंक लिमिटेड | २१८.५ | ३०२ | १७० |
| १६ | नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. | २१३.६७ | २९५ | १४७.४ |
| १७ | सिटिजन्स बैंक इन्टरनेसनल लि. | २११.८८ | २९६ | १५२.५ |
| १८ | कुमारी बैंक लिमिटेड | २०९.२४ | २७२.९ | १२९.६ |
| १९ | प्रभु बैंक लिमिटेड | २०९.१ | २९७ | १३२ |

### फाइनान्स कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ चैत २६)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | नेपाल फाइनान्स लिमिटेड | ६९३.६४ | २६१४.९ | ४२६ |
| २ | गुडविल फाइनान्स लिमिटेड | ६६२.२५ | १३५३ | ४३८ |
| ३ | मल्टीपर्पस फाइनान्स लिमिटेड | ६३०.७९ | ९३६.९ | ३६२.५ |
| ४ | सेन्ट्रल फाइनान्स लिमिटेड | ६००.२ | ८२० | ३५४ |
| ५ | आइसिएफसि फाइनान्स लिमिटेड | ६००.०३ | ९१० | ४८८ |
| ६ | मञ्जुश्री फाइनान्स लिमिटेड | ५९९.५३ | ९१७ | ४९० |
| ७ | गोर्खाज फाइनान्स लिमिटेड | ५८२.३३ | १०४१ | ५४८ |
| ८ | बेष्ट फाइनान्स कम्पनी लिमिटेड | ५५५.८४ | ९५१.६ | ३४३ |
| ९ | प्रोग्रेशिभ फाइनान्स लिमिटेड | ५४०.७ | ८६५ | ३१३ |
| १० | समृद्धि फाइनान्स कम्पनी लिमिटेड | ५३५.४३ | १११७.९ | ३१० |
| ११ | रिलायन्स फाइनान्स लिमिटेड | ५३३.३२ | ८३८ | ३४९.४ |
| १२ | श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कम्पनी लिमिटेड | ५२८.१७ | ७९५ | ३६६.४ |
| १३ | जानकी फाइनान्स कम्पनी लि. | ५११.१२ | १०८३.३ | ४०० |
| १४ | गुहेश्वरी मर्चेण्ट बैंकिङ्ग एण्ड फाइनान्स लिमिटेड | ५०६.९ | ७५९ | ३४८ |
| १५ | पोखरा फाइनान्स लिमिटेड | ४२४.४६ | ७९५ | ३३९.९ |

### विकास बैंकहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ चैत २६)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | नारायणी डेभलपमेन्ट बैंक लिमिटेड | १८२२.२ | २०६० | ४०० |
| २ | कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेड | १७७३.७५ | २८४२.३ | ४०५ |
| ३ | ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड | १२७८.५ | २००१.४ | ३७१.३ |
| ४ | सिन्धु विकास बैंक लिमिटेड | १२०१.९१ | १४८२ | ३४५ |
| ५ | सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेड | १०७१.३७ | १६२२.७ | २८५ |
| ६ | एक्सेल डेभलपमेन्ट बैंक लिमिटेड | ६१८.८४ | ८३८.२ | ३४३.५ |
| ७ | मितेरी डेभलपमेन्ट बैंक लिमिटेड | ६१४.७९ | ८४३.५ | ४१४ |
| ८ | कामना सेवा विकास बैंक लिमिटेड | ४३३.२८ | ५६४.८ | ३४१ |
| ९ | लुम्बिनी विकास बैंक लिमिटेड | ४१४.८४ | ५६० | ३६१ |
| १० | शाइन रेसुङ्गा डेभलपमेन्ट बैंक लि. | ४०८.७३ | ६२५ | ३५४ |
| ११ | सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेड | ४०१.७६ | ४९७ | २८८ |
| १२ | महालक्ष्मी विकास बैंक लिमिटेड | ३९०.०५ | ४९८ | ३११.७ |
| १३ | गरिमा विकास बैंक लिमिटेड | ३८९.४६ | ५३१.४ | ३५०.१ |
| १४ | मुक्तिनाथ विकास बैंक लिमिटेड | ३६०.२२ | ४८२ | ३३२.४ |
| १५ | ज्योति विकास बैंक लिमिटेड | ३३४.६ | ४४५ | २७५ |

### 'अन्य' कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ चैत २६)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | मुक्तिनाथ कृषि कम्पनी लिमिटेड | १६०९.४५ | १९२६ | ७८५ |
| २ | नेपाल पुनर्बीमा कम्पनी लिमिटेड | १३३४.४१ | १३८९.९ | ६३०.१ |
| ३ | हिमालयन रिइन्स्योरेन्स लिमिटेड | १०३९.६६ | ११५६ | ५१२ |
| ४ | नेपाल वेयरहाउजिङ्ग कम्पनी लि. | ९५२.७२ | १२६४ | ६७८ |
| ५ | नेपाल दूरसञ्चार कम्पनी लिमिटेड | ८९६.६४ | १२१४ | ८०० |
| ६ | नेपाल रिपब्लिक मिडिया लिमिटेड | ४८५.९७ | ६४५ | ३३८.१ |

### उत्पादन तथा प्रशोधन कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ चैत २६)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | युनिलिभर नेपाल लिमिटेड | ४६६०० | ५६८०५.८ | ३८४०० |
| २ | बोटलर्स नेपाल (बालाजु) लि. | १७८३०.२ | २२५०० | १४९०० |
| ३ | बोटलर्स नेपाल (तराई) लिमिटेड | १३१३५ | १८१०० | १२२०८.१ |
| ४ | हिमालयन डिष्टिलरी लिमिटेड | ११८९.९३ | १७४९ | ११३६ |
| ५ | सर्वोत्तम सिमेन्ट लिमिटेड | ७८८.७२ | १०६० | ६९६.८ |
| ६ | घोराही सिमेन्ट इण्डष्ट्री लिमिटेड | ५३९.७९ | ६६८ | ४६० |
| ७ | शिवम् सिमेन्ट्स लिमिटेड | ५२३.२८ | ७७९.९ | ४७०.५ |
| ८ | सोनापुर मिनरल्स् एण्ड आयल लि. | ४६६.८ | ६२४ | ४२२.१ |

### लगानी कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ चैत २६)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | सिईडिबि होल्डिङ्ग्स लिमिटेड | २३७१.८३ | २५०० | ६२७ |
| २ | नागरिक लगानी कोष | १९४१.२२ | २७०० | १८८७ |
| ३ | एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट लिमिटेड | १६७४.१३ | १७१५ | ४७८.३ |
| ४ | हाथवे इन्भेष्टमेण्ट नेपाल लि. | १३३९.६१ | १८१६ | ८०८.५ |
| ५ | इमर्जिङ्ग नेपाल लिमिटेड | ११९३.०६ | १४५३.५ | ७६६ |
| ६ | हाइड्रोईलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड | २७१.२३ | ३६० | १५८.१ |
| ७ | नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड | २६९.२९ | ३६६.६ | १८८.१ |

## कार्यालय स्थानान्तरण सम्बन्धी सूचना

**(सूचना प्रकाशन मिति २०८१/१२/२७)**

यस प्रभु केवलकार एण्ड टुरिजम लिमिटेडको दैनिक काम काज भई रहेको काठमाडौं म.न.पा. ३२ मा अवस्थित मुख्य कार्यालय यही मितिः २०८२/०१/०३ गते बुधबारबाट NMB बैंक रहेको भवनबाट पश्चिम पट्टि मूल सडकमा रहेको भवनको तेस्रो तलामा सर्ने व्यहोरा सम्पूर्ण सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**प्रभु केवलकार एण्ड टुरिजम लिमिटेड**
का.म.न.पा.-३२ तिनकुने, काठमाडौं।
फोन नं. ०१-५९०४९६१/५९०४९६४
www.prabhucablecar.com

# सामान्य घट्यो शेयर बजार

**अभियान संवाददाता**

काठमाडौं

मंगलवार निकै उतारचढावका बीच नेप्से परिसूचक सामान्य घटेको छ। २ हजार ६७१ दशमलव ६२ विन्दुदेखि खुला भएको यो दिनको बजार २ हजार ६३१ दशमलव ६८ विन्दुसम्म झरेको थियो भने २ हजार ६७४ दशमलव ८८ विन्दुसम्म पुगेको थियो। अन्तिममा बजार २ हजार ६६६ दशमलव ६१ विन्दुमा बन्द भएको हो।

अघिल्लो कारोबार दिन ३३ दशमलव ३३ अंक घटेको बजार यो दिन ३ दशमलव ४४ अंकले मात्र घटेको हो। चैत मसान्तको दबाब बजारमा परेको जानकारहरू बताउँछन्। मंगलवार १२२ कम्पनीको धितोपत्र मूल्य बढ्दा १२३ कम्पनीको धितोपत्र मूल्य भने घटेको छ।

यो दिन तीन कम्पनीको शेयर मूल्य सर्किट लेभलमा बढेको छ। बोटलर्स नेपाल (बालाजु) र विन नेपाल लघुवित्तको शेयर मूल्य १० प्रतिशतले बढेको हो भने नेपाल माइक्रो इन्स्योरेन्सको शेयर मूल्य ९ दशमलव ९९ प्रतिशत बढेको हो। नेपाल माइक्रो इन्स्योरेन्सको शेयर कारोबार पहिलो पटक भएको हो। कारोबारको पहिलो दिनमै कम्पनीको शेयर मूल्य सर्किट लेभलमा बढेको हो।

मंगलवार सर्वाधिक शेयर मूल्य भने बाराही हाइड्रोपावर पब्लिक लिमिटेडको घटेको छ। बाराही हाइड्रोपावरको शेयर मूल्य ५ दशमलव ८५ प्रतिशतले घटेर अन्तिम मूल्य १ हजार ४७ रुपैयाँ ६६ पैसा कायम भएको हो।

अघिल्लो कारोबार दिनभन्दा यो दिन कारोबार रकम घटेको छ। अघिल्लो कारोबार दिन ५ अर्ब ६५ करोड रुपैयाँभन्दा बढीको १ करोड १४ हजारभन्दा बढी कित्ता धितोपत्र कारोबार भएकोमा मंगलवार ५ अर्ब ३० करोड रुपैयाँभन्दा बढीको १ करोड ६ लाखभन्दा बढी कित्ता धितोपत्र कारोबार भएको हो।

यो दिन कारोबारमा एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट लिमिटेडले सर्वाधिक हिस्सा ओगटेको छ। कम्पनीको मंगलवार ५९ करोड १४ लाख रुपैयाँभन्दा बढीको शेयर कारोबार भएको हो।

कारोबारमा आएका १३ समूहगत सूचकमध्ये चार समूहको सूचक बढेको छ भने बाँकी सबै समूहको सूचक घटेको छ। तीमध्ये उत्पादन तथा प्रशोधन समूहको सूचक सबैभन्दा बढी १ दशमलव ५७ प्रतिशत वृद्धि भएको छ भने 'अन्य' समूहको सूचक सर्वाधिक शून्य दशमलव ५७ प्रतिशत घटेको छ।

पछिल्लो कारोबार दिनको उतारचढावलाई हेर्दा बजारप्रति लगानीकर्ताको मनोबल बढ्न नसकेको देखिन्छ।लगानीकर्ताको उत्साह बढ्ने खालका नयाँ विषय नआए आगामी दिनमा पनि बजार सकारात्मक बन्ने सम्भावना कम रहेको ब्रोकरहरूले अनुमान लगाएका छन्।

### बजार पूँजीकरण घट्यो

मंगलवार बजार पूँजीकरण रू. ५ अर्ब ७२ करोडले घट्दै रू. ४४ खर्ब २७ अर्ब ९५ करोड कायम भएको छ। अघिल्लो कारोबार दिन बजार पूँजीकरण रू. ४४ खर्ब ३३ अर्ब ६८ करोड थियो।

### कुल कारोबारमा सर्वाधिक हिस्सा जलविद्युत् समूहको

कारोबार रकमका आधारमा मंगलवार जलविद्युत् समूहले सर्वाधिक हिस्सा ओगटेको छ। कुल कारोबारमध्ये ३० दशमलव ५७ प्रतिशत हिस्सा ओगटेको उक्त समूहको रू. १ अर्ब ६२ करोड ३३ लाख बराबरको धितोपत्र किनबेच भएको छ। यस्तै, सर्वाधिक कारोबार गर्ने समूहमध्ये दोस्रो स्थानमा लगानी समूह रहेको छ। उक्त समूहको रू. ९१ करोड ९४ लाख बराबरको धितोपत्र किनबेच भएको छ।

### ब्रोकर नं. ५८ बाट सर्वाधिक कारोबार

मंगलवारको बजारमा ब्रोकर नं. ५८ सर्वाधिक कारोबार गर्नेमध्ये शीर्ष स्थानमा रहेको छ। उक्त ब्रोकरबाट रू. ८९ करोड ६६ लाख बराबरको धितोपत्र किनबेच भएको हो। कारोबार अवधिमा उक्त ब्रोकरबाट रू. ४९ करोड २९ लाख बराबरको धितोपत्र विक्री भएको छ भने रू. ४० करोड ३७ लाख बराबरको धितोपत्र खरीद भएको देखिन्छ। यस्तै, दोस्रोमा ब्रोकर नं. ३४ रहेको छ। जसबाट मंगलवारको बजारमा रू. ४० करोड ५९ लाख बराबरको धितोपत्र किनबेच भएको छ।

**मूल्य घटबढका आधारमा शीर्ष ५ धितोपत्र**

| बढेका धितोपत्र: धितोपत्र | अन्तिम मूल्य रू. | फरक (प्रतिशत) | घटेका धितोपत्र: धितोपत्र | अन्तिम मूल्य रू. | फरक (प्रतिशत) |
|---|---|---|---|---|---|
| बोटलर्स नेपाल (बालाजु) लिमिटेड | १७,८३०.२० | १०.०० | बाराही हाइड्रोपावर पब्लिक लिमिटेड | १,०४७.६६ | -५.८५ |
| विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड | २,९९८.९० | १०.०० | सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड | १,८१२.४२ | -४.६२ |
| नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लिमिटेड | ३३२.५० | ९.९९ | उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था लि. | १,६५९.९२ | -४.६२ |
| मैलुङ खोला जलविद्युत् कम्पनी लिमिटेड | ५५८.१७ | ४.०४ | सयपत्री हाइड्रोपावर लिमिटेड | ७६९.३९ | -३.५८ |
| गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेड | २,९१९.७५ | ३.९३ | माया खोला हाइड्रोपावर कम्पनी लिमिटेड | ५००.२५ | -२.८३ |

**समूहगत परिसूचकमा आएको परिवर्तन**

| क्र.सं. | समूह | समूहगत परिसूचक | परिवर्तन (%मा) |
|---|---|---|---|
| १ | उत्पादन तथा प्रशोधन | ७,०४१.३१ | १.५७ |
| २ | व्यापार | ४,६७९.८८ | ०.७० |
| ३ | वित्त | २,५५२.१७ | ०.६० |
| ४ | निर्जीवन बीमा | १२,२०८.१७ | ०.१३ |
| ५ | लघुवित्त | ४,७९२.५१ | -०.०८ |
| ६ | म्युचुअल फण्ड | १९.१५ | -०.१५ |
| ७ | विकास बैंक | ५,४३०.२४ | -०.१६ |
| ८ | जीवन बीमा | १३,२८५.५९ | -०.१७ |
| ९ | लगानी | १०८.०९ | -०.२५ |
| १० | बैंकिङ्ग | १,३५९.८३ | -०.३० |
| ११ | होटल तथा पर्यटन | ६,३१०.०९ | -०.४८ |
| १२ | जलविद्युत् | ३,४३९.४७ | -०.४९ |
| १३ | अन्य | २,४४७.२९ | -०.५७ |

**समूहगत कारोबार**

| क्र.सं. | समूह | कारोबार रकम (रू. करोडमा) | कारोबारमा हिस्सा(%मा) |
|---|---|---|---|
| १ | जलविद्युत् | १६२.३३ | ३०.५७ |
| २ | लगानी | ९१.९४ | १७.३२ |
| ३ | अन्य | ६९.०३ | १३.०० |
| ४ | विकास बैंक | ४७.३८ | ८.९३ |
| ५ | बैंकिङ्ग | ३५.१५ | ६.६२ |
| ६ | जीवन बीमा | ३४.९५ | ६.५८ |
| ७ | लघुवित्त | २४.३४ | ४.५८ |
| ८ | उत्पादन तथा प्रशोधन | २२.६६ | ४.२७ |
| ९ | वित्त | १५.२४ | २.८७ |
| १० | निर्जीवन बीमा | १४.५५ | २.७४ |
| ११ | होटल तथा पर्यटन | ५.४६ | १.०३ |
| १२ | संस्थापक शेयर | ४.०२ | ०.७६ |
| १३ | व्यापार | २.३८ | ०.४५ |
| १४ | म्युचुअल फण्ड | १.१५ | ०.२२ |
| १५ | ऋणपत्र | ०.२८ | ०.०५ |

**शीर्ष ५ ब्रोकर (रकम रू. करोडमा)**

| ब्रोकर नं. | खरीद रकम | विक्री रकम | जम्मा रकम |
|---|---|---|---|
| ५८ | ४०.३७ | ४९.२९ | ८९.६६ |
| ३४ | १८.७९ | २१.७९ | ४०.५९ |
| ४२ | १९.६९ | २०.४७ | ४०.१७ |
| ४९ | १७.३४ | १७.५६ | ३४.९१ |
| ४५ | १५.३० | १७.०२ | ३२.३२ |

**सर्वाधिक कारोबार भएका पाँच धितोपत्र**

| धितोपत्रको नाम | कारोबार रकम (रू. करोडमा) |
|---|---|
| एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट लिमिटेड | ५९.१४ |
| हिमालयन रिइन्स्योरेन्स लिमिटेड | ४०.६५ |
| नेपाल पुनर्बीमा कम्पनी लिमिटेड | २३.१३ |
| युनाइटेड मोदी हाइड्रोपावर लिमिटेड | २१.५० |
| राधी विद्युत् कम्पनी लिमिटेड | १८.०३ |

## विन नेपाल लघुवित्तको एफपीओमा मागभन्दा करीब ४५६ गुणा बढी आवेदन

**एफपीओ अपडेट**

| कम्पनी | विन नेपाल लघुवित्त वित्तीय संस्था लि. |
|---|---|
| दिन | २०८१ चैत २६ गते |
| एफपीओ निष्कासन भएको मूल्य | रू. १०० |
| कुल निष्कासन कित्ता | ५१ हजार २९२ |
| आवेदक संख्या | १९ लाख ७४ हजार ७०९ |
| आवेदन परेको कित्ता | २ करोड ३३ लाख ८४ हजार ५२० |
| आवेदन परेको रकम | २ अर्ब ३३ करोड ८४ लाख ५२ हजार |
| निष्कासनको तुलनामा माग | ४५५.९१ गुणा |
| निष्कासन बन्द भएको मिति | २०८१ चैत २६ गते |
| विक्री प्रबन्धक | नेपाल एसबिआई मर्चेन्ट बैंकिङ्ग लि. |

स्रोत : सीडीएससी

काठमाडौं (अस)। विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको एफपीओ खरीदका लागि अन्तिम दिनसम्म १९ लाख ७४ हजार ७०९ जनाको आवेदन परेको छ। सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड (सिडीएससी) ले दिएको जानकारी अनुसार चैत २६ गतेसम्म यी आवेदकहरूबाट २ करोड ३३ लाख ८४ हजार ५२० कित्ता शेयर खरीद माग भएको हो। यस आधारमा कम्पनीको एफपीओमा मागभन्दा ४५५ दशमलव ९१ गुणा बढी आवेदन परेको हो।

कम्पनीले चैत २१ गतेदेखि प्रतिकित्ता १०० रुपैयाँ अंकित मूल्यमा ५१ लाख २९ हजार २५० रुपैयाँ बराबरको ५१ हजार २९२ दशमलव ५ कित्ता एफपीओ निष्कासन गरेको हो। सर्वसाधारणमा यस अघिनै आईपीओ जारी गरिसकेको कम्पनीले सर्वसाधारणतर्फको हिस्सा ३० प्रतिशत कायम गर्न एफपीओ जारी गरेको हो।

## मेरोमाइक्रोफाइनान्सको ११ लाख ९१ हजारभन्दा बढी कित्ता संस्थापक शेयर सर्वसाधारणमा परिणत

काठमाडौं (अस)। मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेडको ११ लाख ९१ हजार ९६० कित्ता संस्थापक शेयर सर्वसाधारणमा परिणत भएको छ। कम्पनीको कुल १ करोड ४१ लाख ९० हजार कित्ता सूचीकृत शेयरमध्ये संस्थापकतर्फ ५१ प्रतिशत र सर्वसाधारणतर्फ ४९ प्रतिशत शेयर स्वामित्व कायम भएको हो।

कम्पनीले यस अघि कायम भएको संस्थापक तर्फको ५९ दशमलव ४० प्रतिशत शेयरमध्ये ८ दशमलव ४० प्रतिशत शेयर सर्वसाधारणमा परिवर्तन गरेको हो। परिवर्तित पूँजी संरचनापश्चात् कायम भएको ७२ लाख ३६ हजार ९०० कित्ता र सर्वसाधारण समूहतर्फ ६९ लाख ५३ हजार १०० कित्ता शेयर अनुपात हुने गरी नेप्सेमा समेत शेयर अभिलेख गरिएको छ। शेयर संरचना परिवर्तनसम्बन्धी प्रस्ताव कम्पनीले गत माघ ४ गते सम्पन्न वार्षिक साधारणसभाबाट पारित गरेको थियो।

## समता घरेलु लघुवित्तको बोनस शेयर सूचीकृत

काठमाडौं (अस)। समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेडको ५ प्रतिशत बोनस शेयर मंगलवार नेपाल स्टक एक्सचेन्ज (नेप्से) मा सूचीकृत भएको छ। कम्पनीले उक्त बोनस शेयर गत फागुन ११ गते सम्पन्न वार्षिक साधारणसभाबाट पारित गरेको थियो। पारित भएको डेढ महीनामा कम्पनीको बोनस शेयर बापतको २ लाख ९९ हजार ५४८ दशमलव ३६ कित्ता शेयर सूचीकृत भएको हो।

बुधवार (आज) देखि कारोबारयोग्य हुने यी शेयर सम्बन्धित शेयरधनीहरूले भने आफ्नो हितग्राही खातामा जम्मा भएपछि मात्र कारोबार गर्न सक्नेछन्। कम्पनीले यस वर्ष ५ प्रतिशत बोनस शेयरसँगै शून्य दशमलव २६ प्रतिशत नगद लाभांश (कर प्रयोजनार्थ) पनि वितरण गर्ने प्रस्ताव पारित गरेको थियो। साधारणसभा प्रयोजनका लागि कम्पनीले माघ २४ गते एक दिन बुक क्लोज गरेको थियो। बुक क्लोजको आधारमा माघ २३ गतेसम्म कायम शेयरधनीहरू मात्र लाभांश प्राप्त गर्न योग्य भएका छन्।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
THE MOST PREFERRED BANK FOR A TRANSFORMING NEPAL

नेपाल एसबिआई बैंक लिमिटेड
प्रधान कार्यालय, कमलादी, काठमाण्डौं, नेपाल
पो.ब.नं. ६०४९, फोन नं. ०१-५९७०३३३
SWIFT : NSBINPKA

## धितो सूरक्षणमा रहेको चल/अचल सम्पत्तिहरूको गोप्य शिलबन्दीद्वारा लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

प्रकाशित मिति २०८१/१२/२७ गते

यस बैंकको विभिन्न शाखाहरुबाट ऋण/कर्जा लिनु हुने तपसिलको ऋणीले लिएको ऋण/कर्जाको साँवा, व्याज र अन्य दैदस्तूर बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा बैंकलाई तिर्न बुझाउन लिखित एवं मौखिक तरताकेता गर्नुको साथै राष्ट्रिय दैनिक पत्रपत्रिका मार्फत ऋण/कर्जा चुक्ता गर्ने बारे ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सो को बेवास्ता गरी बैंकलाई तिर्न बुझाउन पर्ने रकम बुझाउन नआएकोले कर्जा लिंदाको बखत सुरक्षणमा लेखि दिएको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा रहेको छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरिने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

बैंकको कर्जा सुरक्षण स्वरुप रहेको तपसिलमा उल्लेखित सम्पत्ति (चल/अचल) लिन इच्छुक महानुभावहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस बैंकको प्रधान कार्यालय कमलादी, काठमाडौं वा शाखा कार्यालयहरुमा आई पुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ। तोकिएको समयभित्र बैंक समक्ष प्राप्त बोलपत्रहरु मिति २०८२/०१/१५ गते, दिनको ३:०० बजे बैंकको प्रधान कार्यालय कमलादी, काठमाडौंमा खोलिनेछ कथम कदापि उक्त दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट बोलपत्रहरु खोलिनेछ। उक्त दिन र समयमा उपस्थित हुनुहुन बोलपत्रवालाहरु साथै कर्जा सुरक्षण वापत बैंकको नाममा घर/जग्गा धितोबन्धक पारित गरिदिनुहुने धितो धनी तथा ऋण कर्जाको जमानी दिनु हुने तपसिलका उल्लेखित व्यक्तिहरु लगायत ऋणसँग सम्बन्धित सम्पूर्ण पक्षहरुलाई समेत यसै सूचनाद्वारा धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि सूचना प्रकाशित गरिएको जानकारी गराउँदछौं। बोलपत्र फारम बैंकको प्रधान कार्यालय कमलादी, काठमाडौं तथा शाखा कार्यालयहरुबाट रु. १०००.००/- (फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिने छ। बोलपत्रको सम्पूर्ण शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। लिलाम बिक्री हुन लागेको सम्पत्तिको विस्तृत विवरण बुझ्न चाहेमा यस बैंकको प्रधान कार्यालय कमलादी, काठमाडौं वा शाखा कार्यालयहरुमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नुहुनेछ।

**तपसिल**

**शाखा कार्यालय : लाहान, सिरहा**

**कर्जा शिर्षक : अधिविकर्ष कर्जा**

**ऋणीहरु : मुहम्मद मुस्तकिम अली, मो. साविर तथा मो. शाहिद**

**जमानतकर्ताहरू**

**१. नाम : मुहम्मद मुस्तकिम अली**
ना.प्र.नं. ना.वा.(४३७२) ८२९ स.सि.१५०, जि.प्र.का. सिरहा
जारी मिति : २०४२/०४/०९ मा जारी भई मिति २०४८/०६/११ मा प्रतिलिपि जारी
बाबुको नाम : भगला मियां
बाजेको नाम : गोदेल मियां
स्थायी ठेगाना : सिरहा जिल्ला, लाहान नगर पञ्चायत वडा नं. ९
हालको ठेगाना : सिरहा जिल्ला, लाहान न.पा. वडा नं. ९

**२. नाम : मो. शाहिद**
ना.प्र.नं. १५३००५/१९७, ई.प्र.का. लाहान
जारी मिति : २०६३/१२/२८ मा जारी भई मिति २०७२/१०/१२ मा प्रथम प्रतिलिपि जारी
बाबुको नाम : मो. मुस्तकिम अली, बाजेको नाम : भगला मियां
स्थायी ठेगाना : सिरहा जिल्ला, लाहान गा.वि.स./उ.म.न.पा. वडा नं. ९
हालको ठेगाना : सिरहा जिल्ला, लाहान न.पा. वडा नं. ९

**३. नाम : मो. साविर**
ना.प्र.नं. १५३००५/३८, जि.प्र.का. सिरहा
जारी मिति : २०६३/१२/२७
बाबुको नाम : मो. मुस्तकिम अली, बाजेको नाम : भगला मियां
स्थायी ठेगाना : सिरहा जिल्ला, लाहान गा.वि.स./उ.म.न.पा. वडा नं. ९
हालको ठेगाना : सिरहा जिल्ला लाहान, न.पा. वडा नं. ९

**४. नाम : मो. इमतियाज**
ना.प्र.नं. १५२००५/२९४४, ई.प्र.का. लाहान
जारी मिति : २०६७/०५/२०
बाबुको नाम : मुहम्मद मुस्तकिम अली, बाजेको नाम : भगला मियां
स्थायी ठेगाना : सिरहा जिल्ला, लाहान गा.वि.स./उ.म.न.पा. वडा नं. ९
हालको ठेगाना : सिरहा जिल्ला, लाहान न.पा. वडा नं. ९

**५. नाम : सवरुल खातुन**
ना.प्र.नं. १५३००५/२४, जि.प्र.का. सिरहा, जारी मिति : २०६३/१२/२९
पतिको नाम : मुहमद मुस्तकिम अली, ससुराको नाम : भगला मियां
स्थायी ठेगाना : सिरहा जिल्ला, लाहान गा.वि.स/उ.म.न.पा. वडा नं. ९, हालको ठेगाना : सिरहा जिल्ला, लाहान न.पा. वडा नं. ९

**धितोको विवरण**

**जग्गाको विवरण (स्रेस्ता बमोजिम) प्रदेश : मधेश, जिल्ला : सिरहा**

| न.पा./गा.वि.स./गा.पा. साविक | हाल | वडा नं. साविक | हाल | धितो सुरक्षण धनिको नाम | कित्ता नं. | क्षेत्रफल (विघा) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| लाहान गोठ | लाहान | ३ | ९ | मुहम्मद मुस्तकिम अली | ४१७ | ०-१-१३ | घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत। |

**शाखा कार्यालय : भैरहवा, रुपन्देही**

**१. कर्जा शिर्षक : अधिविकर्ष कर्जा**

**ऋणीहरू : विष्णु प्रसाद शर्मा गौतम तथा ममता गौतम**

**जमानतकर्ताहरू**

**१. नाम : विष्णु प्रसाद शर्मा गौतम**
ना.प्र.नं. ०१/१८९९१, जि.प्र.का. रुपन्देही
जारी मिति : २०४६/१०/२७ मा जारी भई मिति २०७९/१०/०८ मा प्रथम प्रतिलिपि जारी
बाबुको नाम : पदमनाथ शर्मा गौतम
बाजेको नाम : हिरा लाल शर्मा
स्थायी ठेगाना : रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ३
हालको ठेगाना : रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ८

**२. नाम : ममता गौतम**
ना.प्र.नं. २/७७६९, जि.प्र.का. रुपन्देही
जारी मिति : २०५३/११/०८
पतिको नाम : विष्णु प्रसाद शर्मा गौतम
ससुराको नाम : पदमनाथ शर्मा गौतम
स्थायी ठेगाना : रुपन्देही जिल्ला, सिद्धार्थनगर नगर पञ्चायत वडा नं. ३
हालको ठेगाना : रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ८

**३. नाम : निश्चल गौतम**
ना.प्र.नं. ३७१०२३/४६१९३, जि.प्र.का. रुपन्देही, जारी मिति : २०६८/०७/०१
बाबुको नाम : विष्णु प्रसाद शर्मा गौतम, बाजेको नाम : पदम नाथ शर्मा गौतम
स्थायी ठेगाना : रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. १३, हालको ठेगाना : रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ८

**धितोको विवरण**

**जग्गाको विवरण (स्रेस्ता बमोजिम) प्रदेश : लुम्बिनी, जिल्ला : रुपन्देही**

| न.पा./गा.वि.स./गा.पा. साविक | हाल | वडा नं. साविक | हाल | धितो सुरक्षण धनिको नाम | कित्ता नं. | क्षेत्रफल (व.मी.) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| सिद्धार्थनगर | सिद्धार्थनगर | ८ | ८ | ममता गौतम | ५३ (साविक ७६९) | ३७० (साविक ०-१-० बिघा) | घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत। |

माथी उल्लेखित धितो सम्पत्ति उल्लेखित ऋणीले लिएको अधिविकर्ष कर्जा वापत मालपोत कार्यालय रुपन्देहीमा रोक्का भई विष्णु प्रसाद शर्मा गौतम, ममता गौतम र निश्चल गौतमले लिएको व्यक्तिगत आवधिक कर्जा तथा एन.के.टायल ब्लक उद्योगले लिएको चालु पूँजी (एस.एम.ई) कर्जाको लागि समेत धितोबन्धक कायम भएको।

**शाखा कार्यालय : भक्तपुर**

**१. कर्जा शिर्षक : सवारी साधन कर्जा**

**ऋणी**

**नाम : जिज्ञासा सप्लायर्स**
दर्ता नं. : प्रा.फ.र.नं. १४१३२७/०७४/७५, स्थानिय व्यापार, दर्ता मिति : २०७५/०१/२१
रजिष्टर्ड ठेगाना : भक्तपुर जिल्ला, सुर्यविनायक न.पा. वडा नं. १, **प्रोप्राइटर : आयुष प्याकुरेल**

**जमानतकर्ताहरू**

**१. नाम : आयुष प्याकुरेल**
ना.प्र.नं. ०६१०३७/१२७०२३, जि.प्र.का. सुनसरी
जारी मिति : २०६५/०२/०१
बाबुको नाम : ठगेन्द्र प्रसाद प्याकुरेल
बाजेको नाम : टंक प्रसाद प्याकुरेल
स्थायी ठेगाना : सुनसरी जिल्ला, इनरुवा न.पा. वडा नं. ४
हालको ठेगाना : भक्तपुर जिल्ला, सुर्यविनायक न.पा. वडा नं. १

**२. नाम : उषा श्रेष्ठ**
ना.प्र.नं. ०६१०३७/१४४७५९, जि.प्र.का. सुनसरी
जारी मिति : २०६६/०९/१३
पतिको नाम : आयुष प्याकुरेल
ससुराको नाम : ठगेन्द्र प्रसाद प्याकुरेल
स्थायी ठेगाना : सुनसरी जिल्ला, इनरुवा गा.वि.स./उ.म.न.पा. वडा नं. ३
हालको ठेगाना : भक्तपुर जिल्ला, सुर्यविनायक न.पा. वडा नं. १

**सवारी साधनको विवरण**

| ईन्जिन नं. | चेसिस नं. | सवारी दर्ता नं. | मोडेल | बनेको मुलुक/निर्माता कम्पनी |
|---|---|---|---|---|
| E122059 | MEEBBA000J3583968 | बा २० च ६५१० | KWID RXT "O" | भारत/Renault |

| सि.सि./ईन्जिन पावर | सिट क्षमता | बनेको साल | पेट्रोल वा डिजेल | रंग | सवारी किसिम |
|---|---|---|---|---|---|
| ९९९ | ५ | २०१८ | पेट्रोल | Bronze | निजि |

**२. कर्जा शिर्षक : सवारी साधन कर्जा**

**ऋणी : समिन लामा**

**जमानतकर्ताहरू**

**१. नाम : समिन लामा**
ना.प्र.नं. ५३००१, जि.प्र.का. रामेछाप
जारी मिति : २०५८/११/२०
बाबुको नाम : काइला लामा, बाजेको नाम : बलविर लामा
स्थायी ठेगाना : रामेछाप जिल्ला, बेथान गा.वि.स. वडा नं. ७
हालको ठेगाना : भक्तपुर जिल्ला, सूर्यविनायक न.पा. वडा नं. ६

**२. नाम : चन्द्रलक्ष्मी मानन्धर**
ना.प्र.नं. २७७२७, जि.प्र.का. भक्तपुर
जारी मिति : २०५७/०३/२८
पतिको नाम : समिन लामा, ससुराको नाम : काइला लामा
स्थायी ठेगाना : भक्तपुर जिल्ला, भक्तपुर न.पा. वडा नं. ३
हालको ठेगाना : भक्तपुर जिल्ला, सूर्यविनायक न.पा. वडा नं. ६

**सवारीको विवरण**

| पेट्रोल वा डिजेल | इन्जिन नं. | मोडेल | बनेको मुलुक / निर्माता कम्पनी | सि.सि. |
|---|---|---|---|---|
| पेट्रोल | E002417 | DUSTER RXE | भारत/ रेनोल्ट | १४९८ |
| **रंग** | **च्यासिस नं.** | **बनेको साल** | **सवारी दर्ता नं.** | **सिट क्षमता** |
| सेतो | MEEHSRSGEJA002096 | २०१८ | प्रदेश ३-०१ ०२२ च ४९८९ | ५ |

**शाखा कार्यालय : दरबारमार्ग, काठमाडौं**

**कर्जा शिर्षक : आवास कर्जा**

**ऋणीहरू : अम्बिर बाबु गुरुङ्ग र रेनुका गुरुङ्ग**

**जमानतकर्ताहरू**

**१. नाम : अम्बिर बाबु गुरुङ्ग**
ना.प्र.नं. २८०६/३३९९, जि.प्र.का. ओखलढुङ्गा
जारी मिति : २०४१/१२/२ मा जारी भई मिति २०६८/०७/०८ मा प्रथम प्रतिलिपि जारी
बाबुको नाम : कर्णसिं गुरुङ्ग, बाजेको नाम : शेर सिंह गुरुङ्ग
स्थायी ठेगाना : ओखलढुंगा जिल्ला, रुम्जाटार गा.वि.स./उ.म.न.पा. वडा नं. ५
हालको ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ४

**२. नाम : रेनुका गुरुङ्ग**
ना.प्र.नं. १३१५, जि.प्र.का. काठमाडौं
जारी मिति : २०४४/०४/२१ मा जारी भई मिति २०४८/०७/१७ मा प्रतिलिपि जारी
पतिको नाम : अम्बिर बाबु गुरुङ्ग
ससुराको नाम : कर्णसिं गुरुङ्ग
स्थायी ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १०
हालको ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ४

**धितोको विवरण**

**जग्गाको विवरण (स्रेस्ता बमोजिम) प्रदेश : बागमती, जिल्ला : काठमाडौं**

| न.पा./गा.वि.स./गा.पा. साविक | हाल | वडा नं. साविक | हाल | धितो सुरक्षण धनिको नाम | कित्ता नं. | क्षेत्रफल (व.मी.) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| खड्का भद्रकाली | बुढानिलकण्ठ | ७ | ७ | रेनुका गुरुङ्ग | १९९ | ३४९.७० | घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत। |

**सम्बन्धित शाखा कार्यालयको सम्पर्क नं.**

भैरहवा, रुपन्देही ०७१-५७४४७१, भक्तपुर ०१-६६१९३८६, लाहान, सिरहा ०३३-५६३२२९, दरबारमार्ग, काठमाडौं ०१-४५४४३०३,

जि.प्र.का.काठ.द.नं. ७/०६२/६३, म.क्षे.हु.द.नं. २६/०६९/७०
बुधवार, २७ चैत २०८१ | Wednesday, 9 April 2025
आर्थिक अभियान



तस्वीर : रासस

जयनगर–जनकपुरधाम–भंगहा–बिजलपुरा ब्रोडगेज रेलमार्ग र पूर्व–पश्चिम रेलमार्गलाई जोड्ने महोत्तरीको बर्दिवासमा ५९ बिघा जग्गा क्षेत्रफलमा निर्माणाधीन बर्दिवास स्टेशन ।

### बीआरआई श्वेतपत्र सार्वजनिक

# नेपालले लाभ लिनुपर्नेमा जोड

**अभियान संवाददाता**

काठमाडौं

बेल्ट एन्ड रोड इनिसियटिभ (बीआरआई) कार्यान्वयनमा ढिलासुस्ती भइरहेका बेला काठमाडौंमा बीआरआई श्वेतपत्र सार्वजनिक गरिएको छ। प्रधानमन्त्री केपी शर्मा ओलीको चीन भ्रमणका कार्यक्रममा बहुचर्चित 'बीआरआई' कार्यान्वयन सम्बन्धी दुईपक्षीय समझदारी भए पनि अहिलेसम्म कुनै प्रगति हुन सकेको छैन ।

फ्रेन्ड्स अफ सिल्क रोड क्लब नेपालले मंगलवार सार्वजनिक गरेको उक्त श्वेतपत्रमा बीआरआईले विकाससँग सम्बन्धित समस्याको समाधान गर्ने, पूर्वाधार सम्पर्क सञ्जालमा व्यापकता ल्याउने र आर्थिक कोरिडोर तथा अन्तरराष्ट्रिय मार्गहरूको निर्माणमा महत्त्वपूर्ण टेवा पुऱ्याउने उल्लेख गरिएको छ ।

श्वेतपत्र सार्वजनिक कार्यक्रममा पूर्व परराष्ट्रमन्त्री एवं




कांग्रेस नेतृ सुजाता कोइरालाले बीआरआई चीन सरकारले प्रस्तुत गरेको महत्त्वाकांक्षी विकास रणनीति भएकाले यसको कार्यान्वयन गरी नेपालले लाभ लिनुपर्ने बताइन् । प्रधानमन्त्री ओलीको चीन भ्रमणका बेला भएको समझदारी तत्काल कार्यान्वयनका लागि सरकारले पहल गर्नुपर्नेमा उनले जोड दिइन् । 'नेपालले परियोजना समेत प्रस्ताव गरेको छ, तर अहिलेसम्म केही हुन सकेको छैन, यसका निम्ति पहलकदमी जरुरी छ,' उनले भनिन् ।

फ्रेन्ड्स अफ सिल्क रोड क्लब नेपालका महासचिव डा. कल्याणराज शर्माले बीआरआई विश्वव्यापी विकासको महत्त्वपूर्ण संरचना बनेकाले यसको कार्यान्वयन नेपालमा हुन जरुरी रहेको बताए । रेनमिक विश्वविद्यालय, चीनका सहप्राध्यापक सिया लुले पूर्वाधार, व्यापार र कूटनीतिक सम्बन्धमा समेत बीआरआई महत्त्वपूर्ण रहेको बताए ।

सन् २०१३ को सेप्टेम्बरमा कजाकस्तानस्थित नाजार्बाएव विश्वविद्यालयमा सम्बोधनका क्रममा चिनियाँ राष्ट्रपति सी चिनफिङले 'सिल्क रोड इकोनोमिक बेल्ट' निर्माण गर्ने प्रस्ताव गरेका थिए । त्यसको एक महीनापछि इन्डोनेसिया भ्रमणमा राष्ट्रपति सीले 'ट्वेन्टी फर्स्ट सेन्चुरी म्यारिटाइमी सिल्क रोड' निर्माणको प्रस्ताव गरेका थिए ।

यी दुवैलाई मिसाएर चिनियाँ राज्यपरिषद्को योजनामा 'वान बेल्ट वान रोड'का रूपमा प्रस्तुत गरिएको थियो । अहिले यसलाई 'बेल्ट एन्ड रोड इनिसियटिभ' भन्न थालिएको छ ।

विज्ञहरूका अनुसार बीआरआईमा उल्लिखित 'रोड' ले समुद्री मार्गलाई जनाउँछ भने 'बेल्ट'ले स्थलमार्गलाई जनाउँछ । बेल्टले चीनको पश्चिमी भागलाई मध्य एसिया, रूस, युरोप, भूमध्य सागर, अरब सागर, दक्षिणपूर्वी एसिया, दक्षिण एसिया र हिन्द महासागरसँग जोड्छ । त्यसैगरी 'रोड' ले समुद्री मार्गद्वारा चीनलाई युरोप र अफ्रिकासँग जोड्न थालिसकेको छ ।

# चीनलाई थप ५० प्रतिशत भन्सार लगाउने ट्रम्पको चेतावनी

## 'अन्त्यसम्म लड्ने' चीनको प्रतिज्ञा

पेचिङ (चीन) । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले दिएको ५० प्रतिशत थप भन्सार महसुलको धम्कीविरुद्ध चीनले 'अन्त्यसम्म लड्ने' प्रतिज्ञा गरेको छ । चीनको उक्त घोषणाले व्यापारिक युद्ध चर्किने देखिएको छ । ट्रम्पले गत हप्ता व्यापक भन्सार महसुल लगाएर विश्व अर्थतन्त्रमै तरंग ल्याएका थिए ।

यसले अन्तरराष्ट्रिय मन्दीको खतरा उत्पन्न गरेको छ । तर ट्रम्पले आफ्नो आक्रामक व्यापार नीतिमा कुनै विराम दिने सम्भावना अस्वीकार गरेका छन् । विश्वको दुई ठूला अर्थतन्त्रबीचको भिडन्तमा वासिङ्टनको प्रमुख आर्थिक प्रतिद्वन्द्वी पेचिङले बिहीवारदेखि लागू हुनेगरी अमेरिकी सामानमा ३४ प्रतिशत भन्सार शुल्क लगाएर प्रतिक्रिया दिएको छ ।

चीनबाट आएको द्रुत प्रतिक्रियाले ट्रम्पले नयाँ चेतावनी दिएका छन् । पेचिङ



**ट्रम्प भन्सार महसुलले विदेशी कम्पनीलाई वस्तुहरू विदेशमा उत्पादन गर्नुको साटो संयुक्त राज्य अमेरिकामा स्थानान्तरण गर्न बाध्य पारेर अमेरिकाको सुस्ताउँदो उत्पादन आधारलाई बलियो बनाउन चाहन्छन् । तर अधिकांश अर्थशास्त्रीहरूले उनको सिद्धान्तमाथि प्रश्न उठाएका छन् ।**

उक्त घोषणाबाट पछि नहटे थप शुल्क लगाउने उनले बताएका छन् । यसले चिनियाँ वस्तुमा कुल भन्सार शुल्क १०४ प्रतिशत पुग्नेछ ।

अमेरिकाले गरेको 'ब्ल्याकमेलिङ'को आलोचना गर्दै चीनले यसलाई कदापि स्वीकार नगर्ने बताएको छ । पेचिङको वाणिज्य मन्त्रालयका प्रवक्ताले मंगलवार भने, 'अमेरिकाले आफ्ना भन्सार शुल्क बढाउँछ भने चीनले आफ्नो अधिकार र हितको रक्षाका लागि दृढतापूर्वक जवाफी कदम चाल्नेछ ।' मन्त्रालयले वासिङ्टनसँग 'संवाद' चाहेको र 'व्यापार युद्धमा कुनै विजेता नहुने' बताएको छ ।

ट्रम्पको भन्सार महसुलले बजारमा अनपेक्षित प्रभाव पारेको छ । एशियाली वित्तीय संकटयताको सबैभन्दा खराब दिन हङकङको हेङसेङ सोमवार १३ दशमलव दुई प्रतिशतले खस्कियो । डाउजोन्स र एसएन्डपी पनि घटे । ट्रम्पले सोमवार भन्सार महसुल कार्यान्वयनमा आफू रोकिन नचाहेको बताएका छन् । उनले भन्सार महसुलका बारेमा चीनसँगका बैठक रद्द गरे । यद्यपि कुनै पनि देशसँग वार्ताका लागि अमेरिका तयार रहेको उल्लेख गरेका छन् ।

बजार अस्थिर बन्दै गर्दा ट्रम्पले अमेरिकीहरूलाई भने, 'कमजोर नबन्नुहोस्, मूर्ख नबन्नुहोस् ।' ट्रम्प भन्सार महसुलले विदेशी कम्पनीलाई वस्तुहरू विदेशमा उत्पादन गर्नुको साटो संयुक्त राज्य अमेरिकामा स्थानान्तरण गर्न बाध्य पारेर अमेरिकाको सुस्ताउँदो उत्पादन आधारलाई बलियो बनाउन चाहन्छन् ।

तर अधिकांश अर्थशास्त्रीहरूले उनको सिद्धान्तमाथि प्रश्न उठाएका छन् । उनीहरूले ट्रम्पका करहरू स्वेच्छाचारी भएको टिप्पणी गरेका छन् । जेपी मोर्गन चेजका प्रमुख कार्यकारी अधिकृत जेमी डिमोनले सम्भाव्य मुद्रास्फीतिको चेतावनी दिँदै भने, 'बढाइएका भन्सार महसुलले मन्दी ल्याउँछ/ल्याउँदैन भन्ने प्रश्न छँदै छ, तर अर्थतन्त्रका धेरै अवयवलाई सुस्त पार्छ ।' ट्रम्पका कट्टर समर्थक अमेरिकी सिनेटर टेड कुजले साधारण नागरिकमा पर्ने प्रभावबारे रिपब्लिकन सांसदहरूबीच चिन्ता व्यक्त गरे । *रासस/एएफपी*

# तिम्सिना कामु गभर्नर



काठमाडौं (अस) । नेपाल राष्ट्र बैंकका वरिष्ठ डेपुटी गभर्नर डा. नीलम ढुंगाना तिम्सिनालाई कायममुकायम गभर्नरको जिम्मेवारी दिइएको छ । नयाँ गभर्नर नियुक्तिको प्रक्रिया लम्बिँदा अर्थ मन्त्रालयले तिम्सिनालाई उक्त जिम्मेवारी दिएको हो ।

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा २७ बमोजिम उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले तिम्सिनालाई कामु गभर्नरको जिम्मेवारी दिने निर्णय गरेका हुन् ।

नयाँ गभर्नर नियुक्तिका लागि गठित सिफारिस समितिले नाम सिफारिस गर्न ढिलाइ गरिरहेकाले कामु गभर्नरको व्यवस्था गरिएको हो । उक्त समितिमा अर्थमन्त्री पौडेलको संयोजकत्वमा पूर्वगभर्नर विजयनाथ भट्टराई र अर्थविद् विश्व पौडेल सदस्य रहेका छन् ।

तत्कालीन गभर्नर महाप्रसाद अधिकारीको कार्यकाल सम्पन्न भएसँगै राष्ट्र बैंकमा नेतृत्व रिक्त थियो । अब नयाँ गभर्नर नियुक्ति नहुञ्जेलसम्म तिम्सिनाले राष्ट्र बैंकको नेतृत्व सम्हाल्नेछिन् ।

ढुंगाना दोस्रोपटक कामु गभर्नरको जिम्मेवारी पाउने डेपुटी गभर्नर हुन् । यसअघि महाप्रसाद अधिकारीलाई हटाउने प्रयोजनका लागि सरकारले छानबिन समिति गठन गर्दा स्वतः निलम्बनमा परेका थिए । त्यतिबेला कामु गभर्नरको रूपमा उनले केन्द्रीय बैंकको नेतृत्व सम्हालेकी थिइन् ।

२०५४ मङ्सिर २२ गते सहायक निर्देशकको रूपमा बैंक सेवामा प्रवेश गरेकी तिम्सिना २०६० सालमा उप-निर्देशक, २०६६ सालमा निर्देशक हुँदै २०७४ सालमा कार्यकारी निर्देशकमा पदोन्नति भएकी थिइन् । सो अवधिमा उनी बैंकको विराटनगर कार्यालय, पोखरा कार्यालय, विदेशी विनिमय व्यवस्थापन विभाग, बैंक सुपरिवेक्षण विभाग, आर्थिक अनुसन्धान विभाग, आन्तरिक लेखापरीक्षण विभाग र राष्ट्र ऋण व्यवस्थापन विभागमा विभिन्न जिम्मेवारीमा रहेकी थिइन् । उनले त्रिभुवन विश्वविद्यालय र अष्ट्रेलियास्थित वोलोनगङ विश्वविद्यालयबाट अर्थशास्त्रमा स्नातकोत्तर गरेकी छिन् । तिम्सिनाले मेवार विश्वविद्यालय, राजस्थान भारतबाट विद्यावारिधि गरेकी हुन् ।

# अन्नपूर्ण क्षेत्रमा आठ महीनामा एक लाख ४० हजार पर्यटक

कास्की । पदयात्राका लागि विश्वप्रसिद्ध अन्नपूर्ण संरक्षण क्षेत्रमा गत साउनदेखि फागनुसम्ममा एक लाख ३९ हजार ५७९ विदेशी पर्यटक भित्रिएका छन्, जुन अघिल्लो वर्षको सोही अवधिको तुलनामा ३० हजार १६९ ले बढी हो । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) प्रमुख डा. रविन कडरियाका अनुसार गत कात्तिकमा सबैभन्दा बढी ३३ हजार ३१० पर्यटकले उक्त क्षेत्रको भ्रमण गरेका थिए । माघमा सबैभन्दा कम ९ हजार ३४ पर्यटक भित्रिएका थिए ।

फागुनयता पर्यटक आवागमनमा वृद्धि भएको आयोजना प्रमुख कडरियाले बताए । चैत-वैशाख पदयात्राका लागि उत्तम मानिने हुँदा यो याममा पर्यटकको संख्या थप बढ्ने उनले बताए । गतवर्ष चैतमा वर्षकै सबैभन्दा धेरै ३५ हजार २६५ पर्यटकले अन्नपूर्ण क्षेत्र घुमफिर गरेका थिए । वर्षात् र जाडो याममा यस क्षेत्रमा आउने पदयात्रीको संख्या न्यून हुने गरेको छ । पदयात्राका लागि असोज-कात्तिक र चैत-वैशाखलाई उत्तम समय मानिने आयोजना प्रमुख कडरियाले बताए ।

पछिल्लो तीन वर्षको आँकडाअनुसार बर्सेनि उक्त क्षेत्रमा पर्यटकको आवागमन बढेको देखिन्छ । आव २०७९/८० मा एक लाख ७२ हजार १०८ पर्यटक 'एक्याप' भित्रिएकोमा आव २०८०/८१ मा दुई लाख २२ हजार १८० पर्यटकले उक्त क्षेत्रका भ्रमण गरेका थिए । आव सकिन चार महीना बाँकी रहेकाले चालू आवमा पनि पर्यटक संख्या गतवर्षको तुलनामा वृद्धि हुने अनुमान आयोजना कार्यालयको छ ।

'गतवर्षको तुलनामा चालू आवका हरेक महीनामा पर्यटक संख्या बढेको छ,' आयोजना प्रमुख कडरियाले भने, 'यस क्षेत्रको पर्यटन पुरानै लयतिर फर्किएको छ, सडकमार्गबाट



घुम्न र पदयात्रा गर्न आउने विदेशी पर्यटकको संख्या बढ्दो छ ।' मुक्तिनाथलगायत गन्तव्यमा जाने अधिकांश भारतीय पर्यटकले सडक मार्ग प्रयोग गरे पनि अन्य मुलुकका पर्यटकले पदयात्रा रुचाउने गरेका छन् ।

'एक्याप'ले अन्नपूर्ण चक्रीय पदमार्गमा घुमफिर गर्ने विदेशी पर्यटकको मात्र तथ्यांक राख्ने गरेको छ । सडक मार्ग भएर मुस्ताङ, मनाङलगायतका ठाउँ छिर्ने आन्तरिक पर्यटकको संख्या एकिन गर्न नसकिने आयोजना प्रमुख कडरियाले बताए । अन्नपूर्ण चक्रीय पदमार्ग विश्वभरका पर्यटकको रोजाइमा पर्दै आएको छ ।

अन्नपूर्ण चक्रीय पदमार्गमा अन्नपूर्ण आधार शिविर, कास्कीको मर्दी हिमाल, सिक्लेस, ल्वाङ, घान्द्रुक गाउँ, मनाङको तिलिचो ताल, थोरङ्ला भञ्ज्याङ, उपल्लो मुस्ताङ, मुक्तिनाथ क्षेत्र, म्याग्दीको घोडेपानी, पुनहिललगायत गन्तव्यस्थलमा बर्सेनि लाखौं आन्तरिक तथा बाह्य पर्यटक आउने गरेका छन् ।

हिमशृंखलासहितका आकर्षक गन्तव्यस्थल, पर्यटनमैत्री पूर्वाधार, हावापानी, स्थानीयवासीको आतिथ्यता र सेवासुविधाले अन्नपूर्ण चक्रीय पदमार्ग घुमफिरका लागि विश्वकै उत्कृष्ट गन्तव्यका रूपमा चिनिएको छ । कास्की, लमजुङ, मनाङ, म्याग्दीलगायत मार्गबाट अन्नपूर्ण क्षेत्रको छोटो, मध्यम र लामो दूरीको पदयात्रा गर्न सकिने 'एक्याप'ले जनाएको छ ।

सात हजार ६ सय वर्ग किलोमिटरमा फैलिएको अन्नपूर्ण संरक्षण क्षेत्रमा कास्की, लमजुङ, मनाङ, म्याग्दी र मुस्ताङका १६ स्थानीय तहका ८९ वडा समेटिएका छन् । *रासस*

## तथ्यांकोवाच

# संयुक्त राज्य अमेरिकामा ८३ अर्ब ७१ करोड अमेरिकी डलरको तयारी पोशाकको आयात

संयुक्त राज्य अमेरिकाले नयाँ भन्सार दरहरू लागू गरेपछि विश्वभर आर्थिक तरंग उत्पन्न भएका छन् । यसै क्रममा विभिन्न देश यस नयाँ वातावरणमा हुने लाभ र हानिका विषयमा चिन्तन गर्दै कस्ता रणनीति अंगीकार गर्ने भन्ने विषयमा अभ्यास गर्न थालेका छन् । यस परिवेशमा नेपालको चासोको विषय तयारी पोशाक क्षेत्रमा अमेरिकी आयात बजारका यहाँ प्रस्तुत तथ्यांकले यस क्षेत्रमा हाम्रा प्रतिस्पर्धी को को हुन् र हामीले यस विशाल अमेरिकी बजार प्राप्त गर्न के के रणनीति अंगीकार गर्नुपर्दछ भन्ने आधार प्रदान गरेको छ ।

**संयुक्त राज्य अमेरिकामा तयारी पोशाक आयात (मूल्य अर्ब अमेरिकी डलर)**

| प्रमुख नियातक देशहरू | २०२० | २०२१ | २०२२ | २०२३ | २०२४ |
|---|---|---|---|---|---|
| विश्व | ७१.१६६ | ८७.२८७ | १०५.३५३ | ८१.५९१ | ८३.७१० |
| चीन | १९.५४८ | २१.९८६ | २३.६४८ | १७.८०४ | १८.३९४ |
| भियतनाम | १३.१८२ | १५.०८६ | १८.८६६ | १४.४२४ | १५.३२६ |
| बंगलादेश | ५.२८४ | ७.२८८ | ९.८२६ | ७.२५४ | ७.४०४ |
| भारत | ३.२०२ | ४.४९१ | ६.००५ | ४.६७९ | ४.९३३ |
| इन्डोनेसिया | ३.६६८ | ४.३८५ | ५.९२१ | ४.३४४ | ४.४३३ |
| कम्बोडिया | ३.०५७ | ३.७१७ | ४.६३५ | ३.४७८ | ३.९९९ |
| मेक्सिको | २.४३९ | ३.००३ | ३.२९९ | २.९६४ | २.७८० |
| होन्डुरस | १.९९१ | २.८५९ | ३.४१२ | २.६०१ | २.४८३ |
| पाकिस्तान | १.५०३ | २.४११ | २.९७६ | २.१४१ | २.३२३ |
| इटाली | १.२१० | १.६४८ | २.१७१ | २.२६८ | २.१९४ |
| निकारागुआ | १.४३५ | २.०५३ | २.९२० | २.०१७ | २.००६ |
| जोर्डन | १.५६९ | १.७३२ | २.०३४ | १.७२५ | १.९४१ |
| श्रीलंका | १.५४२ | १.८५६ | २.२४२ | १.६८६ | १.७७८ |
| ग्वाटेमाला | १.२४४ | १.६९२ | १.९९९ | १.५४० | १.६३२ |
| एल साल्भाडोर | १.३४७ | १.८५३ | १.९८५ | १.६२७ | १.३७६ |
| इजिप्ट | ०.८१२ | १.१९५ | १.४९३ | १.१२६ | १.२४० |
| टर्की | ०.७८३ | ०.९६० | १.११९ | १.०२५ | ०.९५८ |
| थाइल्याण्ड | ०.८५२ | ०.८८५ | १.१२८ | ०.८४४ | ०.९२५ |
| पेरु | ०.५२४ | ०.७६९ | ०.९९४ | ०.७८० | ०.८२८ |
| डोमिनिकन रिपब्लिक | ०.४५४ | ०.५८० | ०.६८७ | ०.६७० | ०.६२५ |
| हाइटी | ०.७५५ | १.०२५ | ०.९९४ | ०.७७८ | ०.५८३ |
| केन्या | ०.३९५ | ०.४६६ | ०.५६५ | ०.४८८ | ०.५४९ |
| क्यानडा | ०.४१३ | ०.४९५ | ०.५६१ | ०.४९६ | ०.५०४ |
| फिलिपिन्स | ०.४८६ | ०.६३१ | ०.७८५ | ०.५२० | ०.४५२ |
| पोर्चुगल | ०.२३४ | ०.३५२ | ०.४१० | ०.४०४ | ०.३८८ |
| मेडागास्कर | ०.२०८ | ०.२९४ | ०.४२० | ०.३५४ | ०.३६६ |
| फ्रान्स | ०.१५४ | ०.१८८ | ०.२६६ | ०.२८८ | ०.३२० |
| मोरक्को | ०.११७ | ०.२१४ | ०.२५७ | ०.२७७ | ०.२७८ |
| म्यानमार | ०.३४६ | ०.३०९ | ०.३९६ | ०.२९३ | ०.२४५ |
| कोलम्बिया | ०.१९२ | ०.३१० | ०.३२३ | ०.२५७ | ०.२२० |
| मलेसिया | ०.२५७ | ०.२३८ | ०.२९८ | ०.१८६ | ०.१९८ |
| रोमानिया | ०.१४० | ०.१६१ | ०.१९४ | ०.१९८ | ०.१८८ |
| कोरिया, गणतन्त्र | ०.१५२ | ०.१८५ | ०.२३२ | ०.२०४ | ०.१७९ |
| इथियोपिया | ०.२२८ | ०.२६९ | ०.३५९ | ०.२२४ | ०.१६६ |
| लेसोथो | ०.२६५ | ०.३०४ | ०.२७५ | ०.१७३ | ०.१५६ |
| युनाइटेड किंगडम | ०.०९२ | ०.११३ | ०.१४० | ०.१३८ | ०.१३९ |
| ट्युनिसिया | ०.०५२ | ०.०७९ | ०.१२३ | ०.११७ | ०.०९६ |
| जापान | ०.०७३ | ०.०९२ | ०.१०९ | ०.०९५ | ०.०९४ |
| ताइपेई, चिनियाँ | ०.१४८ | ०.१६३ | ०.१८२ | ०.१०६ | ०.०९३ |
| तान्जानिया, संयुक्त गणतन्त्र | ०.०४० | ०.०३३ | ०.०७६ | ०.०८५ | ०.०८१ |
| बुल्गेरिया | ०.०५९ | ०.०६३ | ०.०८९ | ०.०८५ | ०.०७८ |
| हङकङ, चीन | ०.१२५ | ०.१२३ | ०.०८८ | ०.०७१ | ०.०७४ |
| पोल्याण्ड | ०.०३० | ०.०३५ | ०.०४६ | ०.०५१ | ०.०४६ |
| इजरायल | ०.०३७ | ०.०५३ | ०.०५२ | ०.०५१ | ०.०४५ |
| मकाउ, चीन | ०.०५९ | ०.०८२ | ०.०९१ | ०.०६५ | ०.०४३ |
| मौरिसस | ०.०९१ | ०.०७५ | ०.०७९ | ०.०५८ | ०.०४२ |
| घाना | ०.०१० | ०.०२१ | ०.०४१ | ०.०३९ | ०.०४० |
| स्पेन | ०.०३० | ०.०४१ | ०.०४१ | ०.०३६ | ०.०३४ |
| स्विट्जरल्याण्ड | ०.०१३ | ०.०१९ | ०.०३१ | ०.०२९ | ०.०३१ |
| जर्मनी | ०.०२८ | ०.०३५ | ०.०३८ | ०.०३१ | ०.०२८ |
| कोस्टारिका | ०.०२७ | ०.०२६ | ०.०३६ | ०.०३३ | ०.०२८ |
| लाओ जनवादी लोकतान्त्रिक गणतन्त्र | ०.००६ | ०.००८ | ०.०१४ | ०.०१२ | ०.०२२ |
| ब्राजिल | ०.०१६ | ०.०२३ | ०.०३० | ०.०२३ | ०.०२० |
| युक्रेन | ०.०१७ | ०.०२२ | ०.०२५ | ०.०१९ | ०.०१८ |
| मोल्डोभा, गणतन्त्र को | ०.०१३ | ०.०१४ | ०.०१५ | ०.०१६ | ०.०१७ |
| स्लोभाकिया | ०.००९ | ०.०१३ | ०.०१८ | ०.०१५ | ०.०१६ |
| अष्ट्रेलिया | ०.०११ | ०.०२० | ०.०२१ | ०.०१७ | ०.०१६ |
| लिथुआनिया | ०.०१३ | ०.०१५ | ०.०१८ | ०.०१६ | ०.०१४ |
| हंगेरी | ०.०१९ | ०.०१८ | ०.०१८ | ०.०१७ | ०.०१३ |
| संयुक्त अरब इमिरेट्स | ०.०१० | ०.०१५ | ०.०२१ | ०.०१४ | ०.०१३ |
| लेबनान | ०.००३ | ०.००५ | ०.००९ | ०.०१२ | ०.०१२ |
| नेपाल | ०.००७ | ०.००९ | ०.०११ | ०.०११ | ०.०१२ |

*स्रोत : आइटिसी ट्रेडम्याप*

न्यू बिजनेश एज लि.द्वारा प्रकाशित | प्रधान सम्पादक : मदन लम्साल | सम्पादकीय निर्देशक : केशव गौतम | कार्यकारी सम्पादक : पृथ्वीमान श्रेष्ठ | पाञ्चायनमार्ग, थापाथली, काठमाडौं | पो.ब.नं. १४१९७, फोन-०१-५३६७७१७ | इमेल : editorial@abhiyan.com.np | मुद्रक : समा पेपर्स एण्ड पब्लिकेसन लि., भैंसेपाटी, ललितपुर